# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

भीमनिधि तिवारी नेपाली साहित्यको आधुनिक कालका विशिष्ट प्रतिभा हुन् । उनको जन्म वि.सं. १९६८ साल फागुन मसान्तका दिन काठमाडौंको डिल्लीबजारमा भएको थियो । वि.सं. १९९१ सालको गोरखापत्रमा *कविता हराए* भन्ने समस्यापूर्ति कविता प्रकाशन गरी औपचारिक रूपमा नेपाली साहित्यमा आगमन गरेका तिवारी सोही वर्ष गोरखापत्रमा नै प्रकाशित *सूर्यघाट* कविताबाट नेपाली कविता क्षेत्रमा पूर्ण रूपमा चिनिएका हुन् । कविता, काव्य कथा, नाटक, एकाङ्की, निबन्ध र उपन्यास जस्ता साहित्यका विविध क्षेत्रमा महत्वपूर्ण योगदान दिएका तिवारी बहुआयामिक व्यक्तित्वका रूपमा समेत सुपरिचित छन् । तिवारीको हालसम्म एकमात्र उपन्यास *इन्साफ* (२०२७) प्रकाशित भएको छ । यस उपन्यासमा ग्रामीण किसानको सुख दु:ख, मध्यमवर्गीय समाजको झलक र उच्च राणाकालीन दरबारिया वर्गको यथार्थ चित्रण गरिएको छ । वि.सं. २००७ सालमा नेपालमा प्रजातन्त्रको स्थापना भएपछिको नेपाली समाजको अङ्कनमा यो उपन्यास केन्द्रित छ ।

भीमनिधि तिवारीको अध्ययन परम्परा, भीमनिधि तिवारीको उपन्यासकारिता, *इन्साफ* उपन्यासको विधातात्विक अध्ययन जस्ता शीर्षकमा शोधकार्य भएको भएता पनि भीमनिधि तिवारीको उपन्यासमा केन्द्रीत भई सामाजिकता विषयक शोधकार्य भएको छैन अथवा त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष प्रयोजनका लागि भीमनिधि तिवारीको उपन्यासमा सामाजिकता शीर्षकको प्रस्तुत शोध कार्य भएको छैन त्यसैले सो शीर्षकको प्रस्तुत शोध कार्य गरिएको छ । उपन्यासमा सामाजिकता निर्क्योलका लागि केही सूचकहरू निर्माण गरिएको छ । सामाजिकता अन्तर्गत उपन्यासमा समेटिएका पात्रको जातीय अवस्था, वर्गीय अवस्था, भाषिक अवस्था, लैङ्गिक अवस्था सांस्कृतिक अवस्था सामाजिक नियम, स्थिति जस्ता विभिन्न सामाजिक पक्षको विश्लेषण गरिएको छ ।

## १.२ समस्या कथन

यस शोध पत्रमा निम्नलिखित समस्याको प्राज्ञिक समाधान पहिल्याउने प्रयत्न गरिएको छ ।

क. *इन्साफ* उपन्यासमा के कस्ता सामाजिक पक्षको चित्रण पाइन्छ ?

## १.३ शोध कार्यको उद्देश्य

*भीमनिधि तिवारीको उपन्यासमा सामीजकता*को अध्ययन गर्ने यस शोध कार्यको मुख्य उद्देश्य निम्न प्रकारको रहेको छ ।

क. *इन्साफ* उपन्यासमा प्रयुक्त सामाजिक पक्षको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समिक्षा

भीमनिधि तिवारीको प्रकाशित *इन्साफ* उपन्यासमा सामाजिकताको कोणबाट शोधकार्य नभए पनि उनी र उनका उपन्यासमा केही अध्ययन एवम् अनुसन्धानात्मक कार्यहरू भएको पाइन्छ । यस उपन्यासका सम्बन्धमा भएका अनुसन्धानात्मक लेख तथा कार्यहरूको कालक्रमिक रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

घटराज भट्टराईले *भीमनिधि : व्यक्ति र कृति* (२०५०) नामक कृतिमा भीमनिधिको जीवन र व्यक्तित्वको विविध पाटाहरूको परिचय दिदै उनका कृतिहरूको संक्षिप्त चर्चा गर्नुका साथै *इन्साफ* उपन्यास नितान्त सामाजिक उपन्यास हो र यस उपन्यासमा वि.सं. २००६ साल देखि वि.सं. २०१५ साल सम्मको इतिहासको अध्ययन गर्न सकिन्छ भनेका छन् । तत्कालीन काठमाडौंको सेरोफेरोको सामाजिक यथार्थलाई देखाउन उपन्यासकारको प्रयास निकै सफल छ समेत भनेका छन् यद्यपि वृहत सामाजिक कोणबाट अध्ययन भने गरेका छैनन् ।

गोपालप्रसाद शर्मा अधिकारीले *भीमनिधि तिवारी र उनको कवित्वको विवेचना* (२०५६) नामक कृतिमा भीमनिधि तिवारीको विविध व्यक्तित्वको अध्ययन गर्ने क्रममा उपन्यासकार व्यक्तित्वको पनि चर्चा गरेका छन् । जसमा उनले वस्तुतः *इन्साफ* निम्न

मध्यमवर्गीय नेपाली समाजको र उच्चवर्गीय सामन्ती नेपाली समाजको इतिवृत्त हो भनेका छन् तापनि अन्य सामाजिक पक्षमा गहन विश्लेषण भने गरेका छैनन् ।

कृष्णचन्द्रसिंह प्रधानले *नेपाली उपन्यास र उपन्यासकार* (२०६१) कृतिमा औपन्यासिक संरचना प्रयोग विविधताको नवीन सन्दर्भमा पनि प्रचलित परम्परा पछ्याएर सुधारवादको आदर्श अनुकरण गरेर उपन्यास लेख्ने उपन्यासकार भीमनिधि तिवारी हुन् भनेका छन् अनि ज्याङठ्याङ नमिलेको सामाजिक अवस्थाको एक अवलोकन हुनुको साथै उचित सल्लाह र व्यवहार पाएमा अलिकता पनि विवेक हुने व्यक्ति सुध्रिन सक्छ भन्ने दृष्टान्त बाहेक कुनै सारगर्भित उच्चतर तथा समसामायिक जीवनको सामुहिक समस्या माथि *इन्साफ*ले विचार गरेको छैन भनेका छन् । यद्यपि सूक्ष्म रूपमा सामाजिक विश्लेषण भने गरेका छैनन् ।

राजेन्द्र सुवेदीले *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति* (२०६४) नामक कृतिमा सामाजिक यथार्थवादी अर्थात आदर्शोन्मुख यथार्थवादी परम्परा र नेपाली उपन्यास शीर्षक भित्र समेटेर *इन्साफ* उपन्यासको नाम उल्लेख गरेका छन् । यसमा *इन्साफ* उपन्यासको मूल प्रवृत्ति किटान भए पनि विस्तृत व्याख्या विवेचना भने हुन सकेको छैन ।

कृष्णहरि बराल र नेत्र एटमले *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (२०६६) नामक कृतिमा 'सामाजिक यथार्थवादी नेपाली' उपन्यास शीर्षकभित्र *इन्साफ* उपन्यासको नामोल्लेख गरेका छन् । सामाजिक यथार्थवादी नेपाली उपन्यासभित्र नाममात्र उल्लेख गरेकाले यहाँ उपन्यासको विस्तृत अध्ययन भने हुन सकेको छैन ।

विष्णुप्रसाद पौडेलले *भीमनिधि तिवारीको उपन्यासकारिता* (२०६८) नामक अप्रकाशित स्नातकोत्तर तहको शोध पत्रमा *इन्साफ* उपन्यासका पात्र, कथाको विश्लेषण गर्दै आदर्शोन्मुख सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा विश्लेषण गरेको भएता पनि उपन्यासको सामाजिक कोणबाट बृहत अध्ययन विश्लेषण भने गरेका छैनन् ।

खगेन्द्रप्रसाद लुइटेलले *नेपाली उपन्याद्धसको इतिहास* (२०६९) नामक कृतिमा राणाशासनको अन्त्य र प्रजातन्त्रको आगमनका बेलाको सामाजिक राजनीतिक सन्दर्भ चित्रित यस उपन्यासमा प्रजातन्त्र आएपनि शोषणको अन्त्य नभएको अवस्थाको चर्चा गरेका छन् । सामाजिक यथार्थमुलक विषयलाई आदर्शवादी रङ्गमा रङ्ग्याएर परम्परित

अन्धविश्वासको समेत चित्रण गरिएको यो एउटा त्रासद उपन्यास हो भन्नुका साथै भीमनिधि तिवारीलाई रुद्रराज पाण्डे प्रवर्तित सामाजिक आदर्शोन्मुख यथार्थवादी कित्ताका उपन्यासकार हुन् भनी उल्लेख गरेतापनि सामाजिक कोणबाट वृहत चर्चा परिचर्चा भने गरेका छैनन् ।

सम्झना अर्यालले *इन्साफ उपन्यासको विधातात्विक अध्ययन* (२०७१) नामक अप्रकाशित स्नातकोत्तर शोधपत्रमा उपन्यासमा सामाजिकताको पक्षलाई इङ्गित गरेकी छिन् । यद्यपि सामाजिकताको कोणबाट वृहत विश्लेषण भने गरेकी छैनन् ।

माथि प्रस्तुत गरिएको समीक्षकहरूले उपन्यासकार भीमनिधि तिवारीको औपन्यासिक कृतिको विभिन्न दृष्टिकोणबाट अध्ययन विश्लेषण गरेका छन् । उपर्युक्त पूर्वकार्यको अध्ययनबाट भीमनिधि तिवारीको उपन्यासमा सामाजिकतामा सामान्य अध्ययन भए पनि समग्र रूपमा सूक्ष्म र व्यापक अध्ययन भएको देखिँदैन । त्यही अभाव पूर्ति गर्ने ध्येयले यो शोधकार्य गरिएको छ ।

## १.५ अध्ययनको औचित्य

भीमनिधि तिवारीको *इन्साफ* उपन्यासमा अन्य पक्षबाट अध्ययन अनुसन्धान कार्यहरू भएतापनि उनको उपन्यासमा सामाजिकता विषयमा अध्ययन अनुसन्धान नभएकाले *भीमनिधि तिवारीको उपन्यासमा सामाजिकता*का बारेमा जान्न चाहने सम्पूर्ण पाठकहरूका लागि मार्गदर्शन गर्ने भएकाले प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.६ शोध कार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र *भीमनिधि तिवारीको उपन्यासमा सामाजिकता* शीर्षकमा केन्द्रित भएकाले भीमनिधि तिवारीको *इन्साफ* (२०२७) उपन्यासमा सामाजिक पक्षको आधारमा रहेर विश्लेषण गर्नु नै यस शोधकार्यको सीमा रहेको छ ।

## १.७ शोधविधि

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधलाई पूरा गर्नका लागि आवश्यक पर्ने सामग्रीमा उपन्यासकार भीमनिधि तिवारीले प्रकाशन गरेका *इन्साफ* उपन्यास नै यस शोधकार्यका लागि प्राथमिक सामग्री हुन् । त्यसैगरी सामाजिकताको सूचक र विश्लेषणका आधार प्रस्तुत गरिएका पुस्तक, पत्रपत्रिका, प्रकाशित लेखहरूका साथै तिवारीका उपन्यासका बारेमा गरिएका शोधकार्यहरू द्वितीय सामग्री छन् । यी प्राथमिक र द्वितीय सामग्रीका सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ ।

### १.७.२ विश्लेषणको आधार

उपन्यासमा सामाजिकता विश्लेषणको अवधारणा अन्तर्गत रहेका सामाजिकताका सूचकहरू जाति, वर्ग, भाषा, लिङ्ग, संस्कृति, सामाजिक नियम र स्थितिको आधारमा विश्लेषण गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित, वैज्ञानिक तथा प्रभावकारी बनाउन विभिन्न खण्डमा विभक्त गरेर तयार पारिएको छ । प्रस्तुत शोधपत्रको रूपरेखा निम्न प्रकारको रहेको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : भीमनिधि तिवारीको साहित्यिक चिनारी

तेस्रो परिच्छेद : औपन्यासिक सामाजिकता विश्लेषणको अवधारणात्मक पर्याधार

चौथौं परिच्छेद : भीमनिधि तिवारीको उपन्यासमा सामाजिकताको विश्लेषण

पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# भीमनिधि तिवारीको साहित्यिक चिनारी

## २.१ विषयप्रवेश

साहित्यको स्वरुप जीवन तथा समाजझैँ आर्थिक, सामाजिक तथा राजनैतिक परिवेशबाट निर्धारित हुन्छ । साहित्यिक कृतिमा साहित्यकारको जीवन भोगाइको अनुभूति, भावना, विचार र मान्यता व्यक्त भएका हुन्छन् । साहित्यकार बाँचेको देश, काल र परिस्थितिको प्रभाव उसका कृतिमा पर्छ । साहित्यकारका व्यक्तित्वको गहिराइ, उचाइ र व्यपकताका साथै उसका विचार, कल्पना आदि पनि कृतिमानै रहेका हुन्छन् । साहित्यिक कृति लेखकीय जीवन भन्दा नितान्त भिन्न हुन सक्दैन । त्यसैले लेखकका जीवनगत अध्ययनद्वारा लेखकको सिर्जनधर्मिता एवम् कृतिसँग सम्बन्धित कुराहरुको ज्ञान प्राप्त गर्न सकिन्छ । यस परिच्छेदमा भीमनिधि तिवारीको सङ्क्षिप्त परिचय र उनको साहित्यिक व्यक्तित्वको अध्ययन गरिएको छ ।

## २.२ भीमनिधि तिवारीको सङ्क्षिप्त परिचय

भीमनिधि तिवारी नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । भीमनिधि तिवारीको जन्म वि. सं १९६८ साल फागुन ३० गते मङ्गलबार विहान डिल्लीबजारमा भएको हो ( अधिकारी, २०५६ : १) । पिता लालनिधि र आमा नन्दकुमारीका जेठा छोराका रूपमा जन्मिएका तिवारी बाल्यावस्थादेखि नै गीत गाउने र सुन्ने निकै चाख रहेको बुझिन्छ । सात वर्षको उमेरमा व्रतबन्ध भएको केही महिनामै मातृवियोगको पीडा सहन बाध्य भएकोले उनको हेरचाह, पालन-पोषण र स्याहारसुसार गर्ने अभिभारा वैधव्य जीवन बिताइरहेकी उनकी मुमा (जेठी आमा) ले लिएकी थिइन् (पौड्याल, २०६८ : ७) । भीमनिधिकी आमाको मृत्यु भएको पैतालिस दिनभित्रै उनका बुबा लालनिधिले दोस्रो विवाह गरे । केही वर्षपछि उनको पनि मृत्यु भयो र लालनिधिले तेस्रो विवाह पनि गरे जसको परिणाम सौतेनी आमाको कटुव्यवहार टुहुरो बालक भीमनिधिमा खपिनसक्नु भएर पर्न गयो (अधिकारी, २०५६ : २) । यसरी सानै उमेरमा दुईओटा सौतेनी आमाको कटुव्यवहार झेल्नु परेकाले यिनको बाल्यकाल निकै दुःख एवम् कष्टपूर्ण भएको प्रष्ट हुन्छ ।

पाँच वर्षको उमेरमा अक्षरारम्भ गरेका भीमनिधि तिवारीले आफ्ना बाबु लालनिधिबाट घरमा नै संस्कृत शिक्षा र व्रतबन्धपछि गुणनिधि पौडेलसँग रुद्राष्टाध्यायी पढेको पाइन्छ । पटक-पटकको परीक्षा पछि वि. सं. १९९२ सालमा वनारसबाट प्रवेशिका उत्तीर्ण गरेका तिवारीले औपचारिक रूपमा आई. ए. सम्मको अध्ययन गरेको पाइन्छ ।

बहुमुखी प्रतिभाका धनी भीमनिधि तिवारीको पहिलो विवाह वि. सं. १९८६ मा पोषण पाण्डेकी दिदी चित्रकला पाण्डेसँग भएको र दोस्रो विवाह वि. सं. १९९७ सालमा भुवनेश्वरी पाठकसँग भएको पाइन्छ । आफ्नो इच्छा विपरीत बुबाको भनाइलाई नकार्न नसकेर गरिएको पहिलो विवाहले पतिपत्नीबीच तथा सौतेनी सासु र बुहारी बीचको मतभेदका कारण जेठी श्रीमती आजीवन मैतालु बस्न बाध्य भइन् । जेठी श्रीमतीबाट मृत सन्तान जन्मेको र कान्छीबाट क्रमशः बेञ्जु, मञ्जु, निरञ्जन, निकुञ्ज र अञ्जु गरी पाँच सन्तान पैदा भए पनि अञ्जुको करिव डेढ वर्षको उमेरमा मृत्यु भयो (पौड्याल, २०६८ : ८) । पहिलो पत्नीबाट असन्तुष्ट यिनको पारिवारिक जीवन दोस्रो विवाहपछि चारओटा छोराछोरी र एक पत्नीका साथ सुमधुर किसिमले बितेको देखिन्छ । भीमनिधि तिवारीको जन्म मध्यमवर्गीय परिवारमा भएकाले उनको पारिवारिक आर्थिक अवस्था त्यति सम्पन्न देखिदैन । वि. सं. १९९२ सालमा बुबाको मृत्युपछि घरको सम्पूर्ण व्यवहार चलाउन बाध्य भएका यिनलाई आर्थिक विपन्नताले साह्रै सताएको पाइन्छ । आर्थिक अवस्था सुधार गरिदिन बाबुका अन्नदातासँग भेट्न पटना गए पनि उनलाई कुनै लाभ भएन । आर्थिक अवस्था सुधार्ने उद्देश्यले उनले विं सं १९९६ सालदेखि महिनाको सैतीस रुपियाँ पचास पैसा तलब खाने भएर घरेलु उद्योगमा काम गर्न थाले र पछि भाषानुवाद परिषद् हुँदै चौतीस वर्षको लामो जागिरे जीवनमा काम गर्दै गर्दा श्री ५ को सरकारको उपसचिवको पद सम्हालेका थिए । बुबाको मृत्युपछिको सङ्कट सहँदै आफ्नै पौरखमा उभिएर पारिवारिक आर्थिक अवस्थालाई सुदृढीकरण गर्दै लगेको देखिन्छ (अधिकारी, २०५६ : १५-१६) । तिवारीलाई बुबा हुँदासम्म के खाँऊ, के लाऊँको समस्या नपरेको तर बुबाको निधनपछि दुःख पीडा सहँदै अगाडि बढेको देखिन्छ । आठ वर्षको उमेरबाट कविता लेखन प्रारम्भ गरेका तिवारीले लक्ष्मीदत्त पन्तबाट प्रेरित भएर गजल लेख्न थालेको देखिन्छ (शर्मा, २०६६ : ८) । सानै उमेरमा साहित्य लेखनतर्फ अग्रसर तिवारीले नेपाली साहित्यका कथा, कविता, उपन्यास, गजल, निबन्ध जस्ता विधामा कलम चलाएका छन् । सरल र गम्भीर स्वभावका तिवारीले नेपाल, भारत, पाकिस्तान, बेलायत लगायत अनेकौं मुलुकको भ्रमण गरेको

पाइन्छ । सरकारी कर्मचारीको रूपमा जीवनको अधिकांश समय व्यतित गरेका तिवारी साझा प्रकाशन सञ्चालन समितिको सदस्य समेत बनेका देखिन्छन् । नेपाली साहित्यमा पुऱ्याएको योगदानको कदर गर्दै उनलाई मदन पुरस्कार २०१७, गोरखा दक्षिण बाहु, त्रिशक्ति पट्ट, शुभराज्यभिषेक पदक, जनपद सेवा पदक जस्ता थुप्रै मानसम्मान र पदक प्रदान गरिएको  छ ।

यसरी जीवनमा अनेक आरोह-अवरोह र सङ्घर्ष झेल्दै अन्तिम समयसम्म आफ्नो कार्यमा निरन्तर लागिरहने भीमनिधि तिवारीको दुःखद् निधन वि. सं. २०३० साल जेठ २९ गते अपरान्ह १:१० बजे ६२ वर्षको उमेरमा एग्रानुलोसाइटिस भन्ने रगतसम्बन्धी कडा रोगले व्यथित भई वीर अस्पतालमा भएको हो (अधिकारी, २०५६ : १९) । **सूर्यघाट**बाट कविता लेखनको क्षेत्रमा उदाउने भीमनिधि **आर्यघाट**बाट अस्ताए । उनी आज यस भूमिमा नभए पनि उनले देखाएको बाटो र दिएका सिर्जनाले उनी हामी बीच सदा स्मरणीय रहिरहने छन् ।

## २.३ भीमनिधि तिवारीको साहित्यिक व्यक्तित्व

बहुमुखी प्रतिभाका रूपमा परिचित भीमनिधि तिवारीको साहित्यिक लेखनको यात्रा औपचारिक रूपमा वि. सं. १९९१ सालमा गोरखापत्रमा *कविता हराए* भन्ने समस्यापूर्ति कविता प्रकाशन गरेबाट प्रारम्भ भएको पाइन्छ । नेपाली साहित्यका कविता, नाटक, कथा, उपन्यास जस्ता विधामा कलम चलाउने भीमनिधिका महत्त्वपूर्ण रचनाहरू पुस्तकाकार कृतिका रूपमा प्रकाशित भएका छन् । तिवारीले समालोचनाका क्षेत्रमा भने कलम चलाएको पाइदैन । उनको स्रष्टा व्यक्तित्वभित्र रहेका छुट्टाछुट्टै साहित्यिक लेखनको अध्ययन गर्न सकिन्छ ।

### २.३.१ कथाकार व्यक्तित्व

भीमनिधि तिवारीको कथाकार व्यक्तित्वको बीजारोपण र विकास पनि नेपाली भाषानुवाद परिषद्बाट भएको पाइन्छ । तिवारीको नेपाली सामाजिक कहानी *जेठो* (२००६), *माहिंलो* (२००८), *साहिंलो* (२००९), *काहिंलो* (२०१०), *ठाहिंलो* (२०१०), *राहिंलो* (२०१५), *अन्तरे* (२०१५), *जन्तरे* (२०१७), *खन्तरे* (२०१९), *मन्तरे* (२०२५) गरी जम्मा १० भागमा

कथाहरू प्रकाशित छन् । नेपाली जनजीवनका अनेक पक्षलाई आफ्ना कथामा उद्घाटित गर्ने यथार्थवादी कथाकार भएका हुनाले उनका कथा नेपाली समाजका ऐना भएका छन् (पौड्याल २०६८ : १४) । राणाकालीन नेपाली समाजको चित्रण गर्दै सातसाल पूर्व र सातसालपछिको सामाजिक स्थितिको यथार्थ अवलोकन गरी सामाजिक, आर्थिक र राजनैतिक दृष्टिले पिसिएका नेपालीहरूको आकार आफ्ना कथामा उभ्याएका छन् (शर्मा, २०६६ : ९-१०) । भीमनिधि तिवारीको कथामा आफूले जीवनमा देखेका, भोगेका र अनुभव गरेका सामाजिक जीवनको यथार्थ चित्रण पाइन्छ ।

### २.३.२ कवि व्यक्तित्व

वि. सं. १९९१ जेठ २६ गते प्रकाशित प्रथम कविता *कविता हराए* समस्यापूर्तिबाट काव्य यात्रा प्रारम्भ गर्ने तिवारी वि. सं. १९९१ भाद्र ८ गते गोरखापत्रको शुक्रवार अङ्कमा प्रकाशित *सूर्यघाट* कविताबाट नेपाली कविता क्षेत्रमा पूर्ण रूपमा चिनिन पुग्छन् (अधिकारी, २०५६ : २७) । यसरी कविता विधाबाट नै आफ्नो साहित्यिक यात्राको प्रारम्भ गरेको पाइन्छ । कवि भीमनिधि नेपालीका अत्यन्त चोखा र मौलिक कवि हुन् (त्रिपाठी, २०३२ : २४१) । कविताको फुटकर देखि मझौला रूपसम्म कलम चलाएका तिवारीको काव्य साहित्यतर्फको प्रथम सङ्ग्रह *बयासी र बीस गजल - मेरी* (१९९४) हो । आफ्नो बाबुको शोक मनाएको उल्लेख गर्दै १९९४ मै तिवारीको प्रथम खण्डकाव्य *तर्पण* प्रकाशित भएको छ । उनको दोस्रो कविता सङ्ग्रह *कविता नन्द* (२००७) हो । उनका खण्डकाव्यहरूमा *वरशिक्षा* (२०१०), *यशस्वी शव* (२०१२) रहेका छन् जसमा *यशस्वी शव* खण्डकाव्यमा श्री ५ त्रिभुवनको स्तुति गाइएको छ त वरशिक्षामा २१ औं शदीका पथभ्रष्ट वरलाई उचित नैतिक शिक्षा दिने काम गरेका छन् । २०१७ मा प्रकाशित *विस्फोट* कविता सङ्ग्रहमा सामाजिक विकृति र विसङ्गतिमाथि व्यङ्ग्य प्रहार गर्नुका साथै क्रान्तिकारी विद्रोही स्वर सुसेलेका छन् । २०२० मा प्रकाशित *कविता कुञ्ज* कविता सङ्ग्रहमा सामाजिक विषयवस्तुको स्वरसन्धानतर्फ अगाडि बढेको देखिन्छ । त्यस्तै २०२५ सालमा प्रकाशित अर्को कविता सङ्ग्रह *सिंहदरवार* हो । तिवारीलाई हास्यव्यङ्ग्यका क्षेत्रमा स्थापित गराउने कविता सङ्ग्रह *तितौरा-मस्यौरा* (२०२६) हो । २०२७ सालमा प्रकाशित *बत्तीस पुतली* मुक्तक सङ्ग्रहमा थोरै शब्दमा धेरै कुरा मार्मिकताका साथ प्रस्तुत गर्न कवि सफल भएका छन् । तिवारीको अन्तिम कविता सङ्ग्रह *तिवारीका अप्रकाशित कविता* (२०४३) हो । यसरी तिवारीले आफ्ना

कविताहरूमा समाजमा रहेका विभिन्न घटनाहरूलाई यथार्थ रूपमा चित्रण गरी पाठकसामु प्रस्तुत गर्ने गर्दछन् ।

### २.३.३ नाटककार व्यक्तित्व

भीमनिधिले साहित्यका प्रायः सबै विधामा कलम चलाए पनि उनी मूलतः नाटककारकै रूपमा देखा पर्दछन् । तिवारीलाई चर्चित बनाउने महत्त्वपूर्ण विधा पनि नाटक नै हो । मूलतः तिवारी वि. सं. १९९५ सालमा *सहनशीला सुशीला* नामक नाटकका माध्यमबाट नेपाली नाट्य जगतमा देखा परेका हुन् । उनका अन्य प्रकाशित नाटकहरूमा *सहनशीला सुशीला* (१९९५), *काशीवास* (१९९८), *पुतली* (१९९९), *किसान* (२००३), *नैनिकाराम* (२००४), *आदर्शजीवन* (२००८), *विवाह* (२०१०), *नोकर* (२०१४) गरी आठवटा सामाजिक नाटक अनि *शिलान्यास* (२०२३), *चौतारा लक्ष्मीनारायण* (२०२४), *सिद्धार्थ गौतम* (२०२५), *माटोको माया* (२०२७), *महाराज भूपतीन्द्र* (२०२८), *आत्महत्या* (२०३३) गरी छ वटा ऐतिहासिक नाटक र *सत्य हरिश्चन्द्र* (२०१३) एकमात्र पौराणिक नाटक प्रकाशित भएका छन् । संख्यात्मक हिसाबले तिवारीका जम्मा १५ वटा नाटक भए तापनि गुणात्मक हिसाबले यि नाटकहरू उच्च कोटीका रहेको देखिन्छन् । साहित्य नै समाजको यथार्थ स्वरूप अध्ययनका लागि सक्षम आधार हो । अझ दृश्यकाव्य (नाटक) त पाठक र दर्शक समुदायलाई राम्रै प्रभाव पार्ने माध्यम हो (भट्टराई, २०५० : ४९) । सरल र सहज शैलीमा नाटक लेख्ने तिवारीका नाटकमा शोषण, अन्याय, अत्याचार गर्नेहरूको पराजय र नैतिक आदर्शले परिपूर्ण भएका सीधासाधाहरूको विजय देखाइएको हुन्छ । यिनका नाटकहरू पढ्दा कुनै वौद्धिक कसरत गर्नु पर्दैन र सामान्य ग्रामीण जनजीवनमा हुर्केका जनसमुदायहरूले पनि सहजै बुझ्ने खालका रहेका छन् ।

### २.३.४ उपन्यासकार व्यक्तित्व

साहित्यको विविध विधाहरूमा जस्तै कविता, नाटक र कथा क्षेत्रमा लामो दीर्घ साधना गरिसकेपछि मात्र उपन्यासको क्षेत्रमा देखा परेका हुन् । तिवारीलाई उपन्यासकारको रूपमा चिनाउने एकमात्र उपन्यास *इन्साफ* हो । वि. सं. २०१४ सालमा लेखेर २०२७ सालमा प्रकाशित भएको उपन्यास हो । *इन्साफ* पूरै सामाजिक उपन्यास हो (भट्टराई, २०५०: १०८) । यस उपन्यासमा निम्नमध्यमवर्गीय नेपाली ग्रामीण समाज र उच्च-वर्गीय

सामन्ती नेपाली समाजको इतिवृत्त प्रस्तुत गरिएको छ । उपन्यासमा न्याय र सत्यका पक्षधर मात्र उभ्याएका तिवारीले कतै तार्किकताको परिचय दिएका छन् भने कतै उखान-टुक्काको प्रयोग गरी उपन्यासलाई गहकिलो बनाएका छन् । यसरी तार्किकताले भरिपूर्ण भएको तिवारीको पहिलो र अन्तिम उपन्यास *इन्साफ* नै हो ।

### २.३.५ गजलकार व्यक्तित्व

आफ्ना बुबाले मालिकलाई खुसी पार्न लेखेका गजल हेरेर त्यही अनुरूप आफूले पनि गजल लेख्ने भीमनिधि तिवारीले आफ्नै बुबाबाट र केही मात्रामा लक्ष्मीदत्त पन्तको गजलबाट प्रभावित र प्रेरित भई प्रथमतः गजलमा नै कलम चलाएको पाइन्छ (अधिकारी, २०५६ : २५) । तिवारीको सर्वप्रथम नयाँ गजल धेरै रसिक जनको नाममा १९९१ मा गोरखपुरबाट उन्नाइस गजलको सङ्ग्रह प्रकाशित भएको हो (अधिकारी, २०५६ : २६) । यसपछि मेरी बयासी गजल प्रकाशित भए पनि दोस्रो संस्करणमा बीस गजल थपेर *बयासी र बीस गजल मेरी* नामक गजल सङ्ग्रह वि. सं. १९९४ मा प्रकाशित भएको गजल सङ्ग्रह हो । तिवारीका गजलहरूमा पति-पत्नी, तन्नेरी-तरुनी, प्रेमी-प्रेमिका बीचमा आपसी गन्थन, मर्म, व्यथा र बेदना व्यक्त भएका छन् । गजलमा शृङ्गार र करुण रसको सफल प्रयोग भए पनि शृङ्गार रस नै बढी मार्मिक बनेर आएको छ ।

### २.३.६ भजनकार व्यक्तित्व

वि.सं. २०१० सालमा *बयासी भजन सङ्ग्रह* प्रकाशित गरी भीमनिधि तिवारी भजनकारका रूपमा समेत देखा परेका छन् । यी भजनमा तिवारीले धनी, गरिब, मूर्ख, पण्डित, विधवा, आदि हुनुमा ईश्वरको हात रहेको छ भन्दै भाग्यवादलाई जोड दिएका छन् । यसरी नैतिक मर्यादालाई सर्वोपरि महत्व दिँदै संसारका सबै गतिविधि ईश्वरीय निर्देशनद्वारा निर्देशित छन् भन्ने भाव आफ्ना भजनहरूमा अभिव्यक्त गरेको पाइन्छ ।

### २.३.७ एकाङ्कीकार व्यक्तित्व

अन्य साहित्यिक व्यक्तित्व जस्तै तिवारीको एकाङ्कीकार व्यक्तित्व पनि वि. सं. २००८ सालमा प्रकाशित *पाँच ऐतिहासिक एकाङ्की* सङ्ग्रहबाट भएको हो । यिनको यो एकाङ्की ऐतिहासिक घटनामा आधारित भएर नै लेखिएको छ । तिवारीको अन्य एकाङ्की

सङ्ग्रहहरूमा *एकाङ्की पल्लव* (२०११), *एकाङ्की कली* (२०२१) र *इन्द्रधनुष* (२०२७) रहेका छन् । तिवारीको एकाङ्कीमा एकातर्फ जातिय सङ्कीर्णताको विरोध, गरिबप्रति सहानुभूति, सामाजिक यथार्थता, नैतिक सुधार र समन्वयवादी दृष्टिकोण पाइन्छ (अधिकारी, २०५६ : ३५) । तिवारीका एकाङ्कीमा पात्र अनुसारको भाषाशैली, भेषभूषा, आदिको सुन्दर रूपमा चित्रण गरिएको छ भने उनले सानो र ठूलो, धनी र गरिब, उच र नीचमा भेदभाव नगरी एकाङ्कीहरू लेखिएको पाइन्छ ।

### २.३.८ प्रबन्धकार व्यक्तित्व

साहित्यको विविध विधामा कलम चलाउने तिवारीले प्रबन्ध विधामा पनि कलम चलाएका छन् । आफ्ना प्रबन्धहरूमा आत्मापरक र वस्तुपरक दुवै किसिमका निबन्ध लेखेका तिवारीले वि. सं. २००४ सालमा *पन्ध्र-प्रबन्ध* नामक प्रबन्ध सङ्ग्रह प्रकाशित भएको छ । भीमनिधिका प्रत्येक प्रबन्धभित्र एउटा न एउटा सन्देश हुन्छ, निष्कर्ष हुन्छ, जो विवेचना तर्क अनुभव र उदाहरणका आधारमा चित्तबुभ्दो गरी घतिलो रूपमा प्रकट गरिन्छ (भट्टराई, २०५० : ७९) । नैतिकता र औपदेशिकता युक्त उनका प्रबन्धहरूले पाठकलाई रुचि जगाउने, पट्यार नलाग्ने, सहज बोध्य र हृदयस्पर्शी छन् । त्यसैले तिवारीको प्रबन्ध लेखन पनि उर्वर बनेको छ ।

## २.४ सम्मान र पुरस्कार

भीमनिधि तिवारीलाई नेपाली साहित्यमा पुऱ्याएको योगदानको कदर गर्दै विभिन्न सम्मान तथा पुरस्कार प्रदान गरिएको देखिन्छ । भीमनिधि तिवारी आफ्नो जीवनमा प्रथम पटक २००९ सालमा 'गोरखा दक्षिण बाहु' पदक पाएर सम्मानित भए । यसपछि २०१३ सालमा श्री ५ महेन्द्रको शुभराज्यभिषेकमा 'राज्यभिषेक' पदक पाएर सुशोभित भए । त्यस्तै २०२२ सालमा श्री ५ महेन्द्रबाट 'त्रिशक्तिपट्ट' पदक र केही वर्षपछि 'प्रख्यात त्रिशक्ति पट्ट' पदकबाट सम्मानित गरेको पाइन्छ । २०२४ सालमा निदरल्यान्डकी महारानी जुलियानाबाट 'अफिसर अफ द अर्डर अफ अरेन्ज नासो' पदकबाट पनि विभूषित भए । अनवरत रूपमा पन्ध्र वर्षसम्म सरकारी कर्मचारीको जीवनयापन गरेवावत 'जानपद सेवा' पदक र 'जानपद दीर्घसेवा पट्ट' पदकले विभूषित भए (अधिकारी, २०५६ : १६) । यसका साथसाथै उनको मरणोपरान्त 'रन्तश्री स्वर्ण पदक' ले पनि विभूषित गरेको बुझिन्छ । त्यसैगरी *यशस्वी शव*

खण्डकाव्यका लागि २०१३ सालमा एक हजार नगद पुरस्कार प्राप्त गरेको पाइन्छ भने २०१७ सालमा *विस्फोट* कविता सङ्ग्रहका लागि मदन पुरस्कार शिलान्यास नाटकका लागि एक हजार नगद पुरस्कार प्राप्त गरे भने ऐतिहासिक नाटक *माटोको माया*का लागि बाह्रसय नगद पुरस्कार प्राप्त गरेका छन् । नेपाली साहित्यमा महत्त्वपूर्ण स्थान ओगट्न सफल भीमनिधि तिवारीले यिनै उपयुक्त पुरस्कारबाट पुरस्कृत र सम्मानित भएका छन् ।

## २.५ निष्कर्ष

कथा, कविता, नाटक, उपन्यास, प्रबन्ध, एकाङ्की, आदि जस्ता विविध विधामा छरिएर पनि सरलता र सरसता अँगाल्दै नेपाली इतिहास र जनजीवनकै सुख-दुःख केलाउने कर्तव्यनिष्ठ व्यक्तित्वको रूपमा भीमनिधि तिवारीलाई चिन्न सकिन्छ । बाल्यावस्थामै मातृवियोग खेपेका तिवारीले सानै उमेरदेखि साहित्यमा रुचि राखेको देखिन्छ । वि. सं. १९९१ सालको गोरखापत्रमा *कविता हराए* भन्ने समस्यापूर्ति कविता प्रकाशन गरी साहित्य लेखन यात्रा सुरु गरेका र नेपाली साहित्यको समालोचना र महाकाव्य बाहेक अरु सबै जसो विधामा कलम चलाई नेपाली साहित्यको भण्डार भरेका तिवारी नेपाली साहित्याका बहुमुखी प्रतिभा हुन् । तिवारीका प्रारम्भिक चरणका गजलमा प्रेमी मनका कथा-व्यथा र छटपटीहरूलाई समेटे पनि अन्तिम समय ईश्वरीय साधनामा लागेको पाइन्छ । तर उनलाई बहुचर्चित बनाउने सबैभन्दा महत्त्वपूर्ण विधा भने नाटक नै हो ।

नेपाली साहित्यका थुप्रै नक्षत्रमध्ये आफ्नै विशिष्ट स्थान वा पहिचान बनाउन सफल रहेका तिवारीका रचनामा सामाजिक, आर्थिक, प्रशासनिक, राजनैतिक विकृति, विसङ्गति, अन्याय, अत्याचारका साथै शोषित, उत्पीडित जनताका आवाज, महिलाहरूले भोग्नुपरेको अन्याय, अत्याचार, पीडा, असन्तुष्टि आक्रोश आदि पाइन्छ । जीवनको लामो समयसम्म साहित्य साधनमा पुऱ्याएको योगदानको कदर गर्दै उनलाई विभिन्न सम्मान तथा पुरस्कार प्रदान गरेको पाइन्छ । निरन्तर रूपले साहित्य साधना गर्ने तिवारी आज हामी समक्ष नरहे पनि उनले साहित्यिक क्षेत्रमा पुऱ्याएको योगदान अविस्मरणीय छ ।

# तेस्रो परिच्छेद

# औपन्यासिक सामाजिकता विश्लेषणको अवधारणात्मक पर्याधार

## ३.१ विषय परिचय

समयको गतिसँगै समाज र व्यक्तिका घटनाहरू प्रतिबिम्बित गर्ने क्रममा साहित्यको सशक्त र नवीन विधाको रूपमा उपन्यासको विकास भएको हो । पाश्चात्य साहित्यमा प्रचलित नोवेल (Novel) को पर्यायका रूपमा नेपाली साहित्यमा उपन्यास शब्दको प्रयोग भएको हो । 'नोबेल' शब्द इटालेली भाषाको नोवेला (Novella) बाट बनेको हो जसको अर्थ अलिकति नयाँ वस्तु भन्ने हुन्छ । 'उपन्यास' शब्द 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग तथा घञ् (अ) प्रत्यय लागेर निर्माण भएको हो । 'उप' भनेको नजिक र 'न्यास' भनेको राख्नु हो । तसर्थ कुनै वस्तुलाई कसैको नजिक राख्नु नै उपन्यासको अर्थ हुन आउँछ ।

विधागत रूपमा चौधौं शताब्दीमा आधुनिक उपन्यासको विकास पश्चिमा साहित्य विशेष गरेर इटालीमा भएको पाइन्छ भने आधुनिक सन्दर्भमा उपन्यास भनेर चिनिने कृतिको नाममा डेनियल डेफोको रविन्सन क्रुसोको नाम लिइन्छ (बराल, २०६३:५) । आधुनिक सन्दर्भमा पहिलो र पूर्ण उपन्यासको रूपमा भने जापानी आख्यानकार मुरासाकी सिकिबु लिखित गेन्जी मोनोगतारी अर्थात् गेन्जीको कथालाई लिइन्छ (बराल, २०६३:५) । पूर्वीय साहित्यको क्षेत्रमा झण्डै तेइस सय वर्ष अघि नै सबभन्दा पहिले आचार्य भरतमुनिले नाट्यशास्त्रमा 'उपन्यास' शब्दको उल्लेख गरेको पाइन्छ । संस्कृत साहित्यमा उपन्यासः प्रसादनम्-प्रसन्न गर्ने तथा उपपत्तिकृतो हयर्थ उपन्यास : प्रकीर्तित : कुशलतापूर्वक कुनै अर्थ प्रस्तुत गर्ने भनी उपन्यासको व्याख्या दिइएको छ (प्रधान २०६१:१३) ।

व्यक्ति व्यक्ति मिलेर समाज बन्छ । 'समाज' भन्नाले मानव समुदाय भन्ने बुझिन्छ । 'समाज' शब्दको अर्थ एकै स्थानमा बसोवास गर्ने मानिसहरूको समूह अर्थात् सज्जनहरू भेला भई बस्ने ठाउँ विशेषलाई बुझाउँदछ । 'समाज' शब्दमा 'इक' प्रत्यय जोडिएर 'सामाजिक' विशेषण शब्द बन्छ जसको अर्थ हुन्छ : समाजसँग सम्बन्धित । समाजको 'सामाजिक' शब्दमा 'ता' प्रत्यय जोडिएर 'सामाजिकता' भाववाचक नाम शब्द बनेको हो ।

'सामाजिक' शब्द 'समाज'सँग सम्बन्धित छ । समाजमा हुने गतिविधि र क्रियाकलाप नै सामाजिक कुरा हुन् । मानव सामाजिक प्राणी भएकाले एक्लै बसेर उसको आफ्ना आवश्यकताको पूर्ति गर्न सक्दैन । त्यसैले ऊ समाजमा समाजको एक सदस्यको रूपमा बस्दछ । समाजमा बसेपछि उसले समाजका अन्य सदस्यहरूसँग सम्बन्ध स्थापित गर्छ । सम्बन्ध स्थापित गर्नको लागि उसले व्यक्तिसँग अन्तरक्रिया गर्छ । यसरी हुने अन्तरक्रियाको परिणाम स्वरूप विभिन्न सम्बन्धहरू स्थापित हुन पुग्दछन् । यही सम्बन्धको जटिल जालोलाई नै समाज भनिन्छ । ट्याल्कट पार्सन्सका अनुसार "समाज मान्छे र उसका साथीहरूसँगको सम्बन्धहरको जटिल समग्रता हो (अधिकारी र खत्री, २०६० : ४५) ।

समाजमा एक अर्कामा हुने सहयोग र संघर्षले मानव गतिशील रूपमा अगाडि बढेको हुन्छ । साहित्यमा पनि व्यक्ति तथा मानवद्वारा सम्पन्न क्रियाको प्रतिबिम्वन गरिने भएको हुनाले कुनै समय वा समाजको चित्रण कृति भित्र पाइन्छ । कृति भित्र पात्रले प्रतिबिम्बित गरेका सामाजिक सूचकहरूको खोजीको अवधारणात्मक पर्याधार यस परिच्छेदमा गरिएको छ । कुनै पनि औपन्यासिक कृतिमा अन्तर्निहित पात्र विश्लेषणका सामाजिक सूचकलाई के कसरी खोजी र तिनको विश्लेषण गर्न सकिन्छ भन्ने औपन्यासिक सामाजिकता विश्लेषण र शोधप्रश्नसँग सम्बन्धित समस्याको समाधान गर्ने प्रयत्न यस अध्ययनमा गरिएको छ ।

### ३.१.१ समाज र साहित्यको सम्बन्ध

समाज भनेको मानिसहरूको समूहबाट निर्माण भएको एउटा सङ्गठित स्वरूप हो । सामान्य सङ्कट समाधानका लागि मात्र नभई एक अर्कामा पारस्परिक सहयोग आदनप्रदान र सम्पर्कको अनिवार्य आवश्यकताले पनि मान्छे व्यक्तिबाट परिवार र परिवारबाट समाजमा बदल्दै आएको अनुमान हुन्छ । यसरी मानिस विविध समस्यासँग जुध्ने क्रममा एक आपसमा निकट भयो । अस्तित्त्व रक्षा, सुरक्षा र सहयोगको भावनाले नजिकिएको मान्छेले पछि परिवार समाज हुँदै राष्ट्र सम्मको स्थायी संरचनाको निर्माण गर्‍यो । समाजमा बसेपछि आवश्यकता पूर्तिका लागि सम्बन्धहरूको निर्माण र अन्तरक्रिया गर्‍यो । "प्रारम्भमा मान्छे सिकारी अवस्थामा रही वैयक्तिक रूपले यायवरीय वृत्ति अँगाल्दै जीविकोपार्जन गर्दथ्यो । त्यसबेला पनि ऊ पशुपंक्षी भैँ समूहगान र नृत्यमा संलग्न रहन्थ्यो भन्ने कुराको समेत अनुमान हुन्छ । त्यस किसिमका क्रियाकलापले मानिसलाई एकताबद्ध गर्दै एउटा सङ्गठित

समूह निर्माण गरेको र त्यसै सङ्गठित समूहबाट समाजको निर्माण भएको कुरा सर्वमान्य बनेको छ" (पौड्याल, २०७१ : ६) ।

कालक्रममा विकसित हुँदै आएका साहित्यका विविध विधाहरूले पनि त्यही समाज र मानव क्रियाहरूको अनुकरण रागात्मक तथा सिर्जनात्मक रूपमा गर्दै आयो । मानिस समाजबाट अलग रही बस्न नसक्ने प्राणी भएकोले उसले समूह बनाउँदै एउटा मानिसहरूको सङ्गठित स्वरूप निर्माण गरेको देखिन्छ । समूह समूहबाट समाजको निर्माण हुन्छ, त्यस किसिमले निर्माण भएको मानिसहरूको सङ्गठित समूह नै आजको समाज हो । साहित्य समाजको गहना भएकोले जसरी एउटा नवविवाहिता दुलहीलाई सुशोभित पार्दछ, त्यसरी नै साहित्यले समाजको सौन्दर्य बढाइदिन्छ । समाज र राष्ट्रलाई आभूषित बनाउन साहित्यको ठूलो भूमिका हुन्छ । वास्तवमा साहित्य समाजदेखि पृथक रहन सक्दैन र सामाजिक जीवन, सभ्यता, संस्कृति, इत्यादिको प्रभाव साहित्यमा नपरिरहन सक्दैन । लेखकले पाठकको निमित्त केवल आनन्ददायक सामग्रीमात्र प्रदान गर्दैन । समाजलाई उसले त्यस्तो रचना पनि प्रदान गर्दछ जसले जाति र देशको कल्याण गर्छ, एक कालखण्डको इतिहास बताउँछ र वर्तमानको चित्रण पनि गर्दछ । समाजभित्रका प्रत्येक रोदन, आवाज, क्रन्दन, हाँसो, आदि साहित्यका माध्यमद्वारा प्रतिध्वनित रूपमा समाजमा नै फिर्ता आउँछ । साहित्यकारले समाजको जे जति यथार्थता र आदर्शता निल्दछ त्यसैलाई साहित्यको माध्यमबाट अभिव्यक्त गर्दछ जसको क्रिया प्रतिक्रिया समाजले अनुभव गर्दछ ।

मानिस सामाजिक प्राणी भएकाले समाजको जन्जालमा रहेर ऊ बाँचेको हुन्छ । त्यही समाजबाट नै कुनै पनि स्रष्टा वा सर्जकको उदय भएको हुन्छ । उसले साहित्यमा समाजका विभिन्न पक्षहरू सामाजिक सङ्गठनका प्रचलित व्यवस्थाहरू अर्थात् वर्ग, संरचना, आर्थिक व्यवस्था, राजनैतिक र अन्य संस्थाहरूका साथै प्रमुख विचार, भाव, संवेग, आकांक्षाहरूलाई पात्रहरूको कार्य व्यापार तथा संवादबाट प्रेषण गर्दछ र समाज र साहित्यलाई कृति मार्फत जोडेको हुन्छ भने उसले सिर्जना गरेको कृति असल वा खराब भनि छुट्याउने काम मानव समूहको हो । त्यो साहित्यिक कृतिको मूल्याङ्कन मानव समूहले गर्ने भएकाले स्रष्टा जहिले पनि मानव समाजको भावना अनुकूल नै रहन्छ ।

स्रष्टा समाजबाट अलग भई कुनै पनि किसिमको सिर्जना गर्न नसक्ने भएकोले ऊ आफू बाँचेको सामाजिक धरातलमा उभिएर भाषिक कला मार्फत कृतिको सिर्जना गरिरहेको

हुन्छ । त्यस्तै लेखकको विचार तथा यथार्थ चित्रणबाट समाजले पनि ज्ञान, सूचना तथा मनोरञ्जन प्राप्त गरी परिवर्तनको दिशातिर अगाडि बढिरहन्छ । यसरी समाज र साहित्य बीच निकटको सम्बन्ध रहेको हुन्छ ।

## ३.२ कृति विश्लेषणमा सामाजिकता वा समाजशास्त्रीय चिन्तन

साहित्य समाजसँग जोडिएको हुँदा सामाजिक कोणबाट साहित्यिक, रचयिता, साहित्यिक कृति र कृतिगत उपभोग उपयोग र त्यसको प्रभावबारे अध्ययन गरी साहित्यका सामाजिक कारकहरूका साथै साहित्यिक कृतिमा प्रतिविम्बित सामाजिक सम्बन्धहरूको विश्लेषण विवेचना गर्नु र साहित्यिक कृतिले पार्ने सामाजिक प्रभावको मूल्याङ्कन गर्नु प्रभावकारी हुन्छ । समालोचनाको समाजशास्त्रीय सम्प्रदायले यही सामाजिक सन्दर्भमा कलाकृतिको अध्ययन गर्न चाहन्छ अनि कलाकृतिबाट उपलब्ध हुने सामाजिक सन्दर्भमा प्रतिच्छविको विवेचना गर्न खोज्छ र सामाजिक समुन्नतिमा कलाका प्रभावले विवेचना गर्ने ध्येय पनि यसले राखेको हुन्छ (त्रिपाठी,२०६५ : १४४) ।

प्रसिद्ध समालोचक इडमन्ड विल्सनले इसाको अठारौ शताब्दीमा गियाम्बाटिस्टा विकोले होमरका कृतिको अध्ययनका आधारमा ग्रीक समाजको विवेचना गरेदेखि नै पाश्चात्य समालोचनामा सामाजिक दृष्टिकोण थालिएको बताएका छन् । त्यसपछि हेर्डरले उन्नाइसौं शताब्दीमा प्राचीन ग्रीक नाटकहरू र पुनर्जागरणकालीन बेलायती नाटककार शेक्सपियरका सामाजिक जातीय पर्यावरणमा रहेका भिन्नताबाट उब्जेको नाट्यभिन्नता औंल्याउँदै साहित्यकार आफ्नो जाति र युगको चैतन्यबाट प्रभावित आत्मचैतन्यको अभिव्यञ्जक हो भन्ने धारणा प्रतिपादित गरेका छन् । यसबाट पश्चिममा समाजपरक समालोचनाको सूत्रपात भएको हो (त्रिपाठी, २०६५ : १४४) । सैद्धान्तिक प्रस्फुटन भने उन्नाइसौं शताब्दीका फ्रान्सेली समालोचक हिप्पोलाइट टेनले *हिस्टोरी अफ इङ्ग्लिस लिट्रेचर* नामक पुस्तकमा जाति, पर्यावरण र क्षण भन्ने प्रसिद्ध सिद्धान्तको प्रतिपादन गरे पछि भएको हो (शर्मा र लुइँटेल, २०६७ : १२७) । यसपछि कार्लमाक्सको वर्ग द्वन्द्वको अवधारणाले समाजपरक समालोचनामा मुख्य स्थान पाउन सफल भयो । उत्पादनको दृष्टिकोणबाट साहित्यको विधाहरूको परिचय र वर्गीय कोणबाट समाज र कृतिको विश्लेषण गर्ने यस अवधारणाले मार्क्सवादी सिद्धान्तको रूप नै लियो ।

अगस्त कोम्तेको समाजशास्त्रीय चिन्तनको आधारलाई बीच रूप लिँदै अगाडि बढेको साहित्यको समाजशास्त्रले केही कुरा मार्क्सवादबाट, केही कुरा फ्रायडवादबाट र केही कुरा संरचनावादबाट लिएर नयाँ किसिमको समाजशास्त्रको विकास गर्ने प्रयास गरेको पाइन्छ । साहित्यको समाजशास्त्र मूलतः प्रत्यक्षवादी विधेयवादी धारा र मीमांसावादी धारामा विभाजित भएको छ । साहित्यको समाजशास्त्रको वर्तमान सन्दर्भमा एस्कार्पीले विधेयवादको प्रतिनिधित्व गर्दछन् भने रेमन्ड विलियम्स, एडमन्ड विल्सन, लियो लावेन्थल, जेने उल्फ तथा गोल्डम्यान प्रवृतिले मीमांसावादी समाजशास्त्रको प्रतिनिधित्व गर्दछ (बराल, २०६३ : ६५-६६) ।

## ३.३ समाजशास्त्रका आधारभूत धारणा

समाजशास्त्र शब्द विकासका दृष्टिले हेर्दा अंग्रेजी भाषाको सोसियोलोजी (Sociology) जुन ल्याटिन भाषाको सोसिअस् (Socius) र ग्रीक भाषाको लोगस (Logus) बाट बनेको देखिन्छ । जसको पूरा अर्थ साइन्स (Science) वा स्टडी (Study) भन्ने बुझिन्छ । यसैले समाजको अध्ययन गर्ने विज्ञानका रूपमा समाजशास्त्रलाई शाब्दिक अर्थ दिन खोजेको स्पष्ट हुन्छ । यसबाट के पनि अर्थ लगाउन सकिन्छ भने 'समाज' भन्ने अवधारणा व्यापक छ । यही व्यापकताको अध्ययन नै समाजशास्त्रको विषयवस्तु हुन पुग्दछ । समाजशास्त्रलाई परिभाषित गर्ने क्रममा इमाइल दुर्खिम भन्छन् "समाजशास्त्र व्यवस्थित वितरण र व्याख्या हो जहाँ समाजलाई सम्पूर्णता मानिएको हुन्छ" (आचार्य, २०६० : ४६) । त्यस्तै म्याक्स वेवर भन्छन् "समाजशास्त्र विज्ञान हो जसले सामाजिक क्रियाको अर्थपूर्णबोध गर्ने गराउने बारे प्रयत्न गर्दछ" (आचार्य, २०६० : ४७) ।

समाजशास्त्रले सामाजिक व्यवहार, घटना क्रियाकलाप र अन्तरसम्बन्धको अध्ययन सामाजिक विज्ञानका रूपमा वैज्ञानिक पद्धति अपनाई व्यवस्थित रूपमा गर्ने गर्दछ । यसरी समाज र सम्बन्धहरूको अध्ययन गर्ने समाजशास्त्रका केही आधारभूत धारणाहरू रहेको हुन्छ । समाजशास्त्री रेशराज अधिकारी र बालकृष्ण खत्रीले समाजशास्त्रका आधारभूत धारणाहरूमा समाज, संस्कृति, समुदाय, संस्था, सामाजिक समूह, सामाजिक नियम, सामाजिक मूल्य, समितिलाई उल्लेख गरेका छन् (अधिकारी र खत्री, २०६० : ४४-७३) ।

समाजशास्त्रले मानवीय सम्बन्धहरूको जालोको रूपमा रहेको समाजको अध्ययन गर्दछ । समाजविना समाजशास्त्र अगाडि बढ्न सक्दैन । समाजको एउटा सदस्यको रूपमा बसेर मानिसले समाजबाट जे जति गुण सिक्दछ, सिकिएको सम्पूर्ण गुण, योग्यता तथा कुशलताहरूको समग्रता नै संस्कृति हो । समाजशास्त्रले यही संस्कृतिको पनि अध्ययन गर्दछ । त्यस्तै निश्चित भौगोलिक क्षेत्रमा एक अर्कामा आश्रित भएर जीवन बिताउने सामाजिक समुहलाई समुदायको रूपमा समाजशास्त्रले अध्ययन गर्दछ । सामाजिक आवश्यकता पूरा गर्न बनेका औपचारिक साँस्कृतिक रचनाहरू नै सामाजिक संस्था हुन् । यस्ता संस्थाहरूमा विवाह आदि लगायतका पर्दछन् । समाजशास्त्रले समाजको अध्ययन गर्ने क्रममा यस्ता संस्थाहरूलाई आधारभूत रूपमा राखेर अध्ययन गर्दछ र कुनै निश्चित उद्देश्य पूर्ति गर्नका लागि सो भन्दा बढी व्यक्तिहरू आपसमा अर्थपूर्ण ढङ्गले अन्तरक्रिया गर्दै सामाजिक सम्बन्ध स्थापित गर्छन् । त्यस्ता समूहलाई सामाजिक समूह भनिन्छ । जसले समाजमा मूल्य मान्यतालाई प्रभाव पारेको हुन्छ । समाजशास्त्रले यस्ता समूहलाई आधारभूत रूपमा नै अध्ययन गर्दछ । मानिसले बाँच्ने क्रममा सिकेका आचरण र व्यवहारलाई मूल्य मान्यताको रूप दिन्छ । त्यही मूल्य मान्यता र संस्कृतिको जगेर्ना गर्न समाजले सामाजिक नियमको निर्माण गरेको हुन्छ जुन समाजको र समाजशास्त्रको आधारभूत पक्ष हो । कालक्रममा परिवर्तन भैरहने व्यक्ति वा समूहको व्यवहारका ढाँचा तथा प्रतिमानको मापदण्डलाई नै सामाजिक मूल्य भनिन्छ । कुनै उद्देश्य प्राप्तिमा उपलब्धि हासिल गर्न मानिसले मूर्तरूपमा निर्माण गरेको कार्य नै समिति हो ।

समाजमा आधारभूत रूपमा समाज, संस्कृति, समुदाय, संस्था, सामाजिक समूह, सामाजिक नियम, सामाजिक मूल्य, समिति रहेका हुन्छन् र तिनीहरूको अध्ययन नै समाजशास्त्रको आधारभूत धारणा हो ।

## ३.४ सामाजिक स्तरीकरण

सुरुवातमा मानिसहरूमा श्रेणीगत भिन्नता थिएन । आवश्यकता र आवश्यकता पूर्तिका साधन समान थियो । मानिसको जीवनचर्या र जीवनस्तर समान थियो । समाज

विकासको क्रम अगाडि बढ्दै गएर दासप्रथा, कृषिप्रथा, पुँजीवादी व्यवस्थाहरू विकसित हुँदै गएपछि मानिसको आवश्यकता चाहना र आवश्यकता पूर्तिका स्रोत साधनमाथिको स्वामित्व समेतका कुराहरूले भिन्नताको सिर्जना गर्दै लग्यो । यसबाट असमानताको सिर्जना हुँदै गयो । जब समाजमा व्यक्तिगत सम्पत्ति राख्ने प्रचलन बढ्यो तबदेखि समाजमा असमानता र स्तरीकरणका रूपहरू विकसित हुँदै आए । समाज विकासकै क्रममा विभिन्न धार्मिक समूह तथा उपसमूहहरू विकास भए । विभिन्न प्रजातीय विभिन्नताहरू बढ्दै आए । विभिन्न सामाजिक आर्थिक तथा राजनीतिक प्रणालीहरू व्यवस्थाहरू तथा तिनका वैकल्पिक मान्यताहरू पनि विकसित हुँदै आए । यसैले वर्तमान समाज हरेक दृष्टिकोणबाट जटिल असमानता र स्तरीयकरण विभिन्न स्वरूपमा पनि बृद्धि भएको छ ।

समाजशास्त्री गिन्सवर्ग समाजलाई स्थायी रूपमा एक भन्दा बढी समूहमा विभाजित गरी उचता नीचताका आधारमा समूहहरूको बीचमा सम्बन्ध कायम गर्नु नै सामाजिक स्तरीकरण हो (आचार्य, २०६० : २२२) भन्छन् । सामाजिक अन्तरक्रिया स्वरूप विकास भएका धर्म, संस्कृति, अर्थ व्यवस्था, राजनीतिक, सामाजिक मान्यता आदिले समाजमा विभिन्नता, असमानता तथा विभिन्न तत्वहरू सिर्जना गरेको हुन्छ । यसरी सामाजिक स्तरीकरणका तत्व वा पक्षहरूमा बलराम आचार्य क) सामाजिक  पक्ष, ख) आर्थिक पक्ष, ग) राजनैतिक पक्ष, घ) वैचारिक पक्ष गरी चार तत्वका उल्लेख गर्दछन् (आचार्य, २०६० : २२९) । त्यस्तै गरी रेशराज अधिकारी र बालकृष्ण खत्री समाजलाई स्तरीकरण गर्ने तत्वका रूपमा क) जाति, ख) वर्ग, ग) जनजातियता, घ) जेन्डर, ङ) भूमिका, च) हैसियत गरी छ तत्वको उल्लेख गर्दछन् (अधिकारी र खत्री, २०६० : ८५-१०४) । यसरी विविध तत्वको आधारमा समाजमा भएको सामाजिक स्तरीकरणका बारेमा थाहा पाउन सकिन्छ ।

## ३.५ कृति विश्लेषणको सामाजिक सूचक

कुनै पनि उपन्यासमा पात्रहरूले बिम्बित गरेको सामाजिकता पहिल्याउनका लागि तथा सामाजिकताको विश्लेषण गर्नका निमित्त सामाजिकता केही सूचकहरूको निर्धारण गर्नुपर्ने हुन्छ । यी सूचकहरूको आधारमा पात्रको विश्लेषण गरिने भएकाले यस अध्यायमा सूचकहरूको निर्धारण गरिएको छ । अध्ययनका क्रममा सामाजिकताका सूचकहरू मध्ये अध्ययताले आफ्नो आवश्यकता अनुसार सूचकको उल्लेख गरेको पाइन्छ । रविन पौड्यालले केशवराज पिँडालीको उपन्यासमा सामाजिकता नामक शोधपत्रमा सामाजिकता सूचकका

रूपमा वर्गीय अवस्था, शैक्षिक अवस्था, स्थानीयतालाई उल्लेख गरेका छन् (पौड्याल, २०७१ : ८-१९) । सामाजिक सूचकका रूपमा संस्कृति, सामाजिक नियम, भाषा, सामाजिक मूल्य, जाति, वर्ग, जनजातियता, जेन्डर, भूमिका, हैसियत, आदि तत्वलाई उल्लेख गर्न सकिन्छ । यस अध्यायमा औपन्यासिक सामाजिकता विश्लेषण गर्न जाति, वर्ग, लिङ्ग, संस्कृति, भाषा सामाजिक नियम, हैसियत/स्थिति जस्ता सूचकको सैद्धान्तिक परिचय यस प्रकार प्रस्तुत गरिएको छ ।

### ३.५.१ जाति

समाजलाई स्तरीकृत गर्ने विभिन्न तत्त्वमध्ये जाति पनि हो । जाति त्यो समूह हो जुन वंशानुगत गुणमा आधारित हुन्छ । जुन जात वा वंशमा व्यक्ति जन्मन्छ मृत्युपर्यन्त त्यही जातमानै रहन्छ र यही जातिको आधारमा नै समाज स्तरिकृत हुन पुग्दछ (अधिकारी र खत्री, २०६० : ८७) । सामाजिक स्तरीकरण दृष्टिले जातिद्वारा समाज अनेक जन्मजात एकाइहरूमा विभाजित हुन्छ जसमा प्रत्येक व्यक्तिको स्थान र कार्य जन्मजात रूपमा निर्धारित हुन्छ (भण्डारी, २०५८:१२२) । समाजमा मानिस जुन जातिमा जन्मन्छ ऊ सदैव सोही जातिको सदस्य मानिन्छ । यसरी एउटा जातमा जन्म लिएको व्यक्तिले अर्को जातको सदस्यता लिन सक्दैन । स्थान, पद, व्यवसाय, शिक्षा, धन आदिमा परिवर्तन भयो भने पनि जातीय सदस्यतामा परिवर्तन हुँदैन । अतः जाति एउटा जन्मजात तथा वंशानुगत समूह हो जसले सामाजिक स्तरीकरणका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

जात वा प्रजातीय आधारमानै सामाजिक प्रतिष्ठा, अवसर तथा स्रोतहरूमाथि नियन्त्रण हुने गरेको देखिन्छ । जातिय व्यवस्था खास गरी हिन्दु समाजमा पाइन्छ । वैदिक कालदेखि नै जाति व्यवस्था प्रचलनमा आएको पाइन्छ । हिन्दु समाजमा जाति व्यवस्था सोपानको क्रममा रहेको छ । तहगत व्यवस्था भएकोले यसमा उचनीचताको भावना पनि कायमै छ । बन्द व्यवस्थाको रूपमा रहेको जाति व्यवस्थामा सदस्यता जन्मजात नै प्राप्त हुन्छ । यसले समाजको खण्डात्मक विभाजन गर्दै शुद्ध अशुद्धको भावनालाई अङ्गालेको छ । यसै जातिकै आधारमा संस्कारजन्य भिन्नता तथा सार्वजनिक, धार्मिक अधिकारमा विभेद र गाह्रयताको सिर्जना गरेको छ ।

नेपालको सन्दर्भमा परम्परादेखि खासगरी वर्तमान समाजलाई नियाल्दा बाहुन, क्षेत्री, वैश्य र शुद्र गरी चार तहका जातिहरू समाजमा रही आएका छन् र प्रत्येकका आ-आफ्ना पेसा, खानपान र संस्कार अनि संस्कृति छन् । यी जातहरूमध्ये बाहुन, क्षेत्री उपल्ला जातिका मानिन्छन् । यिनीहरूले गर्ने काम पनि पढ्ने पढाउने र देशको रक्षा गर्ने हो भनिन्छ भने वैश्य व्यापार र शुद्रहरू तल्लो स्तरका सबै श्रममूलक काममा जीविका चलाउनु पर्ने परम्परा छ । यद्यपि वर्तमानमा यस मान्यतामा परिवर्तन आएको पाइन्छ । परम्परित समाजको परिप्रेक्ष्यमा वर्तमान समाजमा केही परिवर्तन आए पनि खानपान तथा विवाहवारी र सामाजिक सम्बन्धका सवालमा उच्चता र नीचताको भावना कायमै छ जुन ठूलो सामाजिक विभेद हो । समाजमा जातीय स्तरीकरण कायमै छ । यसैका आधारमा सामाजिक कार्य हुने गरेका छन् । समाज विकासको क्रममा विभिन्न उत्पादनका सङ्गठनहरू तथा विभिन्न जाति वर्गहरूको उदय भएको छ । यस प्रक्रियाको ग्रामीण समाजमा परिवर्तन ल्याएको पाइन्छ (आचार्य, २०५७:२७३) ।

समाजको यस्ता व्यवस्थालाई साहित्यिक कृतिभित्र पात्रहरूले क्रिया व्यापार, सोचाई र संवादबाट समेत व्यक्त गरिरहेका हुन्छन् । त्यसैले जातिगत आधारमा पात्रको क्रियाकलाप र सोचाइको अध्ययन गरेमा समाजमा विभक्त सामाजिकताको अध्ययन गर्न सकिन्छ ।

### ३.५.२ वर्ग

संसारका सबै समाजमा वर्ग व्यवस्था भएको पाइन्छ । सामाजिक वर्ग भनेको समाजको त्यो भाग हो जसको सामाजिक तथा आर्थिक स्थिति समान हुन्छ र अन्य वर्गको भन्दा फरक हुन्छ भने त्यसलाई एक वर्ग भनिन्छ । वर्ग विभाजनको प्रमुख आधार हैसियत हो (पौड्याल, २०७१ : ८) । सामाजिक वर्ग समान धन, इज्जत र शक्ति भएका व्यक्तिहरूको एक तह हो । यो आर्जित हैसियतको रूपमा परिवर्तनशील हुन्छ । आफ्नो वर्गसँग निकटको सम्बन्ध राख्ने समान हैसियत भएकाहरूमा वर्ग चेतना पनि रहेको हुन्छ । कार्लमाक्सले समाजलाई आर्थिक र उत्पादनको स्वामित्वको आधारमा गरी खाने वर्ग र बसी खाने वर्ग भनेर विभाजन गरेका छन् । समाजमा प्रत्येक व्यक्तिको स्थिति एवं प्रतिष्ठा एकै समान हुँदैन । कोही उच्च पदमा हुन्छन् भने कोही निम्न पदमा । कसैको स्थिति माथिल्लो हुन्छ भने कसैको तल्लो ।

समाजको उपल्लो वर्ग बढी पुँजी स्रोतमाथि नियन्त्रण भएका र राष्ट्रिय राजनीतिसँग धेरथोर सम्बन्ध भएका हुन्छन् भने तल्लो वर्ग शारीरिक श्रमलाई आधार बनाएर बाँचेका हुन्छन् । अर्को मध्यम वर्गमा पेशागत समूहहरू जस्तो वकिल, डाक्टर, प्राध्यापक, शिक्षक, मध्यम खालका कर्मचारी पर्दछन् । प्रत्येक सामाजिक वर्गको समाजमा आफ्नो स्थिति हुन्छ जसकाअनुसार समाजमा उसको प्रतिष्ठा हुन्छ । यसरी वर्ग प्रतिष्ठाद्वारा प्रत्येक वर्गका व्यक्तिहरूलाई समाजमा केही सुविधाहरू प्राप्त हुन्छन् । सामाजिक प्रतिष्ठाको अन्तरद्वारा भिन्न-भिन्न वर्गहरूमा वर्ग चेतनाको निर्माण हुन्छ (भण्डारी, २०५८:११८) ।

आजको बढ्दो जटिल समाजमा वर्ग दिन-प्रतिदिन वृद्धि हुँदै गइरहेको छ जसले गर्दा एक वर्गले अर्को वर्गलाई घृणा गर्ने वा दबाउने प्रयास भइरहेको छ । यी विभिन्न वर्गहरूमा समन्वय एवं सन्तुलन नहुनाले फलतः समाजमा वर्ग सङ्घर्षको स्थिति देखा पर्दछ । जस्तै : धनी वर्गले गरिब वर्गलाई नीचताको भावनाले हेर्ने गर्दछन् । हरेक वर्ग आफ्नो अस्तित्व कायम राख्नको लागि अर्को वर्गसँग सङ्घर्ष गर्दछ । मार्क्सले वर्ग सङ्घर्षबाटै समाजको विकास भएको बताएका छन् । उनले पुँजीवादी व्यवस्थामा पुँजीपति वर्गलाई वाद मानेका छन् । यस वर्गको विरोध गर्ने सर्वहारा वर्गलाई प्रतिवादका रूपमा लिइएको छ । यी दुवै बीच सङ्घर्ष भई परिणाममा पुँजीवादी नष्ट हुनु र समाजवादी समाजको स्थापना हुनु संवाद हो । यो संवाद नै एउटा परिवर्तन वा विकासको चरण हो । समाज यसरी नै एउटा व्यवस्थाबाट अर्को व्यवस्थामा विकसित र परिवर्तित हुँदै जान्छ (शर्मा र लुइटेल, २०५७:१४८) ।

वर्गलाई आर्थिक आधारमा हेर्ने गरिएको छ अथवा आर्थिक हैसियतको दृष्टिकोणबाट विभक्त सामाजिक समूह नै वर्ग हो भन्न सकिन्छ । जो व्यक्तिसँग समाजमा बढी सम्पत्ति छ, जसको आम्दानीको स्रोत राम्रो भई आर्थिक हैसियतले सम्पन्न छ भने त्यो व्यक्ति समाजमा प्रतिष्ठित र उच्च वर्गको हुन्छ । जो व्यक्तिको आम्दानी स्रोत राम्रो छैन र ऊसँग धन-सम्पत्ति पनि छैन अनि आर्थिक हैसियतले कमजोर छ भने यसलाई उच्च वर्गले निम्न दृष्टिले हेर्दछ वा ऊ निम्न वर्गको सदस्य हुन्छ । यसरी आर्थिक भिन्नताको कारणले पनि समाजमा वर्ग विभाजन भएको पाउन सकिन्छ ।

साहित्य समाजको प्रतिबिम्ब भएकोले साहित्यकारले ऊ बाँचेको समाजको चित्र उतारेको हुन्छ । त्यस समाजमा सदस्यहरूको जीवनशैली, स्तर पद्धतिको पनि साहित्यमा

कृति मार्फत प्रतिबिम्बित गरेको हुन्छ । समाजमा हुने गरेका वर्गीय असमानतालाई पात्रको कार्य व्यापारबाट प्रस्तुत गरेको हुन्छ । अझ पात्रकै विचारबाट पनि समतामूलक समाज निर्माणको प्रेरणा प्राप्त पनि हुन्छ ।

### ३.५.३ भाषा

भाषा मानवीय सञ्चारको माध्यम हो । साहित्यिक अभिव्यक्तिको माध्यम पनि भाषा नै हो । भाषाको सम्बन्ध मानव मन र समाजसँग हुन्छ । भाषालाई मानवीय एवं सामाजिक वस्तु मान्नुको कारण पनि यही हो । मानव संस्कृति र सभ्यताको सम्बाहकका रूपमा मात्र होइन व्यक्ति-व्यक्तिलाई सामाजीकरण गर्न र तिनका निम्ति सम्प्रेषणको विश्वसनीय माध्यमका रूपमा समेत भाषाको महत्त्वपूर्ण भूमिका हुन्छ (पौडेल, २०६४ : २) । आजको समाज भाषा निरपेक्ष भएर बाँच्न सक्तैन । समाजको उन्नती प्रगतिका निमित्त मात्र भाषा आवश्यक हुने होइन, समाजलाई बचाउन पनि भाषा नै चाहिन्छ । भाषा सामाजिक आवश्यकता हो ।  भाषा र समाजका बीच अन्योन्याश्रित सम्बन्ध हुन्छ । भाषाले समाजको र समाजले भाषाको परिचय दिन्छन्, त्यसैले ती दुवैले परस्परको अस्तित्व जगेर्ना गर्नुपर्छ (ढकाल, २०६४ : ३२) । सामाजिक संरचनामा परिवर्तन आउने बित्तिकै भाषामा पनि त्यसको प्रभाव पर्छ र भाषामा परिवर्तन आउनु भनेको सामाजिक साँस्कृतिक संरचनामा परिवर्तन हुनु हो ।

मान्छे सामाजिक प्राणी हो । ऊ सृष्टिको सबभन्दा चेतनशील प्राणी हो । चेतनाले उसलाई पशुको तहबाट माथि उचालेको छ । ऊसँग समृद्ध भाषा छ । त्यसैले ऊ आफ्ना अनन्त आवश्यकताको आपूर्ति विचार विनिमय गरेर गर्न सक्छ (ढकाल, २०६४:२९) । भाषा सामाजिक वस्तु भएकाले यसलाई सामाजिक प्रतीकका रूपमा मान्नुका साथै मानव समुदायका लागि सूचना आदानप्रदान तथा विचार विनिमय गर्ने सशक्त माध्यमका रूपमा लिन सकिन्छ । त्यस्तै भाषा कृतिलाई प्रस्तुत गर्ने माध्यम हो । भावाभिव्यक्तिको सर्वप्रमुख र सशक्त साधन भाषाका माध्यमबाट साहित्यिक कृतिको रचना गरिन्छ भने उपन्यास प्रस्तुत गर्ने माध्यम र उपन्यासमा नभई नहुने अनिवार्य तत्वको रूपमा समेत भाषालाई लिन सकिन्छ । उपन्यासमा क्लिष्ट र दुरूह नभएर सरल, सहज, बोधगम्य र सम्प्रेषणीय भाषाको प्रयोग गरिनुपर्छ । उपन्यासको भाषा बोलचालका भाषाको निकट हुनु राम्रो ठानिन्छ (लुइटेल, २०६९:५५-५६) ।

भाषाभित्र भाषिकाको पनि अध्ययन गरिन्छ । भाषा र भाषिका दुवैमा धेरै समानता पाइन्छ । भाषिका भाषाबाटै विकसित भएको भाषा भन्दा एकता मूनिको भाषाका तुलनामा कम परिष्कृत भाषिक रूप हो । यो स्थानिय र सामाजिक स्तरको कथ्य भेद भनिन्छ । यसलाई निश्चित भूगोलमा बस्ने, निश्चित धर्म, संस्कृति, सभ्यता र परम्परा स्वीकार गर्ने शिक्षित-अशिक्षित सबै वर्ग र तहका मानिसहरूले आ-आफ्नो ढङ्गले अपनाउछन् । यी क्षेत्रीय र सामाजिक गरेर मानव समुदायभित्र विशेषीकृत अवस्थामा अस्तित्वशील हुन्छन् (पौडेल, २०६५ : ८) । समाजका व्यक्तिहरूले भाषामा विचार विनियम गर्दछन् । समाजका व्यक्तिहरूको भाषा प्रयोग आ-आफ्नै किसिमको हुन्छ । प्रत्येकका सामाजिक स्तर, वर्ग, जाति, धर्म, संस्कृति, व्यवसाय आदिले प्रभाव पारेको हुन्छ । सामाजिक भाषिका भनेकै समाजका व्यक्तिहरूले भाषा प्रयोग गर्दा सामाजिक स्तर, वर्ग, धर्म, व्यवसाय, आदिका कारण देखिने एउटै भाषाका भेदहरू हुन् (थपलिया, २०७१ : २८) । उपन्यास समाजको दर्पण भएको हुँदा समाजमा बोलिने भाषा र त्यस अन्तर्गत पर्ने विविध भाषिका र तिनका प्रभावहरू उपन्यासमा व्यक्त भएको हुन्छ ।

### ३.५.४ लिङ्ग

सामाजिक संरचनाको आधार भनेको लिङ्ग पनि हो । लिङ्गको आधारमा जैविक पहिचानलाइ ध्यान दिँदै पुरुष र महिला भनेर छुट्याइएको पाइन्छ । हिजो आज तेस्रो लिङ्गको समेत पहिचान भएको छ । समाजको प्रचलन, संस्कृति, नियम परम्परा आदिबाट लिङ्गका आधारमा श्रम विभाजन भएको छ । लिङ्गका आधारमा महिला र पुरुष गरी स्तरीकृत भएको समाजमा थुप्रै असमानताहरू रहेका छन् । लिङ्गकै आधारमा महिलालाई सामाजिक, साँस्कृतिक बन्देज पनि लगाइएको छ । सामाजिक पूरातन मान्यता, धर्म, संस्कृति, सामाजिक ढाँचाका कारण वर्तमान समयमा पनि लैङ्गिक विभेद कायमै छ । हिन्दु र मुश्लिम धर्मबाट प्रभावित समाजमा अझ बढी महिला र पुरुषबीच सामाजिक असमानता देखिन्छ ।

सिङगो समाज लिङ्गको आधारमा महिला र पुरूष गरी स्तरीकृत छ । लिङ्गको आधारमा पुरूष र महिलालाई समाज तथा संस्कृतिले नै विभेद गरेको छ । हिन्दु समाजमा छोरालाई वंश धान्ने, आय आर्जन गर्ने, परिवारको संरक्षक, बहादुर, योद्धा, पिण्ड खुवाउने आदि भनिन्छ भने छोरीलाई कोमल, अर्काको घरमा गएर भित्ता टाल्ने जात, सुसारे, गाल

पार्ने जात आदि भनिन्छ, यसरी महिला र पुरूषलाई लिङ्गको आधारमा विभेद गर्ने काम समाज र संस्कृतिबाट भएको छ । त्यस्तै समाजमा महिला र पुरूषले गर्ने काम, भूमिका, अवसर आदिका सम्बन्धमा पनि भेदभाव गरेको पाइन्छ । महिलाहरूले घरभित्रको चुलो र चौकामा मात्र सीमित रहनुपर्ने, घर परिवारको सेवा गर्नुपर्ने, खाना पकाउनु पर्ने जस्ता कार्यमा सीमित रहनुपर्दछ भने उनीहरूलाई पुरूष सरह आयआर्जन गर्ने र उच्च सामाजिक प्रतिष्ठा प्राप्त गर्ने कार्यमा संलग्न हुन दिइँदैन तर त्यही समाजको पुरूष लिङ्ग पाएको व्यक्तिलाई सम्मान तथा संस्कृतिले महिलाको भन्दा उच्च सामाजिक हैसियत, भूमिका र सुविधाहरू प्रदान गरेका पाइन्छ (अधिकारी, २०६६:२६९) ।

यसप्रकार लैङ्गिक आधारमा पनि नेपाली समाज र संस्कृतिले पुरूष र महिलालाई सामाजिक स्तरीकरण गरेको छ । जसमा पुरूष समाजको उच्च श्रेणीमा रहेको पाइन्छ, जसको काम, कर्तव्य र भूमिका नै महिलाको तुलनामा उच्च रहेको पाइन्छ । महिलाहरूले पुरूषको निर्देशन, र नेतृत्वमा जीवन बिताउनपर्दछ, जहाँ महिलाले खाना पकाउने, घर लिप्ने, बढार्ने, भाँडा माझ्ने, लुगा धुने जस्ता भूमिका निभाउनुपर्दछ भने पुरूषहरूले त्यस्तो भूमिका निभाउनु नपर्ने अवस्था समाज र संस्कृतिले सृजना गरेको छ ।

### ३.५.५ संस्कृति

समाज र संस्कृति दुवै मानवसँग निकट सम्बन्ध राख्दछन् । मानवले निर्माण गरेको भौतिक तथा अभौतिक वस्तुहरूको समग्रताको जटिलतालाई नै संस्कृति भनिन्छ (अधिकारी र खत्री, २०६० : ४८) । इ. वि. टेलरले "संस्कृति त्यो सम्पूर्ण जटिलता हो जसमा ज्ञान, विश्वास,कला, नैतिकता, कानून, प्रथा तथा यस्ता सम्पूर्ण क्षमता एवं गुणहरू सम्मिलित हुन्छन् जसलाई मानव समाजको सदस्य हुनाको कारण आर्जन गर्दछ" भनेका छन् (अधिकारी र खत्री, २०६० :६५) । समाजमा रहेपछि मानिसले निर्माण गरेको व्यवहार मान्यता मूल्य नै संस्कृति हो । यो समाजपिच्छे भिन्न हुन्छ र गतिशील पनि हुन्छ ।

संस्कृति मानवीय जीवनको एउटा अभिन्न अङ्ग हो । मानिसले आफ्ना पूर्वजहरूद्वारा संस्कृति प्राप्त गर्दछ । संस्कृति व्यक्तिको आन्तरिक वस्तु हो जसको माध्यमले व्यक्ति परिष्कृत हुन्छ (भण्डारी, २०५८:१०४) । संस्कृति एक व्यक्ति, समाज र पिँढीबाट अर्को व्यक्ति पिँढी र समाजमा हस्तान्तरण हुन्छ । संस्कृति मानिसले आफ्नो सामाजिक, सांस्कृतिक

तथा आर्थिक क्रियाकलाप सञ्चालन गर्नका लागि निर्माण गर्दछ । समाज र संस्कृतिको आवश्यकता अनुरूप संस्कृतिमा परिवर्तन पनि आउन सक्छ तर समाज र संस्कृतिको अन्योन्याश्रित सम्बन्ध हुने भएकाले प्रत्येक समाजमा विभिन्न संस्कृति हुने गर्दछ । प्रत्येक समाजमा संस्कृति आफैँमा सही र गलत हुँदैन, बरु समाज, समय, परिस्थिति र सन्दर्भअनुसार संस्कृतिको विश्लेषण भने गर्न सकिन्छ । यसर्थ मानव समाजले समाज विकासको क्रममा जे जति कुराहरू सिर्जना सिक्दछ र जीवन पद्धतिको तरिकाको रूपमा स्थापना गर्दछ ती सबैलाई संस्कृति भन्न सकिन्छ । यही मानवले समाजको एक सदस्यको रूपमा आर्जन गरेका मूल्य, मान्यता, परम्परा, भाषा, कानुन, प्रथा आदि जस्ता अभौतिक कुराहरू र मानवद्वारा निर्मित घर, सडक, मोटर, मन्दिर आदि जस्ता भौतिक कुराहरूको सम्पूर्ण योग नै संस्कृति हो (अधिकारी २०६६:१०८) ।

मानव समाज र संस्कृतिको अभावमा कुनै पनि व्यक्तिको व्यक्तित्व विकास हुन सक्दैन तसर्थ समाज र संस्कृतिमा रहेका राम्रा र नराम्रा पक्षहरूले मानवको व्यक्तित्व विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । समाज र संस्कृतिविना व्यक्तिले भाषा, सामाजिक प्रचलन, सामाजिक आदर्श, मूल्य मान्यताहरू सिक्न सक्दैन र व्यक्तिको सामाजिक र मानसिक विकास पनि पर्याप्त र संस्कृतिबाट अलग रहेर कुनै पनि साहित्यकारको परिकल्पना गर्नु निरर्थक हुन्छ । यसैले साहित्यकारद्वारा संस्कृतिको निर्माण, विकास र परिमार्जन हुन्छ भने संस्कृतिले पनि साहित्यकारको निर्माण गर्दछ ।

नेपालको सन्दर्भमा जाति, धर्म, वर्ग, आदिका आधारमा साँस्कृतिक विविधता रहेको छ । जातिय संस्कृति, धार्मिक संस्कृति जस्ता विविधताको प्रतिबिम्बन साहित्यमा पाइन्छ । साहित्यको पात्रहरूले अपनाएको संस्कार, गरेका क्रियाकलाप र सोचाइबाट सामाजिक बनौट संस्कृति सम्बन्धमा अध्ययन गर्न सकिन्छ ।

### ३.५.६ सामाजिक नियम

सामाजिक नियम भन्नाले सामान्यतया समाजमा बसोबास गर्ने समाजका सदस्यहरूले बनाएको नियमलाई जनाउँछ । सामाजिक नियम प्रत्येक समाजमा पाउन सकिन्छ तर यस्ता नियमहरू समाजमा फरक-फरक पाउन सकिन्छ । किनभने यस्तो नियम समाजले नै निर्माण गर्ने भएकाले बेग्ला बेग्लै समाजमा सामाजिक नियमहरू पनि बेग्ला

बेग्लै हुन्छन् । लेस्लीका अनुसार "मानवद्वारा विभिन्न परिस्थितिमा विकास गरेका नियमहरू नै सामाजिक नियमहरू हुन् जसले मानिसलाई कसी व्यवहार गर्नुपर्दछ र गर्नुहुँदैन भन्ने कुरा स्पष्ट पार्दछ (अधिकारी र खत्री, २०६० : ४८) । यस्ता सामाजिक नियमले समाजलाई व्यवस्थित बनाउन निर्देश गरिरहेको हुन्छ ।

मानिस एउटा सामाजिक प्राणी भएकाले ऊ समाजद्वारा निर्मित जटिल सामाजिक व्यवस्थामा रहन्छ । व्यक्तिको सामाजिक क्रियाकलापहरूमा केही नियमहरू पाइन्छन् । प्रत्येक व्यक्ति वा मानव समूहका जीवनका दैनिक कार्यहरूमा समेत सामाजिक नियममा बाँधिएका हुन्छन् । वास्तवमा समाज एउटा जटिल व्यवस्था भएको हुँदा समाजका सबै व्यक्तिहरूले आफ्ना स्वार्थहरूको अधिकतम पूर्ति गर्न चाहन्छन् । साधनहरू र पूर्तिको अभावमा व्यक्तिले अरुका स्वार्थहरू र हितहरूमा आक्रमण गर्ने सम्भावना बढी नै हुन्छ । तर समाजका सदस्यहरूलाई जथाभावी तरिकाले व्यवहार एवं कार्य गर्ने स्वतन्त्रता समाजले दिँदैन । सामाजिक स्तरमा समाजको शान्ति एवं व्यवस्था भङ्ग हुनबाट बचाउन र समाजका सदस्यहरूको व्यवहार नियन्त्रित गर्नका लागि प्रत्येक समाजमा केही नियम र कानुन बनाइएको हुन्छ । यही नियम र कानुनलाई नै सामाजिक नियम भनिन्छ (भण्डारी २०५८:१३०) । यसरी प्रत्यके व्यक्ति समाजमा कुनै न कुनै तरवबाट सामाजिक नियमको बन्धनमा बाँधिएको हुन्छ ।

प्रत्येक समाजमा व्यवहार गर्ने भिन्नाभिन्नै प्रकारका नियम वा तरिकाहरू हुन्छन् । यसप्रकार सामाजिक नियम मानव समाजले बनाएको नियम हो जुन समाजद्वारा स्वीकृत हुन्छ । जसको पालना समाजका अधिकांश व्यक्तिले गर्दछन् । सामाजिक नियमले मानव व्यवहारलाई नियन्त्रण गर्ने, उचित-अनुचित भनेर छुट्याउने आदि जस्ता कार्य गर्दछ त मानिसलाई एकतामा बाध्नका लागि पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यस्तो किसिमको सामाजिक नियमलाई पालना गर्दा समाजले उचित सम्मान र उल्लङ्घन गर्दा दण्ड पनि दिने गर्दछ जसलाई सामाजिक नियमकै रूपमा लिन सकिन्छ । समग्रमा प्रत्येक समाजमा व्यवहार गर्ने निश्चित नियमलाई नै सामाजिक नियम भन्न सकिन्छ ।

### ३.५.७ स्थिति

समाजभित्र व्यक्तिको पहिचान नै वास्तवमा उसको स्थिति हो । स्थिति भनेको सामाजिक व्यवस्थाभित्र भएको व्यक्तिको अवस्था हो वा व्यक्तिले प्राप्त गरेको पद हो । समाज वा समूहमा व्यक्तिले जन्म, लिङ्ग, उमेर, व्यवसाय, विवाह, नातागोता, आदिको कारणले प्राप्त गरेको पद नै स्थिति वा हैसियत हो । म्याकइभर एण्ड पेजका अनुसार "एउटा समूह वा समुदायमा निश्चित भूमिका प्रदान गरिएको व्यक्तिहरूका आदर र इज्जतको तुलनात्मक मात्रा नै स्थिति हो (अधिकारी र खत्री, २०६० : १०१) । व्यक्तिले प्राप्त गरेको हैसियतसँगै उसको अधिकार र कर्तव्य पनि जोडिएको हुन्छ । एउटै व्यक्तिले धेरै हैसियत पनि प्राप्त गर्दछ । सामान्यतया सामाजिक हैसियत वा स्थितिका क) जन्मसिद्ध वा प्रदत्त स्थिति ख) आर्जित स्थिति गरी दुई प्रकारका हुन्छन् (अधिकारी र खत्री, २०६० : १०४) । जन्मसिद्ध स्थिति भनेको जन्मसँगै प्राप्त हुने हो र यसका लागि प्रयास गर्न पर्दैन भने आर्जित स्थिति व्यक्तिको आफ्नो योग्यता क्षमता र प्रयासको आधारमा प्राप्त हुन्छ ।

प्रत्येक व्यक्ति प्रायः एउटा समाज वा समुदायमा बस्दछन् जहाँ प्रत्येक सदस्यको एउटा स्थिति हुन्छ र सोही स्थितिका अनुसार उसको कार्य वा भूमिका निश्चित हुन्छ । प्रत्येक व्यक्तिको क्रियाकलाप उसको सामाजिक स्थितिका अनुसार हुन्छ । 'प्रोफेसर' को समाजमा एउटा विशेष स्थिति र प्रतिष्ठा हुन्छ र उसबाट एउटा विशेष प्रकारको क्रियाकलाप वा व्यवहारको आशा समाजले गरेको हुन्छ (भण्डारी २०५८:१२४) । समाजमा विभिन्न किसिमको स्थितिका चर्चा-परिचर्चा चलि नै रहन्छ । जस्तो विवाह आफ्नो स्थिति र प्रतिष्ठाका अनुसार गर्नुपर्छ, चाडपर्वहरू आ-आफ्नो स्थिति र प्रतिष्ठाका अनुसार मनाउनुपर्छ । प्रत्येक व्यक्तिको स्थिति एकनास नभई परिवार, कार्यालय, स्कुल, समूह र समाज आदिमा फरक-फरक किसिमको हुन्छ । जसअनुसार केही व्यक्ति समाजमा उच्च पदहरूमा रहन्छन् भने केही व्यक्ति समाजमा निम्न पदमा । त्यसैगरी एउटै व्यक्तिले पनि भिन्नाभिन्नै क्षेत्रहरूमा छुट्टाछुट्टै प्रकारको सामाजिक स्थिति ग्रहण गर्दछ । जस्तै : मिलिटरीमा काम गरेको व्यक्ति भूतपूर्व सैनिकको स्थितिमा रहेको र सोही व्यक्ति किसानी काममा आबद्ध छ भने किसानको स्थितिमा पनि रहन्छ । एउटै व्यक्ति एक क्षेत्रमा महत्वपूर्ण पदमा रहेको हुन सक्छ त्यही व्यक्ति अर्को निम्न पद वा स्थितिमा रहन पनि सक्छ । जस्तो कि

प्रधानमन्त्रीको पद ओगट्ने व्यक्तिको स्थिति राजनीतिक क्षेत्रमा उच्च हुन सक्छ तर त्यही व्यक्ति खेलाडी नहुनाले खेल क्षेत्रमा निम्न स्थितिको हुन सक्दछ ।

साहित्यभित्र कार्य व्यापार गर्ने पात्रको हैसियत वा स्थितिबाट उसको सामाजिक अवस्था थाहा पाउन सकिन्छ जुन औपन्यासिक कृतिभित्र आरोपित हुन्छ ।

## ३.६ निष्कर्ष

भीमनिधि तिवारीको *इन्साफ* उपन्यासमा सामाजिकताको विश्लेषण गर्ने क्रममा केही महत्त्वपूर्ण सूचकहरू जाति, वर्ग, लिङ्ग, संस्कृति, भाषा, सामाजिक नियम, हैसियत/स्थितिको सैद्धान्तिक आधार निर्माण गरिएको छ । कृतिभित्र पात्रले वर्गीय प्रतिनिधित्व गरेको हुन्छ । भाषा र समाजको अन्योन्याश्रित सम्बन्ध हुन्छ । भाषाले समाजको र समाजले भाषाको परिचय दिने हुँदा कृति भित्र रहेका पात्रहरूले भाषाका माध्यमबाट समाजको प्रतिनिधित्व गरेका हुन्छन् । उपन्यासकारले उपन्यास भित्र जातिय चित्रणको क्रममा पात्रद्वारा कार्यव्यापार गराएको हुन्छ जुन समाजकै चित्रणको रूपमा रहेको हुन्छ । समाजमा घट्नसक्ने र घटित भैरहेको लैङ्गिक विभेदका घटनाले समाजमा परेको असरलाई पनि साहित्यकारले आफ्नो कृतिमा पात्र मार्फत प्रस्तुत गर्दछ । समाज र संस्कृतिको सम्बन्ध निकट भएकोले यिनीहरू एक अर्काप्रति उत्तिकै महत्त्वपूर्ण छन् । संस्कृतिको निर्माणमा व्यक्तिको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । सामाजिक नियमको पालना व्यक्तिहरूले गर्नाले समाज व्यवस्थित रूपमा अगाडि बढिरहेको हुन्छ । मानिसले केही आर्जित र केही जन्मजात हैसियत/स्थिति र भूमिका पाइरहेका हुन्छन् । यी सबै कुराहरूलाई साहित्यकारले कृतिमा पात्र मार्फत सामाजिकताका सूचकहरूलाई उभ्याएका हुन्छन् । त्यसैले तिवारीको *इन्साफ* उपन्यासलाई सामाजिकताको आधारमा विश्लेषण गर्न माथि उल्लेखित सूचकहरूको आधार तयार पारिएको छ र यस शोध कार्यमा यिनै सूचकहरूको आधारमा विश्लेषण गरिएको छ ।

# चौथो परिच्छेद

# भीमनिधि तिवारीको उपन्यासमा सामाजिकताको विश्लेषण

## ४.१ इन्साफ उपन्यासमा सामाजिकता

भीमनिधि तिवारीको हालसम्म प्रकाशित एउटा मात्र उपन्यास *इन्साफ* हो । *इन्साफ* पूरै सामाजिक उपन्यास हो (भट्टराई २०५०:१०८) । यसमा उपन्यासकारले सामाजिक कथावस्तुको चयन गरी समाजमा रहि आएका गतिविधिहरूलाई समेटेर चित्रण गरेको पाइन्छ । यस उपन्यासमा तिवारीले वि·स· २००६ सालदेखि वि·स· २०१५ सालसम्मको नेपाली सामाजिक इतिहासको एक पक्षको यथार्थ घटनालाई विषयवस्तु बनाएर उतारेका छन् । राणकालको पतनावस्था र प्रजातन्त्रको बीजारोपण भएको तत् समयको सामाजिक, राजनैतिक, आर्थिक, न्यायिक परिवेशमा केन्द्रित रहेको अनि प्रजातन्त्रवादले स्वस्तिवादको अन्त्येष्टि गरेको विषयका रूपमा समेत *इन्साफ* उपन्यासलाई लिन सकिन्छ । उपन्यासको परिवेश पनि ग्रामिण तथा सहरी दुवै किसिमको रहेको छ । रुढिवादी, परम्परित अन्धविश्वास, कृषि व्यवसाय, राणकालीन दरवारका रहन सहन आदिको चित्रण उपन्यासमा ऐना बनेर आएको छ । नैतिक आदर्शकृत पात्रको प्रयोग गरी उपदेशात्मक शिक्षा प्रदान गर्न यस उपन्यास बढी सफल देखिन्छ । किसान परिवारको सुख-दुःखको कथा, मध्यम वर्गको पारिवारिक व्यवस्थाको चित्र, राणा दरवारको रहन-सहनको चित्रण, सत्य र न्यायका लागि पात्र-पात्राका तर्क वितर्कहरू यस उपन्यासमा सामाजिक नियम विरुद्ध दुर्व्यसनमा लाग्दा धन-सम्पति, मान-सम्मान, इज्जत-प्रतिष्ठा आदि सबै गुम्ने भएकाले सत्कर्ममा लागि असल चरित्रको विकास गर्नुपर्ने आदर्शवादी शिक्षा दिएको छ । यिनै तत्कालीन सामाजिक वातावरण समाजको चित्रण, निम्न, मध्यम, उच्च पारिवारिक स्थिति, ग्रामीण तथा सहरिया पर्यावरण आदिको स्वरूप प्रस्तुत गर्नु उपन्यासको उद्देश्य रहेको छ । यसरी तिवारीको *इन्साफ* उपन्यासलाई सामाजिकताका आधारमा विश्लेषण गर्न सूचकहरूमा विभाजन गरी प्रस्तुत गर्नुपर्ने हुन्छ ।

तेस्रो परिच्छेदमा उल्लेख गरिएको सैद्धान्तिक मान्यताको आधारमा रहेर *इन्साफ* उपन्यासमा सामाजिकताको विश्लेषण गरिएको छ । यिनै तेस्रो परिच्छेदमा निर्धारण गरिएको सामाजिकताको सूचकको आधारमा उपन्यास भित्र सामाजिकता खोज्ने कार्य गरिएको छ ।

### ४.१.१ जातिको आधारमा इन्साफ उपन्यास

काठमाडौं सहर र त्यस नजिकैको कुनै एक गाउँलाई परिवेश बनाई लेखिएको यस उपन्यासमा एउटा सिङ्गो समाजमा विभिन्न जातका मानिसहरू बसोबास गर्दछन् भन्ने देखाउन खोजिएको छ ।

यस उपन्यास भित्र औपन्यासिक कार्यव्यापार गर्ने वीरबहादुर खत्री (विरे) क्षेत्री जातिको रहेको छ । नेपाली समाजमा प्रयुक्त खत्री थर क्षेत्री जातिमा प्रचलित छ । सेती, बीरबहादुर खत्रीकी श्रीमतीको भूमिकामा आएकीले उ पनि क्षेत्री जातकी हो भन्ने सहजै अनुमान गर्न सकिन्छ भने आइते वीरबहादुरको छोरोको रूपमा सहयोगी भूमिका निवार्ह गरेको र उ जन्मसिद्ध नै खत्री भएकाले क्षेत्री जातको हो भन्न सकिन्छ । आदर्श एवं अनुकरणीय पात्रका रूपमा परिचित महन्तकाजीको नेपाली समाजमा स्पस्ट रूपमा यही जात हो भनी किटान गर्न असजिलो रहेको र उनका पुस्ता मठाधीश भएको पुष्टि यसै उपन्यासको खण्ड २ मा,

"महन्त भन्नाले सुर्तीरङ्गी लामो लटा पलेंटी कसेर बस्ता भुँइसम्म लत्रने, जीउभर खरानी धसेका, बडोमा दमाहा भुँडी भएका कुनै मठाधीश होइनन् । निम्न कक्षाका, साधारण गृहस्थी, दुध र हलुवाको त के कुरा  गुन्द्रुक र ढिँडोसम्म दुःख-सुखम् खाएर बाँचेका थिए । उनका अगाडिका कुनै पुस्ता मठाधीश पनि रहे होलान् । 'मेरा बाजेले घिउ खाएका थिए, मेरा हात सुँघसुँघ' भनेर भएन । तर यहाँ अहिले उनको आर्थिक अवस्थाको दुर्दशा नै थियो ( पृ १०)।"

यसबाट के पुष्टि हुन आउँछ भने कुनै एक मण्डलको शासक, सानो क्षेत्रको राजा, साधु सन्यासीहरूका सम्प्रदायको प्रमुख आचार्य मठाधीश वा योगी सन्यासीका आश्रमको सवोच्च अधिपतिः साधु समाज वा मठको प्रमुख व्यक्ति मठाधीश रूपमा उनका (महन्तकाजीका) पुस्ता रहेकाले स्वयंम महान्तकाजी पनि योगी, साधु एंव सन्यासी हुन भन्न सकिन्छ । त्यसैगरी नैतिक आदर्शले भरिएकी  अनुकरणीय स्त्री पात्रका रूपमा रहेकी नर्मदा महन्तकाजीकी  श्रीमतीको चरित्रमा रही उपन्यास भित्र औपन्यासिक कार्यव्यापार गरेकीले उनी पनि योगी, साधु एवं सन्यासी हुन् भन्न सकिन्छ भने यिनीहरूको छोरी जन्मदानै योगी, साधु एवं सन्यासीकै रूपमा जन्मिएकी छ ।

उपन्यासकारले बिरेको कथालाई प्रमुख कथा मानेर उसको कथालाई पूर्णता दिनको लागि शैलराज शर्माको कथा सहायक रूपमा ल्याएको कारणले शैलराज शर्मा यस उपन्यासको सहायक पात्र हो । नेपाली हिन्दु परम्परा अनुसार शर्मा थर उच्चकुलीन ब्राह्मण जात अन्तर्गत पर्दछ । उपन्यासकारले शैलराज शर्मालाई परिचित गराउने क्रममा "शैलराज कट्टर नैष्ठिक ब्राह्मण, छडी काट्दैनथे अर्धमुण्डन हुन्छ भनेर; गोलभेडा पर्यन्त खाँदैनथे जात जान्छ भनेर । फुल कसरी खान सक्थे ?.... (पृ. २४१)।" यसबाट पनि शैलराज शर्माको जात ब्राह्मण रहेको प्रष्ट हुन्छ । त्यसैगरी मैयाँनानी शैलराज शर्माकी पत्नी भएकोले उनी पनि ब्राह्मण जात कै हुन् भन्न सकिन्छ त्यसो त न्यायाधीश र शैलराजको संवादमा "शैलराज छोरी त गरिब बाहुनकी हो । सामन्त शमशेरकी स्वास्नीले उनीहरू रानीसाहेब भन्छन् छोरी जस्तै पालेर कन्यादान गरेकी (पृ. १९९) ।" भनेबाट पनि मैयाँनानी ब्राह्मण जातकै भएको ठहरिन्छ भने छोरो सुशील जन्मदै ब्राह्मण कुलमा जन्मिएकोले उ (सुशील) पनि ब्राह्मण जात अन्तर्गत नै पर्दछ ।

मैयाँनानीका तथाकथित माइतीका रूपमा देखिएका जर्साहेब र रानीसाहेब जातिगत रूपमा ठकुरी जातका देखिन्छन् । शैलराज र मैयाँनानी घरबाट अलग हुने शिलशिलामा "मैयाँनानीको परेला आशाले उघ्रेका थिए तर रानीसाहेब चाहिँ एकएक मोहर नाङ्लोजत्रो ठूलो देख्न थालिसकेकी थिइन् किनभने रोल उक्लँदैउक्लँदै गएर एकदिन मेरा मालिक नेपालका श्री ३ महाराज होलान्, राष्ट्रको सम्पत्तिलाई व्यक्तिको पेवा पारेर वर्षेपिच्छे एकएक करोड भित्र्याउलान् भन्ने आशाले आँखा चिम्लिसकेको थियो (पृ. ४४) ।" यस वाक्यमा प्रयुक्त भएको श्री ३ नेपालमा वि.सं. २००७ साल भन्दा पहिले निरकुंश राणा शासन कालमा गद्दीनसिन राणा राजालाई सम्मान जनाउँदा भनिने शब्दलाई बुझाउँदछ । यसबाट के स्पष्ट हुन आउँछ भने रानीसाहेबका मालिक (जर्साहेब/श्रीमान) पनि राणा रहेका र राणा नेपाली हिन्दु समाजमा ठकुरी जात अन्तर्गत पर्दछ । ऐस -आराम, मोज मस्ती, भोग विलास अनि सुखद अनुभूति गर्दै जीवन बिताइरहेका भान्जाराजा पनि ठकुरी जातका रहेको थाहा हुन्छ । भान्जाराजा र पुलिसबीच भएको कुराकानीमा भान्जाराजा स्वयमंले आफ्नो परिचय दिने क्रममा ".…., बुझ्यौ ! म पनि सत्र भाई राणाजीको भतिज र जुवाइँ हुँ । ऐले त नेपालको राजकाज उटलफेर भयो र मात्रै, नत्र यतिका हाकिमलाई यही बसेर खोसुवा पुजी बुझ्नुपर्ने अवस्था पारिदिने थिएँ (पृ. ६८-६९) । यस वाक्यमा प्रयुक्त भएको राणा ठकुरी

जात अन्तर्गत पर्ने भएकोले र भान्जाराजा स्वयमंले आफ्नो परिचय दिने क्रममा राणाजीको भानिज र जुवाइँ हुँ भनी भनेकाले भान्जाराजा ठकुरी जातका हुन् भन्ने थाहा हुन्छ ।

मुद्दा, मामिलामा परेकाहरूलाई फैसला गरिदिने अदालती डिट्ठाका रूपमा रहेका हाकिम सानुमान लाई नेवार जातको हो भनी अनुमान गर्न सकिन्छ । हाम्रो नेपाली समाजमा आधारभूत रूपमा सानुमान भन्ने नाम नेवार समुदायमा प्रचलित भएकाले हाकिम सानुमान नेवार जातको भएको थाहा हुन्छ । उपन्यासका अर्का पात्र हाफिज अलि लाई सहजै रूपमा मुसलमान हो भन्न सकिन्छ । सदैव जुवामा लिन भई रहने हाफिज अलि जुवा खेल्न भनी कोठा भित्र प्रवेश गरे । "हाफिज अलिले चपाएको पानको बास्नाले कोठै मगमग भयो । ढाकाको नछापेको टोपी, पूरा नेपाली वेशभूषामा हिँड्ने उनलाई कसैले पनि मुसलमान भनेर चिन्न सक्तैनथ्यो । हो, नेपाली भाषा बोल्दा लहजामा केही अन्तर पाइन्थ्यो (पृ. १६) ।" उपर्युक्तः यस भनाइबाट पनि हाफिज अलि जातिगत रूपमा मुसलमान रहेको थाहा हुन्छ ।

धर्मको विषयलाई लिएर सदा बहस गरिरहने गुरु धर्मनाथ जातिगत रूपमा ब्राह्मण जातका हुन् । बन्दागोपीको स्वरूप जस्तो रहेको जुवाडे घरभित्र जुवाडे साथीहरू जुवा खेलिरहेको अवस्थामा गुप्तचरको माध्यमबाट पुलिसहरूले जुवाडेहरूलाई पक्रन भनी खोजतलास गरिरहेको परिस्थितिमा "बीचरा गुरु धर्मनाथ, सोझा पण्डित डरले लगलग कामेर, आधार केही नपाएर घाँटीमा झुन्ड्याएको गौरी शङ्कर (रुद्राक्षविशेष) को कण्ठी आफ्ना निधारमा राखेर ढोगेर संस्कृतका केही श्लोकहरू गुनगुनाएर घोप्टो परिरहेका थिए- नाकको टुप्पाबाट पसिना तप्पतप्प चुहाएर (पृ .१०३) ।" भनेबाट पनि गुरु धर्मनाथ ब्राह्मण जातका हुन् भन्ने जानकारी हुन आउँछ । हाम्रो नेपाली हिन्दु समाजमा पण्डित बनी घाँटीमा गौरीशङ्करको माला लगाई संस्कृतका श्लोकहरू गुनगुनाउने काम ब्राह्मण जातमा रहेको पाइन्छ । धर्मलाई राम्रैसँग बुझेका र धर्मको विषयलाई लिएर कसैलाई भेदभाव गर्नु हुँदैन ।

सबै धर्म समान हो भन्ने विचार राख्ने पं करुणाकर पनि ब्राह्मण जातकै रहेको थाहा हुन आउँछ । करुणाकरको नामको अगाडी रहेको पं. (पण्डित) पदवी नेपाली हिन्दु समाजमा ब्राह्मण जातमा रहेकाले पं. करुणाकर पनि जातिगत रूपमा ब्राह्मण भएको थाहा हुन्छ अनि महन्तकाजीको घरमा भान्छेको रूपमा रहेको पुन्टे बाहुन पनि । उसलाई बोलाउनको लागि राखिएको जुन नाम छ, जसमा पुन्टे भन्ने बित्तिकै हामीहरू सहजै रूपमा अनुमान गर्न सक्छौ कि सानो वा होचो छ भन्ने त्यसैगरी बाहुन भन्ने वित्तिकै ब्राह्मण

जातको हो भन्न सकिन्छ । यसरी पुन्टे बाहुनको नामबाट नै उ जातिगत रूपमा ब्राह्मण जातको हो भन्न सकिन्छ त्यस्तै शैलराज शर्माको आमा ममतामयी माताको रूपमा उच्च कूलीन ब्राह्मण जातकी हुन भन्न सकिन्छ ।

शैलराज शर्माका दुई भाइहरू कोषराज र दीपराज पनि स्वभाविक रूपमा ब्राह्मण जातकै रहेको स्पष्ट हुन आउँछ भने कोषराजकी पत्नी शैलीराज शर्माकी बुहारी पनि । छोरोलाई जन्म दिएर मृत्युवरण गरेकी वीरबहादुर खत्रीकी कान्छी श्रीमती (सानी) अथवा आइतेकी आमा भएकोले उनी पनि क्षेत्री जातकी हुन् भन्नमा अत्युक्ति नहोला । बिरेको भैसी मर्दा भैसी लिन आउने चारजना कसाहीहरू शुद्र जातका रहेका छन् । नेपाली हिन्दु समाजको वर्ण व्यवस्थामा कसाहीहरूलाई शुद्र जात अन्तर्गत विभाजन गरेर राखिएको छ ।

भान्जाराजाले अर्काकी श्रीमती चनखलाई जारी खर्च तिरी बैठक्नी वा आफ्नो श्रीमती बनाइ ल्याएकोले चनख जातिगत रूपमा पहिले कुन जातको हो भनेर स्पष्ट जानकारी नभएको र पछि भान्जाराजाले श्रीमती बनाई ल्याएपछि भान्जाराजाकै जात ठकुरी भएको थाहा हुन्छ । आइतेको सहरिया मित बुधे, कुन जात, थर के हो भन्ने पहिचान नभएको र उपन्यासकारले “वास्तवमा बुधेलाई आफू जन्मेको तिथि, बारको त के कुरा आफ्ना आमाबाबु को हुन्, जात, थर के हो, गाउँ र घर कहाँ हो भन्ने कुरा समेत थाहा थिएन । ऊ गल्लीको कुकुर झैँ हल्लीहल्ली हुर्केको थियो । पछि अर्द्धसमर्थ भएपछि होटेलमा काम गरेर, अनि बरफ बेचेर खाने पेसा लिएको थियो (पृ.८६) ।” भनेबाट बुधे जातिगत रूपमा कुन जातको हो भनेर किटान गर्न सकिँदैन ।

उपन्यासलाई मूर्त रूप दिनको लागि उपन्यास भित्र सहयोगी भूमिकामा उभिएका मानबहादुर, लक्ष्मीकान्त, शैलराजको मुद्दा हेर्ने वकिल, न्यायधीश, आइतेको साथी गोरे, साहिँलो, सुरक्षा दिने र गैरकानूनी कार्यलाई रोक्ने प्रहरी, दरबारिया नोकरचाकरहरू बहिदार, बिजुली, केमरा, आदि सहयोगी पात्रहरू, सेतीकी गाउँले सासू, नाता पर्ने बोक्सी बुढी, सेतीलाई आपत् परेर गुहार माग्दा आउने भाइहरू, महन्तकाजीले बिरेको घर सोध्दा उपस्थित साग बेच्ने आइमाई आदि गौण पात्रहरू, डम्बरकुमारी बीरेका गाउँले, सेती, नर्मदा एवम् मैयाँनानीका माइतीहरू, धारामा भेटहुने आइमाईहरू, पसलका ग्राहक, जोगी, सन्यासी, ड्राइभर, दीर्घमान आदि सूच्य पात्रहरू आदिका स्पष्ट रूपमा यही जातका हुन् भनेर पहिचान गर्न सकिदैन ।

जातिगत रूपमा हेर्दा *इन्साफ* उपन्यास भित्र ब्राह्मण, क्षेत्री, बैश्य र शुद्र गरी चार जातका मानिसहरू बसोबास गरी समाजलाई स्तरीकृत गर्नमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

### ४.१.२ वर्गको आधारमा इन्साफ उपन्यास

वि.सं. २००६ सालदेखि वि.सं. २०१५ सालसम्मको नेपालको राणाकालीन प्रजातन्त्रको सामाजिक रहनसहनको चित्र उतारेर लेखिएको *इन्साफ* उपन्यासमा धन र रवाफको घमण्ड, तासजुवा खेल्ने परिपाटी, राणा दरवारको उच्चस्तरीय रहन, सहन, उद्योग व्यवसाय सञ्चालन गरी जीविकोपार्जन गर्ने मध्यमवर्गीय समाज र खेतीपाती वस्तुभाउ पालेर जीवन धान्ने निम्नवर्गीय किसानको सजीव अवस्थाको चित्राङ्कन प्रस्तुत गरिएको छ ।

उपन्यासलाई वर्गीय दृष्टिकोणबाट अवलोकन गर्दा यस उपन्यासमा केन्द्रीय भूमिकामा रहेको वीरबहादुर खत्री (बिरे) निम्नवर्गीय अवस्था भएको पात्रको प्रतिनिधित्व गर्दछ । बिरे, सेती र आइते सहित गरी तीन जना परिवारको सदस्य रहेको त्यस घरमा आर्थिक अवस्थामा केही सुधार होला भन्ने हेतुले वीरबहादुरले घरबारी बन्धक राखी ऋण काटेर भैसी ल्याई दुध बेचेर हात मुख जोर्न केही सहज होस भन्ने सोचमा भैसी ल्याउँछ तर प्रजातन्त्र आएपनि जनताले उपभोग गर्न नपाएझैँ भैसीको दुध सदुपयोग गर्न नपाउँदै भैसीको अकाल मृत्युले ठुलो चोट पुऱ्याएको बिरेको परिवारलाई उता भैसी किन्न भनी ल्याएको ऋण तिर्न नसकेर साहु (शैलराज) ले बिरेको घरबार बिहीन गराई सार्वजनिक पाटीमा गई बस्न बाध्य तुल्याएको घटनाबाट पनि उसको आर्थिक अवस्था निम्न रहेको थाहा हुन्छ । त्यसो त घरगृहस्थी चलाउनेको लागि बिरे र सेती बीच भएको कुराकानीमा बिरे भित्तामा अडेस लागेर, टाउको केही झुकाएर आँखा चिम्लिएर मनमा कुरा खेलाइरहेको थियो । "मनमा कुरा पनि के नखेलोस् बीचराको । उसै त कत्रो खेतीपाती उसमाथि झन् यो वर्षको सुक्खा; मकै, कोदो, घैया गरेर जम्मा पाँच सात मुरी अन्न उब्जन्थे, आधा पनि भित्रेनन् । उसका मगजका तन्तुहरू यही नै समस्याको अल्झेमा अल्झिरहेका थिए अब यो वर्ष बाँच्ने कसरी (पृ. २) ?" भनेबाट पनि उसको आर्थिक अवस्था निम्न रहेको छर्लङ्ग हुन आउँछ । त्यस्तै सेतीले बाल्यकालको स्मरण गरेको घटनाबाट सेतीको वर्गीय अवस्थाको पहिचान गर्न सकिन्छ,

"उसले यही सोची-पन्ध्र-सोह्र वर्षको, भर्खरको बैना आएको जोबन, आफ्नो शरीरमा सृष्टि भएर आएको सौन्दर्यको चिह्न, सुन्दरीजलको ओखिनी गाउँमा माइतीघर, एकदिन वस्तुलाई स्याउला लिन वन गएको बेला, फर्केर घर आइपुग्दा झमक्क साँझ परिसकेकाले उसका आमाबाबु रिसाएर उसलाई गाली गरेको बेला, त्यसै गरेर ऊ त्यस्तै तुलसी मठमा कुहिनु अडाएर चन्द्रमालाई हेरी हेरी रोएकी र चन्द्रमा पनि उसको आँसु हेर्न नसकेर घरी बादलभित्र पसेका, अब त रुन छोडी कि भनेर बादल बाहिर आएका, फेरि भित्र, फेरि बाहिर, पटकपटक चिहाउने, लुक्ने गरिरहेको उसले सम्झी (पृ.७८)।"

यस भनाईबाट सेती र सेतीको माइतीघर निम्नवर्गको रहेको थाहा हुन्छ किनकि वस्तुभाउ पाली वन जङ्गलमा घाँस, दाउरा, स्याउला गरी जीविका चलाउनु पर्ने भएकाले आर्थिक स्थिति निम्न भएका थाहा हुन्छ । वीरबहादुर र सेवी दुवै निम्नवर्गका भएकाले आइते जन्मदै निम्नवर्गमा जन्मिएको छ । यसरी बाँच्न विवश भएको बिरेको परिवार केही समय पछि बिरे पुस्तक पसलमा काम गर्न पुग्छ र पुस्तक पसलकै साहू (महन्तकाजी) को सहयोगमा घरबारी सबै निखन्छ र पुन आफ्नो घरमा बसोबास गर्न आई भैसी किनी दुध बेची आर्थिक स्थितिमा केही सुधार भएको पाउन सकिन्छ । यस उपन्यासका अर्को प्रयुक्त पात्र महन्तकाजीले मध्यमवर्गीय समाजको प्रतिनिधित्व गर्दछ । आर्थिक हैसियतमा महन्तकाजीलाई चिनाउने शिलशिलामा "जे जस्तो भएपनि महन्तकाजीको कमसेकम आज फेरी एउटा बासथियो । उनी रातभर मस्त निदाउन पाउँथे । उनलाई घामले पोल्न पानीले रुझाउन, भिजाउन, तुसारोले कक्राउन पाउँदैनथ्यो । यी सब आदि भौतिक आक्रमणलाई परास्त गर्न सक्ने उनीसित एउटा शस्त्र थियो घर (पृ. ११) ।" यस भनाईबाट पनि मध्यम वर्गीय भएको थाहा हुन्छ जहाँ उनीसँग बस्नको लागि घर छ त उता भोटाहिटीमा पुस्तक पसल राखी घर गृहस्थी चलाउनको लागि व्यापारी पेशा अँगालेका छन् । महन्तकाजीकी श्रीमती नर्मदा पनि मध्यमवर्गीय ग्रामीण समाजको प्रतिनिधित्वको रूपमा उपन्यासका प्रयुक्त छिन् । महन्तकाजी, नर्मदा र एक छोरी समेत गरी तीन जनाको सदस्य रहेको यस परिवार सुरुमा महन्तकाजीले जुवा खेलेर आफ्नो पैतृक सम्पत्ति फुकेर पछि जुवा खेल्न छाडेर जुवा खेलाएर अनि श्रीमतीले दिएको अर्ती उपदेश मानेर सम्पत्ति कमाउन सफल भएका छन् ।

उच्च ब्राह्मण कुलकी ममतामयी शैलराज शर्माकी आमा मध्यम वर्गीय समाजको भएकीले उनका तीन छोराहरू दीपराज, कोषराज, शैलराज र बुहारी पनि मध्यम वर्गको नै

भएको बुझिन्छ ।  जुवामा सदा निर्लिप्त रहने शैलराजले जुवाकै कारणले गर्दा घरबाट छुट्टिएर बस्नु परेको र श्रीमतीले छाडेर एक्लो जीवन काट्नुपरेको थियो । यसरी एक्लो जीवन निकै कष्टपूर्ण परिस्थिति व्यथित गरिरहेका शैलराज खान नपाएर कहीँ शरण आश्रय नपाएर आमाकहाँ जादा आमाले सोचिन् : "साह्रै दुःख पाएछ बरा यसले !..... ।" आज यो अवस्थामा यसरी पाउ पर्न आइरहेछ । पाप, छल, कपट केही नभएको भित्रको सोझो स्वास्नी त्यस्ती पर्न गई, खेल्नुपर्ने लत नराम्रो, सखाप पार्‍यो । न धन, न स्वास्नी, न जीउ ( पृ. २४९) । भनेबाट समेत शैलराज आर्थिक अवस्था निकै कारुणिक बनेको प्रष्ट हुन्छ । शैलराजको जीवन सुरुमा सुख मोज मस्ती र जुवा खेलेर बितेको पाइन्छ भने जीवनको मध्य तथा अन्त्यतिर जुवाकै कारण घर परिवार एवं पत्नीबाट अपहेलित भई कारुणिक जीवनतिर धकेलिनु परेको र आर्थिक अवस्था समेत निकै दयनिय बनेको पाउन सकिन्छ । त्यस्तै शैलराजकी श्रीमती मैयाँनानी गरिब बाहुनकी छोरी भएता पनि रानीसाहेबको आडभरोसामा अरुलाई धाक, धम्की देखाई उच्चस्तरीय जीवनशैली अपनाउने कर्कश, हठ र जिद्दी स्वभावकी भएको पाइन्छ । उपन्यारकारले मैयाँनानीलाई परिचित गराउनको लागि "उनको दिनचर्या पनि झन्डैझन्डै मुमा रानी साहेबकै जस्तो थियो । बिहान घाम चढुन्ज्यालसम्म सुत्नु, सुसारेले ल्याइदिएको दुई कप चिया बिछ्यौनामै बसेर, कुल्लासम्म पनि नगरेर तन्काउनु, अनि शौचादि, श्रृङ्गार पूजाको आडम्बर सकिएपछि मध्याह्नमा खानपिन, त्यसपछि फेरि हातमा चुरोट लिएर बिछ्यौनाको सेवा (पृ.१७८) ।" भनेबाट मैयाँनानीले उच्चस्तरीय जीवनशैली अपनाएको प्रष्ट हुन्छ । यसरी निम्नवर्गमा जन्मिएता पनि उच्च वर्गको रहन सहनले गर्दा उच्च वर्गको भएकी देखा पर्दछ भने छोरो सुशील सानैदेखि रानीसाहेब अनि आमाको काखमा हुर्किरहेकोले उच्चवर्गको जीवनशैलीमा नै रमाएको पाउन सकिन्छ ।

जर्साहेब र रानीसाहेब दरबारिया सभ्रान्त परिवारको मैयाँनानीका तथाकथित माइतीका रूपमा देखिएका आर्थिक हैसियतका रूपमा उच्च वर्गका रहेका छन् जहाँ बहिदार बिजुली केमरा आदि जस्ता नोकरचाकरहरू राखी जर्साहेब र रानीसाहेबले दरबारिमा जीवन शैली व्यतीत गरिरहेका छन् । उपन्यासमा प्रयुक्त पात्र भान्जाराजाको उच्च वर्गीय आर्थिक अवस्था रहेको थाहा हुन्छ । तत्कालीन समयमा राणाहरूको भानिज र जुवाइँ भएकाले पनि उच्च वर्गीय भएको सहजै अनुमान गर्न सकिन्छ । त्यसो त "....भान्जाराजाले कुन्नि कति सय हो जारी खर्च तिरेर ल्याएको रे ! धनीले त गरिबका राम्रा स्वास्नी खोस्यौ, लुट्यो ल्यायो

। जारी खर्च भनेर एक मुठी चक्की गुडाइदिए भइहाल्छ । कानुनको कण्ठ बन्द छ । कस्तो इन्साफ (पृ. २४०) ।'' भनेबाट अथवा माथिको वाक्यमा आएको धनी शब्दले भान्जाराजाको प्रतिनिधित्व गर्दछ वा भान्जाराजा धनी छन् भन्ने थाहा भएकाले पनि भान्जाराजाको आर्थिक अवस्था उच्चवर्गको रहेको स्पष्ट हुन्छ । बहालवाल अदालती डिट्ठा को पेशा अगालेर हाकिम पदमा रहेका सानुमान, मध्यमवर्गीय भएको थाहा हुन्छ । जहाँ काठमाडौंको बागबजारमा बस्नको लागि घर छ त खानको लागि अदालती हाकिमको जागिरेका रूपमा रहेका छन् । कलिलै उमेर देखि काशी विद्यानगरीमा बसेका साथीहरू मन्त्री जस्ता ठूलाठूला पदमा रहे भन्ने थाहा पाएर आफ्नो पनि केही तागत लाग्छ की भनेर नेपाल आएका पं. करुणाकर मध्यम वर्गका रहेको अनुमान गर्न सकिन्छ । जुवामा नै दिनरात विताउन पनि पछि नपर्ने शिक्षकको जागिरेका रूपमा रहेका गुरु धर्मनाथ पनि मध्यम वर्गका रहेको अनुमान गर्न सकिन्छ भने जुवाडे मित्र हाफिज अलिलाई पनि ।

महन्तकाजीको घरमा भान्छे बाहुनको रूपमा आश्रित रहेका पुन्टे बाहुन र दरवारमा आश्रित रहेका बिजुली, केमरा, बहिदार आदि आर्थिक हैसियत नभएका निम्न वर्गीय पात्र हुन् । गरिबकी स्वास्नी भएर रहेकी निम्न वर्गकी चनख, भान्जाराजाले जारी खर्च तिरेर ल्याएपछि उच्च वर्गमा रूपान्तरित हुन पुगेकी छे । बिरेको कान्छी श्रीमती (सानी) वा आइतेकी आमा पनि ग्रामीण समाजकी निम्न वर्गकी भएको थाहा हुन्छ । मैयाँनानी गरिब बाहुनकी छोरी भएकीले मैयानानीका माइती पनी निम्न वर्गकै रहेको थाहा हुन्छ । आइतेको साथीहरू गोरे साहिँलो बिरेको भैसी मर्दा भैसी किन्न आउने कसाईहरू, महन्तकाजीले बिरेको घर सोध्दा उपस्थित साग बेच्ने आइमाई आदि सबैको आर्थिक अवस्था निम्न वर्गको रहेको अनुमान गर्न सकिन्छ । उपन्यासकारले बुधेलाई निम्न वर्गको हो भनी चिनाउनको लागि आइते र बुधेको मीत लगाउने प्रसङ्गलाई जोडेका छन् । जसको एक उद्घृतांश यस्तो रहेको छ ।

"उमेर जतिजति कम हुन्छ उतिउति मानिसको हृदय सरल र शुद्ध हुन्छ । बुधे र आइते समवयस्कका त्यही एकछिनको बातचितले उनीहरूको हित्तचित्त मिलिहाल्यो । आफ्नो त्यो मित्रता सदा कायम रहोस् भन्ने हेतुले आइतेले बुधेसित मीत लाउने प्रस्ताव राख्यो । बुधेले पनि अस्वीकार गर्ने कुनै कारण थिएन । उसको आफ्नो भन्ने, आफूलाई माया गर्ने, आफूउपर चित्त दुखाउने संसारमा कोही थिएन । यदि उसलाई कसैले पालेको थियो त त्यही थर्मसले (पृ.८९) ।"

प्रस्तुत उद्धृतांशमा बुधेलाई माया गर्ने र उसको बारेमा चित्त दुखाउने कोही पनि नभएको र आफ्नो जीविका धान्नको लागि थर्मसमा बरफ राखी बेच्ने गरेकाले बुधे निम्नवर्गको भएको थाहा हुन्छ ।

उपन्यासभित्र प्रयुक्त भएका अन्य पात्रहरू मानबहादुर, लक्ष्मीकान्त, शैलराजको मुद्दा हेर्ने वकिल, न्यायधीश, सुरक्षा दिने र गैरकानुनी कार्यलाई रोक्ने प्रहरी, सेतीलाई आपत् परेर गुहार माग्दा सहयोग गर्न आउने भाइहरू, डम्बरकुमारी, बीरका गाउँले, नर्मदाका माइतीहरू, धारामा भेटहुने आइमाईहरू, पसलका ग्राहक, जोगी, सन्यासी ड्राइभर, दीर्घमान आदिका स्पष्ट रूपमा कुन वर्गका हुन् भनी निर्धारण गर्न सकिदैन ।

यसरी हेर्दा *इन्साफ* उपन्यास भित्र उच्च, मध्यम र निम्न वर्गीय पात्रहरूले प्रतिनिधित्व गरेका छन् भन्न सकिन्छ ।

### ४.१.३ भाषाको आधारमा इन्साफ उपन्यास

*इन्साफ* उपन्यासको भाषा कथ्यस्तरको सरल ग्रामीण परिवेश युक्त छ । कतै कतै राणाकालीन उच्च आदरयुक्त भाषाको पनि प्रयोग भएको पाइन्छ ।

उपन्यासमा भाषा सरल, सहज, सम्प्रेषणीय भाषा अनि बोलचालको भाषा निकट हुनु राम्रो ठानिने भएकाले *इन्साफ* उपन्यासको भाषा सरल र स्वभाविक रहेको छ । भाषा कलात्मक भएकाले नै सम्पूर्ण घटना एवं परिवेश चित्रमाझैँ झलक्क झल्किने खालको दृश्यात्मक देखा पर्दछ । यसमा धेरै पात्र र घटनाहरूको संयोजन नगरिएकाले पात्रहरूको संवाद रोचक रहेको छ । पात्रहरूको एकालापीय र संवादात्मक कथन एकाध्य संवादहरू पात्रका अनुसार आएका छन् । उपन्यासकारले वर्णन गरेको भाषा सरल र स्वभाविक रहेको छ । नेपाली ग्रामीण किसानको प्रतिनिधित्व गर्ने वीरवहादुर खत्रीको परिवार निम्न आर्थिक अवस्थामा जीवन बिताउन विवश भएका छन् जसको कलात्मक वर्णन उपन्यासकारले सरल, सहज र स्वभाविक भाषामा यसरी गरेका छन् ।

"घरको छानो पराले भएता पनि पाली भने झिंगटीकै थियो । त्यही पनि गनेर हेऱ्यो भने सिङ्गोभन्दा फुटेकाको संख्या कता हो धेरै हुन्थ्यो - नेपालमा शिक्षित र अशिक्षितको गणना जस्तै । त्यसैको मुनि वीरबहादुर खत्री (बिरे) आगोले खाएर बीचमा प्वाल परेको

पुरानो सुकलको एउटा छेउमा बसिरहेको थियो । अर्को छेउमा सेती । आँगन बालकको दिलजस्तो अत्यन्त सफा लिपपोत बढार कुँढार हमेसा गरिरहेकी हुनाले एउटा छेस्को पर्यन्त कहीँ देखिँदैनथ्यो । धनको अभाव भएता पनि उसमा जाँगरको कमी थिएन । यो वर्षको सुक्खाले गर्दा बारीका पाटामा फुस्रा माटाका डल्ला यत्रतत्र सर्वत्र यसै लडिरहेका थिए शिवरात्री मेलामा पशुपति मन्दिरको वरिपरी रहेका जोगीझैँ । सबैले बिहानै - बेलुकै चुठ्ने गरेको जुठेनको छेउमा भने चार पाँच बोट रायोको सागमा हुन सम्म गाँजिएर झ्याँगिएर मोटामोटा डुकुसमेत आइसकेका थिए । ती पनि सायद बीउकै निमित्त राखिएका होलान् (पृ. १- २) ।"

उपन्यासमा नेपाली भाषाका क्षेत्रीय र सामाजिक भाषिकाको समेत समुचित प्रयोग भएको पाइन्छ । क्षेत्रीय भाषिकाको रूपमा पूर्वेली भाषिका र यस उपभाषिकाको प्रयोग क्षेत्रको केन्द्रस्थल मानिने काठमाडौं उपत्यका र त्यसका आसपासमा बोलिने मानक नेपाली भाषा अनुरूप कै क्षेत्रीय भाषिकाको प्रयोग उपन्यासमा पाइन्छ । त्यसमा कथ्य र लेख्य दुवै भाषिक रूपको उपयोग भएको छ । यसैगरी सामाजिक भाषिका अन्तर्गत कथ्यस्तर वा बोलचालको रूपमा प्रयुक्त वैयक्तिक, वर्गीय, जातीय, सांस्कृतिक तहका भाषाको प्रयोग भएको देखिन्छ । यस अनुरूप जातजाति वर्ग, धर्म, संस्कृति तथा शिक्षाका आधारमा प्रयुक्त सामाजिक भाषिकाको अवलम्बन गरेको भेटिन्छ । आदरका दृष्टिले निम्न, मध्यम, उच्च र उच्चतम जातजातिका दृष्टिले उच्च र निम्न जातिका ठूला र सानाले बोल्ने सामाजिक भाषा, वर्गका आधारमा उच्च मध्यम र निम्न वर्गका भाषा धर्म संस्कृतिका रूपमा प्राचीनम रुढिवादी अन्धविश्वास हिन्दु, पण्डित, मुसलमानले बोल्ने भाषा शिक्षाका कोणबाट हेर्दा शिक्षित र अशिक्षित समाजले बोल्ने भाषाकै रोचक, कलात्मक, प्रभावकारी, सरल र सहज एवं चोटिलो अभिव्यक्ति उपन्यासमा व्यक्त भएको छ ।

उपन्यासकारले दीपराजको माध्यमबाट एकलापीय कथनात्मक एवम् वर्णनात्मक शैलीको प्रयोगरी भाषाको उच्चस्तरीय दृष्टान्तलाई प्रस्तुत गरेका छन् जसको एक उद्घृतांश यस्तो रहेको छ ।

"आमा ! के विचार गर्नुभएको ? हामीलाई त हजुरले पहिले नै छुट्टाऱ्याइदिइसक्नु भयो नि । गर्भावस्थामा हजुरको र हाम्रो एकै खाना हुन्थ्यो, एकै सुखदुःख हुन्थ्यो, एकै श्वासप्रश्वास हुन्थ्यो, जीवनमृत्यु समेत एकै हुन्थ्यो । जब हामीलाई जन्म दिनुभयो । हाम्रो

खाना हाम्रो बास, हाम्रो सास अर्कै भयो, हजुरको आर्कै । पास्नीसम्म आफ्नै धोती च्यातेर हामीलाई पनि त्यसैको भोटो, टोपी सियाएर लगाइ दिनुहुन्थ्यो, पछि त्यसबाट पनि छुट्याएर नयाँ कपडाको लुगा हालिदिनु भयो । हामी एउटै विछ्यौनामा हजुरसित सुत्थ्यौ, पछि विछ्यौना भिन्दै आजकाल कोठाबाट समेत पृथक पारिदिनुभयो । क्रमशः क्रमश हामीलाई टाढाटाढा गरेर आफैँ छुट्टयाइदिइसक्नुभएको छ । अब छुट्टिन के बाँकी छ र ? दाजु यही घरको एउटा लङमा बस्नुहुन्छ । मुमा रानीसाहेबले पठाइदिइबक्सेको, मान्छेले पकाएको भुजा ज्युनार (?) गर्नुहुन्छ । हामी अर्कै लङमा बस्छौँ । हजुरलाई के भयो र ? हामी सबै बराबर, कहिले यता, कहिले उता, जता मन लागे उतै बस्नुहोला (पृ. ४३) ।"

उपन्यासलाई बोधगम्य बनाउनको लागि उपन्यासकारले उपन्यासमा कथ्यस्तरको सरल ग्रामीण परिवेश युक्त भाषाको प्रयोग गरेका छन् । जसको एक उद्घृतांश यस्तो छ । "आते ... ताहीं .... बढारकुँढार गर्न लाई राख्याथ्यो ...र म.... पानी लिन गाकी । ....म पनेराट आउँदा ... ऊ रअन छ । .... यतिका मालताल भाको ठाउँ .... रित्तै छाडेर गअछ । भाँडा छैन (पृ. १६७) ! ..." त्यस्तै उपन्यासमा राणादरबारको रहनसहनको चित्रण उपन्यासकारले यथार्थ रूपमा गरेकाले राणाकालीन उच्च आदर युक्त भाषाको प्रयोग यसरी गरेका छन् । "लोग्ने मान्छे सित बसेर स्वास्नी मान्छेले खेल्नु हुँदैन भन्ने कुरा त मैले आज यहीँ सुनेँ । हाम्रो मुमा रानीसाहेब खै त, हरहमेसा लोग्ने मानिससितै तास, पासा, गन्जिफा, बराबर कौडी पनि खेलिबक्सन्छ । कसैले केही भनेको छैनन् । (पृ. ६३-६४) ।" उपन्यासकारले उपन्यासलाई अझ चोटिलो, गहकिलो र ज्वलन्त तुल्याउनको लागि चित्रात्मक भाषाशैलीको प्रयोग यसरी गरेका छन् ।

"उनको रिसको पारो झन्झन् चढिरहेको थियो । त्यही झोकमा उनले आफूसमेत भएको उनको तस्बिर भित्ता बाट झिकेर भुइँमा बजारिदिए । कोठाभरि काँच छरियो । फ्रेमसहितको माउन्टलाई लिएर उनलाई जसै स्वास्नीको मुखमा 'खाक थू' गरेर थुकेका मात्र थिए थूकजति तस्बिरको आफ्नै मुखमा पर्न गयो; स्वास्नीकोमा चाहिँ दुई चार सानासाना छिटा मात्रा त्यस संयोगले उनको रिस झन् यति माथि चढ्यो । उनी त्यसैको कारण पागल हुन मात्र बाँकी भए (पृ. १४०) ।"

उपन्यासकारले सरकारको नियम र कानुनले मानिसको वैयक्तिक स्वतन्त्रलाई हरण गरी सही इन्साफ पाउन नसकेको आशय व्यक्त गरी सरकारप्रति व्यङ्ग्यात्मक भाषाको प्रयोग गरिएको एक उद्धृतांश यस्तो रहेको छ ।

"त्यो त के कुरा भयो र ! मलाई यहाँ एउटा कुराचित्त बुझेको छैन । मोटरले मानिस किचिएर मऱ्यो भने पन्ध्र सय तिरे पुग्ने रे ! वर्षको साठी हजारको आम्दानी हुने मानिसहरू नेपालमा जति भए पनि छन् । यदि उनीहरूले छ हजार मात्र पन्छ्याइदिए भने पनि चारजना मानिसलाई छानीछानी मार्न या मराउन पाउने भए । देशका ठूला नेतालाई, कवि या कलाकारलाई, महिलालाई अथवा बालकलाई जसमाथि रिस उसैलाई । यही हो त इन्साफ ? जबसम्म चाँदीको जुत्ताले मनुष्यको ज्यान किन्न पाइन्छ तबसम्म त्यस देशमा वैयक्तिक स्वतन्त्रता भएको ठहरिँदैन; इन्साफ छ भन्न सकिँदैन (पृ.६९) ।"

उपन्यासमा हिन्दु धर्म संस्कृतिको भाषिक प्रयोग पनि भएको पाउन सकिन्छ । "यस्तै प्रकार, शक्ति नभएको गोडाले लखरलखर हिँडेर, पानी नभएको आँखाले बजारबजार हिँडेर, असन अन्नपूर्णादेवीको मन्दिर अगाडि आइपुगेको मात्र थियो उसको आस्तिकता जाग्रत भयो, उसले ढोग्दै भन्यो - "जय अन्नपूर्णादेवी ! बाँचुन्ज्याल पेटभरि अन्न जुटाइदेऊ (पृ.५६) ।" भनेबाट थाहा हुन्छ । त्यस्तै गरी उपन्यासमा ठूलाले सानालाई बोल्ने सामाजिक भाषाको पनि समुचित प्रयोग भएको छ । "भन्दै छु त नि" उनी बोल्दै गए । "मकहाँ बराबर आउनेजाने गर्ने एउटा खत्री थियो । दुध बेचेर जीविका गर्छु, एउटा भैंसी किन्न तीन सय रुपियाँ दिनोस् भन्न अस्ति आयो । आज कुरा मिलाएर दिएर पठाइदिएँ - ब्याज बिहानबेलुकै आधाआधा माना दूध घरसम्मै लाइदिने । ......(पृ.१५)?"

उपन्यास पढ्न र बुझ्नका लागि कुनै बौद्धिक कसरतको आवश्यकता पर्दैन । सामान्य स्तरका पाठकले पनि उपन्यासको गहिराइलाई सहजै ठम्याउन सक्दछ । उपन्यासमा नेपाली ग्रामीण र तत्कालीन परिवेशको बोलिचालीको भाषाको प्रयोग गरिएको छ । उपन्यासको विषयप्रसङ्ग मिलाएर उखान टुक्काको बुट्टा भर्दै सूक्ति, उपमा र अनुप्रासका शृङ्गारले सजाउन भीमनिधि खप्पिस देखा पर्दछन् (भट्टराई, २०५० : १०९-१०) । तिवारीका सुक्ति, उपमा, उखान, टुक्का शुद्ध नेपाली समाजका घटना र विषयसँग प्रायः सम्बद्ध छन् । जस्तै केही हेर्दा, दैवको काम, छिनमा पानी छिनमा घाम (पृ. २१२) । चुच्चो जुँघा, छुच्चो अनुहार (पृ. १४०), त्यत्रो जुरोवाल साँढे फूलपातीको भेडाझैं घिच्चिरहेको

थियो (पृ. ५०) । मानिसलाई तृष्णाले नछोडेझैँ (पृ. ५४), साँझमा हावा खान निस्केका भुँडेवाल भारदार झैँ (पृ. ५४), भैँसीको हालत जस्ताको तस्तै रह्यो प्रजातन्त्रपछि पनि देशको अवस्थाझैँ (२४), त्यसरी दूध बोकेर हिँड्ने सोख सबलाई बराबर थियो पार्टीका हरेक सदस्यलाई झन्डा बोक्ने रहर भएझैँ (पृ. २४), शिवरात्री मेलामा पशुपति मन्दिरको वरिपरि रहेका जोगीझैँ (पृ. २), गरिब मऱ्यो इन्साफ पऱ्यो (पृ. १४२), तेलपानी एकै, पीना बाहिर ( पृ. १३९), हाम्रो जीबा भन्थे सासाँ हाल्या धनको आशा नपर्नु (पृ. ९), मानिसको आँट एउटा हुन्छ, विधाताको आँट अर्कै (पृ. १९) गरिबको धन पोल्टाको खाजा (पृ. ४८), हुने विरुवाको चिल्लो पात, नहुने विरुवाको फुस्रो पात (प. ४९), राजाको अगाडी बाबुको दुहाई (प. १३४), बेला न कुबेला बजी नय्ला (पृ. ११५), आरीभरिको चूकमा एक थोपा दूधजस्तो (पृ. ११३), चोर हर्छ, साधु पर्छ (पृ. १०३), सुखमा सबै हुन्छन्, दुःखमा कोही हुँदैनन (पृ. १४६), भोजनभन्दा भोक मीठो (पृ. १६८), आदि जस्ता सूक्ति, उखान अलङ्कारहरू सङ्क्षिप्त र चोटिलो ढङ्गमा प्रस्तुत गरिएको छ, जसले गर्दा उपन्यास रसिलो मिठो र सरल बन्न पुगेको छ भने लमकलमक, दाइजोपात, टुक्रुक्क, गहनागुरिया, घिच्याउन, कन्तुर, सिरिङ्ग-सिरिङ्ग, भताभुङ्ग, लथालिङ्ग, बिस्तारबिस्तार, गुन्द्रुक, घरघर, चोकसोक, झिलिमिली, सातआठ, आ-आफ्नो, भातसात आदि ठेट नेपाली अनुकरणात्मक समास, द्वित्व जस्ता शब्दहरू, दीप, बर्धते, व्यापारे, च्यूत, घाटा, अस्वीकृत, सञ्जन, लक्ष्मीकान्त, लोभानी, पापानी, क्रोध, मर्म, ग्रामीण, दृश्य, गति नैतिक आदि तत्सम, शब्दहरू अनि म आफू, घाम, आँखा, पानी, अमर, बुवा, गाउँ, छाता, भात, पाँच, सात, कुकुर, दुध, भाइ, दाइ आदि तद्भव शब्द र न्यूमार्केट, अदालत, देवानी, तारेख, डाक्टर, लाइट, इन्साफ, त्याग, गरिब, ठाना, इस्टकोट, पुलिस, साइकल मोटर ग्यास, ड्राइभर, डिसमिस, रिपोर्ट, एस.एस. पी. लालटिन, सिगर्रेट, हैण्डल आदि जस्ता आगन्तुक शब्दले उपन्यास सिंगारिएको छ ।

आलङ्कारिक सूक्ति, टुक्का, उखानहरू प्रायजसो सबै नेपाली ग्रामीण परिवेशमा बोलिचालिका रूपमा प्रयोग हुने भएकाले उपन्यासलाई झन् सरल सम्प्रेषणीय बनाएको छ । नेपाली कथ्यस्तरको ठेट शब्दावलीको प्रयोग ज्यादा हुनु जस्तै लाको, मनाँ, आर्काको, आकी, भाको, हेऱ्या, आँवै, र त आदि शब्दहरूले उपन्यास बोधगम्य बनेको छ । केही आगन्तुक र कतैकतै तत्सम शब्दको प्रयोगले केही जटिलता थपे पनि समग्रमा भन्नुपर्दा उपन्यासमा सरल भाषाले नै महत्वपूर्ण स्थान ओगटेको छ ।

यसरी यस उपन्यासमा तत्सम, तद्भव र आगन्तुक शब्द अनि विभिन्न किसिमका उखान टुक्का, सुक्ति आदिको अलङ्कारमय भाषा र वर्णनात्मक शैलीले उपन्यासलाई काव्यात्मक बनाएको छ ।

### ४.१.४ लिङ्गको आधारमा इन्साफ उपन्यास

समाजमा असमानता तथा विविधता वा भिन्नता देखाउने महत्वपूर्ण आधारमा लैङ्गिक विविधता पनि भएकाले यस उपन्यास भित्र रहेका महिला र पुरुष पात्रहरूको अध्ययनबाट समाजमा रहेको लैङ्गिक अवस्थाको बारेमा जानकारी पाउन सकिन्छ ।

नेपाली समाजमा लैङ्गिक भूमिकाले परिवारको संरचनाभित्र परिवारको श्रम विभाजन देखाउने परिपाटीको विकास सदियौं वर्ष देखि चलिआएकोले *इन्साफ* उपन्यासको प्रयुक्त पात्र वीरबहादुर खत्री (बिरे) ले आफ्नी पत्नी सेतीलाई आफ्नो काममा पुरुषत्व रहेको जानकारी गराउनको लागि उसले पत्नी सेतीलाई एक काम गर्नु पर्‍यो भनीरहने तर कामको स्पष्ट परिचान नदिने सेती भने उसको चेहरा तिर उत्सकताले भरिएको हृदय बोकेर टुलटुलु हेरिरहेकी थिई । बिरेले स्वतः भन्यो - “स्वास्नीसित के को सल्लाह ? आफ्नै आँटले काम गरिन्छ ।” हजारौ वर्षदेखि पुरुषवर्गले नारीजातिलाई हेय दृष्टिले हेरिआएको भावना उसमा जागृत भयो । उसले पुनः स्वत भन्यो -“यो स्वास्नीसित व्यर्थ केको सल्लाह (पृ. ३)?” भनेबाट पनि थाहा हुन्छ बिरे पुरुष भएकै कारणले उसले नारी माथि हेयको दृष्टिकोण व्यक्त गरेको पाइन्छ । उता विभिन्न दुःख कष्टलाई झेल्दै कमाएर ल्याएको ऋण चुक्ता गरी तमसुकको शिर च्यातेर घरबारी निखनेको देखेर “सेतीले आफ्नो लोग्नेको चेहरा खूब हेरी - क्या पौरखी क्या बहादुर मेरा खसम (पृ. २३५)।” भनेबाट बिरे पुरुष भएकै कारण समाजमा उ नारी भन्दा बहादुर र पौरखी रहेको छ । नेपाली समाजमा महिलाहरूले घरपरिवारको सेवा गर्नुपर्ने, खाना पकाउनु पर्ने, घरभित्रको चुलो र चौकामा मात्र सीमित रहनुपर्ने आदि जस्ता कार्यहरू गर्नुपर्ने भएकाले “सेती खाइपिइसकेर माझेका भाँडा लिएर दैलोभित्र पस्न लागेकी थिई (पृ. ९०) ।” भनेबाट पनि सेती महिला रहेको थाहा हुन्छ । लिङ्गको आधारमा छोरा र छोरीलाई समाज तथा संस्कृतिले पनि विभेद गरेको हुन्छ । जस्तो हिन्दु समाजमा छोरालाई वंश धान्ने, आय आर्जन गर्ने, परिवारको संरक्षक, बहादुर, पिण्ड खुलाउने आदि जस्ता कार्यहरू छोराहरूले गर्ने भएकाले, वीरबहादुरको छोरो आइते निदाइरहेको अवस्थामा वीरबहादुरले आइतेको मुखतिर हेरेर सोचिरहेको थियो -“यो मेरो एउटै छोरो, अब होलान्

भन्नु छैन । बुढेसकालमा पाल्ने, मरेपछि पोल्ने यो मेरो छोरो, मायाको डोरी,.....(पृ. ८०) ।" जस्ता कुराहरू भनेबाट पनि आइते पुरुष रहेको थाहा हुन्छ ।

जवानीको जोस भएको नियन्त्रण गर्ने कोही नभएकोले राणाकालीन पटक पटकको जुवामा ठूलो घर बगैचा र मधेसको जग्गाजमिन सहित होमेर सबै सखाब पारेका महन्काजीलाई के गरुँ, कसो गरुँ, कहाँ जाऊँ, कहाँ बसूँ भएको र मानसिक सन्तुलन डाँवाडोल भएको देखेर कही विक्षिप्त भएर यत्रतन्त्र कतै नगइदिउन् भन्ने भयले उनकी श्रीमती नर्मदाले माइतबाट आमाबुवाबाट रोइ कराई गरी ल्याएको दुई हजारमा केही सरसापट गरी पच्चीस सयमा महन्तकाजीले घर किनेका थिए । यसरी उनको बास भएको थियो । सामान्य जनजीवन चलाउनको लागि बास मात्र भएर भएन गाँसको आवश्यकता पर्ने नै थियो । यस्तो परिस्थितिमा महन्त काजीले "बासको सृजनामा श्रीमतीले ठूलो सहायता गरिन् अब गाँसको पनि तिमी नै बन्दोबस्त गरिदेऊ भन्न उनले कदाचित सकेनन् । उनमा भएको पुरुषत्वको मर्यादाले, अन्तरात्माले विरोध गऱ्यो ।" मेरी जहानलाई मैले नै पाल्नुपर्छ, मीठो होस् या पीठो होस्, भरपेट मैले नै खुवाउनुपर्छ किनभने आजीवन मैले नै उनको रक्षक वा प्रहरी भएर बस्नु छ, उनले ठाने (पृ. ११) । भनेबाट पनि महन्तकाजी पुरष भएकै कारण नारीलाई गाँस, बास अनि कपासको व्यवस्था मिलाउनु पर्ने र आजीवन नारीको रक्षा गरेर बस्नु पर्ने आशय व्यक्त गरेका छन् । नेपाली हिन्दु परम्परा अनुसार महिला आदर्श स्वभावकी, कान्ता वचन बोल्ने, असल गृहिणी सुशील, सहनशिल, पति कुलतमा लागेको थाहा पाएमा  अर्ति उपदेश दिने जस्ता गुणहरूले सुशोभित भएको हुनुपर्ने मान्यता अनुसार नर्मदा सुशील, विचारवान, दयालु, पतिव्रता र शिष्ट गृहिणी भएकीले लोग्ने महन्तकाजीलाई बेलाबखत मूड हेरी नम्रताका साथ कान्त वचन बोली कचाउन सक्ने आदर्श स्वाभावकी नै छन् । "जीविकाको कुनै बाटो खोजौंला नाइँ । यतिका मानिसहरू एक न एक तरिकाले आर्जन गरेर खाएकै छन् त । जहान भन्नु हामी दुवै जना न हौं । एक गाँस ईश्वरले जसरी भए पनि जुराउँछन् (पृ. ११९) ।" भनेबाट पनि नर्मदा महिला भएर नै कुलतमा लागेका लोग्नेलाई सहनशिल भएर कान्ता वचनले जीविकाको लागि अरु नै बाटो रोज्ने आशय व्यक्त गरेकी छन् भने उनी महिला भएर नै एक छोरीकी आमा बन्न पुगेकी छन् ।

सामान्यतया पुरुषको निर्देशन, प्रभुत्व र नेतृत्वमा नै महिलाहरूले जीवन व्यतित गर्नु पर्दछ अनि महिलाको तुलनामा पुरुष समाजको उच्च श्रेणीमा रहन्छ भन्ने पितृसत्तात्मक समाजमा हुर्किएका शैलराज शर्माले "म लोग्ने, त्यो स्वास्नी, म टोपी, त्यो जुत्ता, म सिन्दुर, त्यो खरानी, यति थोरै दिनमा त्यस्तो विधि चढिसकिछ ? त्यसकी मुमा रानीसाहेबले पोइलाई हेपेको झैं, त्यो पनि मलाई गर्न खोज्दी हो । किमार्थ सक्दिन । ..........(पृ. १३९) ।" भनेबाट शैलराज, पुरुष भएर नै आफ्नो स्वास्नीलाई धुलोको कसिङ्गर जस्तै हेयको दृष्टिले हेरेको थाहा हुन्छ । त्यस्तै शैलराजकी पत्नी मैयाँनानीमा जुन नेपाली हिन्दु परम्परा अनुसार महिलामा हुनुपर्ने गुणहरू कुनै पनि थिएन थिए त केवल अवगुण मात्र । यस्ती कर्कश स्वभावकी, लोग्नेलाई अपमान गर्ने हठ र जिद्दी स्वभावकी, राणादरबारको हैकमी शासनमा हुर्की उच्चस्तरीय जीवनशैली अपनाउने उत्ताउली चरित्रकी भएता पनि लोग्नेलाई जुवाको लत छुटाउनको लागि "उनले दरबारिया चर्तिकला देखाएर, जस्तै कहिले फकाएर, कहिले रिसाएर, कहिले बिन्ती गरेर, कहिले ठुस्सेर, कहिले हाँसेर, कहिले रोएर, कहिले सल्लाह दिएर, कहिले तर्साएर, कहिले पाउ परेर, कहिले गाली गरेर अनेकौं युक्ति उपायले त्यो लत छुटाउन खोजिन् परन्तु उनले खोजेको वस्तु पाइनन् (पृ. ४५) ।" भनेबाट मैयाँनानी महिला भएर नै जुवा जस्तो कुलतमा लागेका आफ्नो लोग्नेलाई अनेकौं युक्ति उपाले त्यो लत लाई छुटाउने प्रयास गरेको पाइन्छ भने उनी महिला भएर नै छोरो सुशीलकी आमा बन्न पुगेकी छन् ।

उपन्यासलाई पूर्णता दिनको लागि सहयोगी भूमिका निर्वाह गरेका भान्जाराजा र हाफिज अली पनि पुरुष भएकै कारणले परस्त्री खासगरी आइमाईहरूलाई शङ्कास्पद दृष्टिले नजर लाउने गर्दथे भन्ने कुराको पुष्टि "शैलराजलाई आफ्नी श्रीमती साथमा लिएर बाह्रमासेको अखडामा जानु कुनै आपत्ति थिएन । महन्तकाजी, गुरु धर्मनाथ, सानुमान सबै सज्जन प्रकृतिका मानिस थिए । तर हाफिज अलिको साथमा राख्नु अझ यो भन्दा पनि बढ्ता भान्जाराजाको सम्पर्कमा पुऱ्याउनु असह्य थियो किनकी उनको चरित्र (खास गरेर आइमाइहरू प्रति) अविश्वसनीय र शङ्कास्पद थियो (पृ. ६४) ।" उपयुक्त गद्यांशका आधारमा भान्जाराजा र हाफिज अली पुरुष भएकै कारण परस्त्री माथि गिद्धे नजर राख्नु सामाजिक असमानताको उदाहरण हो । हाकिम सानुमान पुरुष भएकै कारण बहालबाला अदालती डिट्ठाका रूपमा जागिरे रहेका अनि शैलराजलाई स्वास्नीले अन्याय गरेकीले शैलराजका निमित्त गाँस, बाँसका निम्ति अदालतमा नालिस दिनलाई फिराद पत्र लेख्ने काम

गरेको पाइन्छ । सात सालपछिको प्रजातान्त्रिक सरकारले जूवाप्रथालाई बन्द गरिदिए पनि जनतामा चेतना आएको थिएन । त्यसैले उनीहरूको हृदयबाट त्यो पूर्वसंस्कार नहटिसकेकोले कोठाभित्र लुकीछली जुवा खेल्ने गुरु धर्मनाथ पुरुष भएकै कारण जुवाडे रूपमा रहेका अनि शिक्षकका रूपमा समेत । पं. करुणाकर पुरुष भएकै कारण गुरु धर्मनाथ र हाफिज अली बीच धार्मिक चर्चाले उग्ररूप लिन लाइसकेको अवस्थामा यि दुइमा समन्वय ल्याई स्थितिलाई सामान्य बनाउने खुबी रहेको छ ।

शैलराजकी आमा महिला भएकै कारणले शैलराज, कोषराज र दीपराज गरी तीन छोराहरूकी आमा बनेकी छन् भने कोषराज र दीपराज पुरुष भएकै कारण शैलराजका भाइहरूका हैसियतमा रहेका छन् । रानीसाहेब महिला भएकै कारण मैयाँनानीकी तथाकथित माइतीका रूपमा आएकी छन् भने जर्साहिव पुरुष भएकै कारण रानीसाहेवको श्रीमानको रूपमा आएका छन् । बुधे पुरूष भएकै कारण आइतेसँग मित्यारी लाएको अथवा आइते र बुधे दुवै पुरूष भएर नै ठूलो पुरूषार्थ गरेका छन् भन्ने कुराको स्पष्ट जानकारी यसरी पाउन सकिन्छ ।

"दुवै जना मित्यारी लाउने उद्देश्यले महाङ्कालको स्थानमाथि उक्लिए । तर त्यहाँ दर्शन गर्न आउनेहरूको आओत जाओत भइरहेकाले उनीहरूका कार्यमा बिध्नबाधा परेको जस्तो लाग्यो । त्यहाँबाट ओर्लेर त्यसैको उत्तरपट्टि सडकको नजिकै पूर्वपट्टिको टुँडिखेलमा चारैतिर पर्खालले घेरेको गुरूमापाको स्थानभित्र दुवै पसे । उद्देश्य उही मित्यारी लाउने थियो । आइते र बुधेले पैसा साटासाट र परस्परमा नमस्ते गरे । त्यस बखत दुवैको दिल कमलजस्तो भएर फुलेको थियो - हामीले ठूलो पुरूषार्थ गऱ्यौं, ठूलो पराक्रम गऱ्यौं (पृ.८९) ।"

महिलाहरूले पुरूषको निर्देशन र नेतृत्वमा जीवन बिताउनु पर्ने अवस्थाको सृजना समाज र संस्कृतिले गरेकाले चनख महिला भएकै कारण भान्जाराजाको निर्देशन र नेतृत्वमा श्रीमतीको जीवन बिताइरहेकी छे । सेतीको गाउँले सासू महिला भएकै कारण सेतीको सासू बनी आएकी छन् । गोरे र साहिंलो पुरुष भएकै कारण आइतेको गाउँले साथी बनी आएका छन् । सानी, महिला भएकै कारण वीरबहादुरकी कान्छी श्रीमती अथवा आइतेकी आमाको रूपमा आएकी छन् । महन्तकाजीले वीरवहादुरको घर सोद्धा उपस्थित साग बेच्ने आइमाई महिला भएकै कारण आइमाईको संज्ञा पाएकी छ । महन्तकाजीको घरमा भान्छेको रूपमा

काम गर्ने पुन्टे बाहुन पुरुष भएकै कारण पुन्टे भनिएको छ । त्यस्तै शैलराजको मुद्दा हेर्ने वकील, न्यायधीश पुरुष भएकै कारण वकील र न्यायधीश जस्ता हैसियतमा छन् । सुरक्षा दिने र गैरकानूनी कार्यलाई रोक्ने प्रहरीहरू पनि पुरुष भएकै कारण प्रहरी हैसियतमा छन् । सेतीलाई आपत् परेर गुहार माग्दा सहयोग गर्न आउने भाइहरू पुरुष भएर नै भाइहरूको संज्ञा पाएका छन् भने धारामा भेट हुने आइमाईहरू महिला भएकाले नै आइमाईहरूको संज्ञा पाएका छन् ।

यसरी यस उपन्यासमा आएका पात्रहरूमा पुरुष पात्रहरू आफूलाई माथिल्लो दर्जाका रूपमा शक्तिशाली ठान्दछन् भने नारीलाई तल्लो दर्जाको कमजोर ।

## ४.१.५ संस्कृतिका आधारमा इन्साफ उपन्यास

*इन्साफ* उपन्यासका पात्रहरूले हिन्दु धर्म, संस्कृति, रुढिवादी अन्धविश्वास, प्राचीनतम संस्कृति आदि जस्ता संस्कृतिहरूलाई आत्मसात गरेका छन् ।

यस उपन्यासको केन्द्रीय भूमिकामा रहेका बीरबहादुर खत्रीले प्रत्येक दिनको नियम अनुसार एउटा धुप बालेर कालिकाको भाषा स्तोत्र पाठ गर्ने गर्दथ्यो । जसमा हिन्दु धर्म संस्कृतिको प्रभाव परेको देखिन्छ त्यसो त बिरेले पाठ समाप्त गरेर हातले ढोग्दै भट्याउन थाल्यो -"जय गुह्यकाली ! जयभद्रकाली ! जय वनकाली (पृ. ९)!" भनेबाट वीरबहादुरले हिन्दु धर्म संस्कृतिलाई आत्मसाथ गरेको थाहा हुन्छ । सार्वजनिक पाटीमा वर्षौ देखि बसिआएका साँढेको बास उठाई बिरेको परिवार बस्न थालेपछि साँढेले उपद्रव मच्चाएका रातविरात सेती र आइतेलाई तर्साएको बाट "सेती र आइते उस्तै समाजमा हुर्केका । शिक्षाहीन भएकाले सांस्कारिक दुर्बलता पनि एकै थियो । उनीहरूले धेरै सानो उमेरदेखि पीपलको रुखको वरिपरि मध्यरातमा बोक्सीले छौंडा खेलाउँछन्, पिसाच नाच्छन् भन्ने सुनेका थिए । उनीहरूको घर (पाटी) पनि त्यत्रो अजङ्गको पीपलको रुखअगाडी थियो (पृ. १९१) ।" भनेबाट सेती र आइते उस्तै समाज र संस्कृतिमा हुर्केका अनि शिक्षाहीन रहकाले यिनीहरूको विचारमा, भूतप्रेत, बोक्सी, पिसाच आदि हुन्छन् भन्ने मान्यतामा आधारित भएका यिनीहरूले परम्परित रुढिवादी संस्कृतिलाई अवलम्बन गरेको प्रष्ट हुन्छ ।

आइतेले राति सुत्ने बेलामा पाठ गर्ने गरेका कालीहरूका नाम मनमनै जप्न थाल्यो - "जये वनकाली ! जये रक्तकाली ! जये श्वेतकाली ! जये गुज्येकाली ! जय भद्रकाली ! जय दछिनकाली (पृ.१४७) !" भनेबाट आइतेमा हिन्दु धर्म संस्कृतिको राम्रै प्रभाव परेको थाहा हुन्छ भने सेतीले सराप्दै निसासिएर फलाक्न थाली - "त्यै काली राँडी, त्यै छ्याटकी राँडी, त्यै बोक्सी राँडकिो भस्म भाको, आज ब्यान पनेरोमा चिप्ली भेर सोधेर मरेकी थिई, भैंसीले दुध कति दिन्छ नि बुहारी ?' मैले भनें चार-पाँच माना ।' त्यै खपिनसक्नु भाको त्यसलाई । 'मही पार्दैनौ ?' भनेर पनि सोधी मर्थी । अर्काले लाको, खाको अर्को बनिबनाउ भाको देखिनसर्की ! पख्लिस् राँड, तेरा गालाँ तातो पन्यूँको डाम नबसालीकन ... (पृ.२२)" भनेबाट सेतीमा परम्परित रूढीवादी संस्कृतिले जरो गाडेको थाहा हुन्छ । समाजबाट व्यक्तिले सामाजिक नियम, मूल्य मान्यता, खाने बस्ने तरिका परम्परा प्रथा आदि जे जति सिक्दछ त्यही सिकाईको समग्रता नै संस्कृति भएकाले सेती र आइते पनि एउटै समाजमा हुर्केकाले परम्पराबाट जे सिक्दै आएका छन् त्यसलाई संस्कृतिको रूपमा विकास गरेको पाइन्छ ।

राणाकालीन समयमा आफूलाई जुवाबाट मुक्त गर्न नसक्दा सम्पूर्ण घर बारी, बगैचा गुमाएका महन्तकाजी समय पाउन साथ धेरै जसो गुरु धर्मनाथ सँग शिक्षाग्रहण, शङ्का समाधान, धार्मिक चर्चा जस्ता विषयमा छलफल गरिहाल्थे,

"महन्तकाजी र गुरु धर्मनाथ धर्मको विषयमा छलफल गर्न लागिरहेथे, कति कुराहरूमा उनीहरू दुईको एक मत, एक सिद्धान्त थियो । जस्तै दुवै जना माछामासु खाँदैनथे । केही वर्षयतादेखि दुवै जनाले चुरोट तमाखु पनि छोडेका थिए, ईश्वरको अस्तित्वउपर ती दुवै जनाको उतिकै आस्था थियो । यस्तै मौका परेको, दुई जना मात्र भएको बेलामा महन्तकाजी धर्मनाथसित शिक्षा ग्रहण, शङ्कासमाधान, धार्मिक चर्चा गर्थे । उनको हृदयबाट आफ्नो वंशानुक्रमागत संस्कार अझ गरिसकेको थिएन । जातीय धर्मरक्षा सकभर गरेकै थिए (पृ. १४) ।"

यसबाट पनि स्पष्ट हुन आउँछ की महन्तकाजीले संस्कारगत रूपमा जातीय संस्कारलाई अगालेका छन् । त्यसो त महन्तकाजीको घरमा खाना पकाउनको लागि पुन्टे बाहुन राखेबाट पनि जातीय संस्कारले आश्रय पाएको छ भन्न सकिन्छ । उता महन्तकाजीकी श्रीमती नर्मदा सन्तानको कामनाले सन्तानेश्वर महादेवको धूम भड्कसित पूजा गरेकी, दम्पती (नर्मदा र महन्तकाजी) नै ऋषीश्वर र आशा पूरेश्वरको दर्शन गर्न

गएको र अन्त्यमा एक्काइस ओटा लड्डु र एक्काइसै ओटा दुबो चढाएर एक्काइस मङ्गलको व्रत बसेको र यिनै धर्मको फलले हो या त काकतालीले केले हो गर्भको लक्षण देखिएर आएकोले नर्मदाले प्राचीनतम हिन्दु धर्म संस्कृतिलाई अवलम्बन गरेको देखिन्छ । जस अनुसार उनले विभिन्न देवी देवताको पूजा दर्शन गरेको अनि लड्डु दूबो चढाई मंगलको व्रत बसेकी छन् । जुन हिन्दु संस्कारमा प्रचलित छ ।

संस्कृति मानव आर्जित भएकाले एउटा समाजमा एक किसिमको संस्कृति पाइन्छ भने अर्को समाजमा अर्को किसिमको संस्कृति पाउन सकिन्छ । त्यस्तै व्यक्ति विशेषमा पनि भिन्नै किसिमको संस्कृति रहेको हुनाले ममतामयी माताकी भूमिकामा रहेकी शैलराजकी आमाका तीन छोराहरू दीपराज, कोषराज र शैलराज उच्च ब्राह्मण कुलमा जन्मिएकाले त्यसै अनूरूपको ब्राह्मण जातीय संस्कृतिलाई अंगाले पनि शैलराजमा भने सामन्ती संस्कार हावी भई जरो गाडेको छ । उसले बिरेको घरवास उठाउनको निमित्त तीन चार जना मतवाला भूसतिघ्रे सैन्यलाई लगि बिरेको दैलोभित्र प्रवेश गराई बिरेको भए भरका मालसमानहरू अपमान पूर्वक आँगनमा ल्याएर पसारो पारी बिरेको बास उठाएको घटनाबाट शैलराजमा सामन्ती संस्कृति हावी भएको स्पष्ट थाहा हुन्छ । शैलराजले बिरेलाई “मेरो घर आजै, ऐले तुरुन्तै खाली गरिदे । राजीखुसीले गर्छस् भने गर्छस् होइन भने यी चार जना छन् यिनैले तेरा झिटीझाम्टा आँगनमा ल्याएर थुपारिदिन्छन् । म ताल्चा मार्छु (पृ. १४३) । भनेबाट पनि उसमा रहेको सामन्ती संस्कारले लामै जरो गाडेको प्रष्ट हुन्छ । त्यस्तै शैलराजकी पत्नी मैयाँनानी गरिब बाहुनकी छोरी भएता पनि रानीसाहेबको आडभरोसामा उच्चस्तरीय जीवनशैली अपनाएकी राणाकालीन सम्भ्रान्त संस्कारलाई अंगालेको पाइन्छ । “ठुल्दुलै, रानीसाहेबले पाँचवर्षको उमेरदेखि आफ्नै साथमा राखेर पालेकी मैयाँनानी, उनले दुःख जानेकी थिइनन् । हरेक बिहान र साँझ दिनको दुइ पटक एक डेढ घण्टा श्रृङ्गारमै बित्दथ्यो । बाँकी समय उपन्यास हेर्नु या हार्मो नियम बजाउनमा जान्थ्यो किनकी त्यस्तै वातावरण हुर्केकी थिइन (पृ. ४१) ।” भनेबाट पनि थाहा हुन्छ की उनी सानै देखि राणाकालीन दरबारमा रानीसाहेबसँग बसेकीले दुःखको कुनै अनुभव नै गरेकी थिइनन् उनको काम भन्नु नै आफू श्रृङ्गारिनु अनि उपन्यास पढ्नु हार्मोनियम बजाउनु आदि जस्ता सुख सयल र ऐस आराममा बितेकाले उनमा राणाकालीन सम्भ्रान्त संस्कार हाबी भएको छ भन्न सकिन्छ भने छोरा सुशील मैयाँनानीकै रेखदेख र भरोसामा रानीसाहेबकहाँ नै

हुर्किएकाले उसमा पनि राणाकालीन दरबारिया सम्भ्रान्त संस्कारको प्रभाव परेको छ भन्न सकिन्छ ।

नोकरचाकरहरू सहित दरबारमा सुख सयलमा आफ्नो जीवन बिताइरहेकी रानीसाहेबमा दरबारिया संस्कृति रहेको छ । उपन्यासको अर्को पात्र पं. करुणाकरले गुरु धर्मनाथ र हाफिज अलीका बीच धर्मको विषयमा चर्चा चलिरहदा समन्वय ल्याउने हेतुले "मुख्यतः चाहे हिन्दु, चाहे मुसलमान दुवै आस्तिक जाति हुन्, किनकी दुवै ईश्वरको अस्तित्वलाई या खुदाको बाजेबुल बजुदलाई स्वीकार, कबुल गर्छन् । मुसलमानका खुदा सातवाँ आसमानमा छन् त हिन्दुका परमेश्वर पनि आकाशमै छन् । आपद्ग्रस्त कालमा दुवै थरी आकाशतिर नै हात फैलाएर ईश्वरको पुकार गर्छन् खुदा ! या हे ईश्वर (पृ. ३७) ।" भनेबाट पनि पं. करुणाकरले धर्मनाथ र हाफिज अलीका बीच भएको धर्मको विषयको चर्चामा समन्वय ल्याएर समतामूलक समन्वय संस्कृतिको निर्माण गर्न चाहन्छन् । संस्कृति र व्यक्तित्वबीच घनिष्ट सम्बन्ध रहने हुनाले एउटा व्यक्ति जुन संस्कृतिमा हुर्कन्छ, उसको व्यक्तित्व पनि त्यही संस्कृति अनुसार नै हुने भएकाले र हाफिज अली मुसलमान भएकाले मुसलमान संस्कृतिलाई नै अवलम्बन गरेका थिए भन्ने कुरा "हाफिज अलीले पनि मारो गोली जुमाको शुक्रबार भएकाले आफ्नो धार्मिक नियमानुसार दिउँसो नमाज पढ्न मस्जिदमा जानुपर्ने थियो छाडिदिए (पृ.९९) ।" भनेबाट थाहा हुन्छ । जहाँ हिन्दुहरू मन्दिरमा गए झैं मुस्लिमहरू पनि मस्जिदमा जाने गर्दछन् ।

समय पाउनासाथ धार्मिक विषयको बारेमा चर्चा गर्ने गुरु धर्मनाथ, पण्डित भएका, घाँटीमा गौरीशङ्कर रुद्राक्षविशेषको कण्ठी झुन्ड्याएका अनि संस्कृतका श्लोकहरू गुनगुनाउने भएकाले यिनले ब्राह्मण जातीय हिन्दु संस्कृतिलाई अंगालेका छन् भन्न सकिन्छ भने हाकिम सानुमान बहालबाला अदालती डिट्ठा भएका हुनाले यिनले अदालती संस्कृतिलाई आत्मसाथ गरेका छन् । भान्जाराजा सदैव ऐस, आराम, मोज मस्ती अनि पहिरनमा पनि कहिले चुडीदार पाइजामा त कहिले सेरबानी, कहिले प्यान्ट र बुसर्ट हुन्थ्यो त कहिले पूरा सुटमा त्यस्तै बेला र स्थान हेरी राष्ट्रिक पोसाक पनि बराबर प्रयोग गर्ने भएकाले भान्जाराजाले उच्चस्तरीय संस्कृतिलाई आत्मसाथ गरेको पाउन सकिन्छ । शैलराजकी आमा अनि भाइहरू उच्च ब्राह्मण कुलमा जन्मिएकाले ब्राह्मण जातीय संस्कृतिलाई अवलम्बन गरेका छन् ।

आइतेको सहरिया मित बुधे आफ्नो ज्यान पाल्नका लागि सहरमा गएर कहिले बरफ त कहिले तिलौडी, लट्टेपा, पुष्टकारी, सखरसाला बेची सहरिया संस्कृति मै रमाएको छ । महन्तकाजीको घरमा भान्छेको रूपमा काम गर्ने पुन्टे बाहुन, बाहुन भएकोले नै ब्राह्मण संस्कृतिलाई मानेको छ । यसैगरी दरबारमा रहेका बहिदार, बिजुली केमरा आदि जस्ता नोकरचाकरहरू दरबारिया संस्कृति सम्पन्न छन् । महन्तकाजीले वीरबहादुरको घर सोध्दा उपस्थित साग बेच्ने आइमाई सागबेच्ने संस्कृतिमा रहेकी छन् । धारामा भेट हुने आइमाईहरू धारामा गई पानी ल्याउने संस्कृतिमा रहेका छन् । वीरवहादुरको भैसी मर्दा भैसी किन्न आउने कसाइहरू शुद्र जातीय संस्कृतिमा रमाएका छन् । आइतेको गाउँले साथीहरू गोरे र सांहिलो ग्रामीण संस्कृतिमा रहेका छन् । शैलराजको मुद्दा हेर्ने वकील, न्यायधीसहरू अदालती संस्कृतिलाई आत्मसाथ गरेका छन् त सुरक्षा दिने र गैरकानूनी कामलाई रोक्ने प्रहरीहरू पनि प्रहरी संस्कृतिलाई अवलम्बन गरेका छन् ।

यसरी यस उपन्यासका पात्रहरूमा हिन्दु, मुस्लिम, प्राचीनतम रुढिवादी, अन्धविश्वास आदिजस्ता संस्कृतिहरू देखा पर्दछ ।

### ४.१.६ सामाजिक नियमका आधारमा इन्साफ उपन्यास

समाजलाई विकास अनि संगठित बनाउनको लागि समाजमा बसोबास गर्ने सदस्यहरूले बनाएको नियम नै सामाजिक नियम भएता पनि यस्ता समाजका सदस्यहरूले बनाएका नियमलाई समाजका कतिपय सदस्यहरूले पालना गर्छन् त कतिपय सदस्यहरूले पालना नगरेझैँ यस उपन्यासमा प्रयुक्त पात्रहरूमा कतिपयले सामाजिक नियमको परिपालना गरेका छन् त कतिपयले सामाजिक नियमको परिपालना गरेका छैनन् ।

यस उपन्यासको प्रमुख पात्र बिरेले समाजले दिएको छुटको प्रयोग गर्दै पहिलो श्रीमती बाट बच्चा नभएपछि दोस्रो श्रीमती विवाह गर्छ । ग्रामीण नेपाली किसानको रूपमा परिचित बिरे समाजमा रहेर नै घरगृहस्थी चलाउनको लागि खेतीपातीमा आवद्ध रहेको छ । इन्साफ पाएन भन्ने तर कानुनसँग डराउने बिरेले कतैकतै बाध्यताले भने गलत काम गर्नुपरेको छ । "दिनको चारै माना दुध भयो भने पनि दुई माना पानी समेतले छ माना भइहाल्छ छ मानाको छ मोहर दैव नहर (पृ. ८) ।" जुन सामाजिक नियममा रहेर काम गरेको देखिदैन । बिरेलाई सुखदुःखमा साथ दिने सेतीले उपन्यासमा "त्यै काली राँडी, त्यै छ्याकटी राँडी, त्यै बोक्सी राँडीको भस्म भाको, आज ब्यान पनेरोमा चिप्ली भेर सोधेर

मरेकी थिई, भैंसीले दुध कति दिन्छ नि बुहारी (पृ. २२)....? भनेबाट पनि सेती परम्परित रुढिवादी सामाजिक नियमलाई अनुसरण गरेकी छ अनि आफ्नो सौता (कान्छी/सानी) मरेपछि घरबार सम्हालेकी सेती सौताको छोरो आइतेलाई सामाजिक नियम विपरित केही तल माथि गर्न खोजेपनि अन्त्यतिर आफ्नो सन्तान नभएकाले सामाजिक नियममा नै रही उसलाई माया, ममता दर्शाएकी छ । त्यस्तै आइतेले पनि बाबु, आमा (सौतेनी आमा) लाई सम्मान गरेकै छ जुन समाजले आफूभन्दा ठुलालाई सम्मान अनि सानालाई माया गर्नुपर्छ भन्ने नियमको आधारमा निर्माण गरेको सम्बन्ध सूचक हो । आइतेले बाबुआमालाई सम्मान गरे तापनि दूध बेच्न जाने क्रममा घरमा देखेको संस्कारले सामाजिक नियम विपरीत केही गलत काम गर्न पुगेको छ । "बिरेको पिँढीबाट संस्कार भएर निस्केको दुधलाई आइते पनि बराबर उपसंस्कार गरिदिन्थ्यो र बीचआकाशमा फलेको पैसाले तीनै जना एकएक सिङ्गासिङ्गै चुरोट तान्दै फर्कन्थे । आइतेको यो व्यवहारले पनि अझ उनिहरूलाई आकर्षण गरेको थियो (पृ.२४) ।" भनेबाट थाहा हुन्छ । यसरी गलत काम गर्न पुगेको आइते उपन्यासको अन्त्यतिर भने सामाजिक नियमलाई नै परिपालन गरि काम गरेको छ जसको एक उद्धृतांश यस्तो रहेको छ,

"आइतेले पनि पहिलेको जस्तो बीचमा पानी थपेर चुरोट खानलाई पैसा नाफा गरेको थिएन । ऊ शुद्ध मनले शुद्ध दूध घरघरमा पुऱ्याउँथ्यो, फर्कन्थ्यो । बालकलाई चोर या सज्जन गराउने मूल कारण नै उसका बाबु, आमा हुन् । ऊ घरमा जस्तो देख्छ त्यस्तै गर्न अग्रसर हुन्छ । पासावालको छोरो सानैदेखि पोटबाह्र भनेर थर्कीको घर गन्न थाल्छ ; खेतीवालको छोरो कुटो लिएर बारी खन्न थाल्छ (पृ.२४६) ।"

मध्यमवर्गीय समाजको प्रतिनिधित्व गर्ने ३० वर्षीय महन्तकाजीले सामाजिक नियम विपरित सुरुमा जुवा खेलेर आफ्नो सारा पैतृक सम्पत्ति गुमाएपछि पनि "उनले आफ्नो विचारलाई धेरै मन्थन गरिसकेपछि मही सार नौनी झिके मलाई जुवाले नै इतिश्री पाऱ्यो, अब यसैद्वारा मैले आफ्नो भरणपोषण पनि गर्नुपऱ्यो (पृ. १२) ।" भनेबाट महन्तकाजीले सामाजिक नियम विपरित जूवा खेलाउने कार्य गरेको थाहा हुन्छ । यसपछि महन्तकाजी सामाजिक नियम विपरीत जुवा खेल्ने र खेलाउने गरेको कामलाई छाडेर सामाजिक नियमअनुसार नै उद्योगको बाटोमा लागेको थाहा हुन्छ जसको एक उद्धृतांश यस्तो रहेको छ ।

"एउटै सवारीमा बसेर एउटै मार्गमा प्रस्थान गरिरहेका दुई यात्रीमा यान दुर्घटना भएर जब एउटाको मृत्यु हुन्छ त्यो जीवित अर्को यात्रीले साथीको मरणमा मार्मिक वेदनाको र आफ्नो जीवनमा हार्दिक सुखको जसरी अनुभव गर्छ त्यही अनुभव महन्तकाजीलाई भइरहेको थियो । उनी यही सोचेर हिँडिरहेका थिए - कता मेरो पनि यस्तै दुर्दशा भएन, यो धाप हो भनेर जानेपछि पनि जो मुर्ख साहसी भएर अगाडि बढ्छ, त्यो गढ्छ, मर्छ; जो क्रमैले पैताला, पिँडौला, घुँडा गढ्नासाथ बुद्धिमान् भएर हट्छ ऊ बच्छ । ईश्वरलाई नमस्कार छ ! मलाई बेलामै सत्पथमा लाग्ने सद्बुद्धि दिए । अब त उद्योगको बाटोमा लागिसकेँ, पैसाको महत्व बुझिसकेँ ....................(पृ.१७४) ।"

नैतिक आदर्शले भरिएकी २७ वर्षीय नर्मदाले "मलाई हजुरले आजसम्म यस्तो विधि माया गर्नुभएको मेरो विन्ती लाग्छ भने, मैले हजुरलाई रिझाउन सकेकी रहेछु भने यो काम छोडिदिऔं (पृ. ११९) ।" भनेबाट पनि नर्मदाले सामाजिक नियम विपरित खेलाइरहेको जुवालाई छाडिदिऔं र सामाजिक नियमको परिपालन गरौं भन्न खोजेको स्पष्ट हुन्छ । जहाँ जुवा, तास हाम्रो नेपाली समाजले खेल्नको लागि बन्देज गरेका वस्तुहरू हुन् र जुन सामाजिक नियम अन्तर्गत पर्दैनन् । यसरी कान्ता वचनले आफ्नो पतीलाई सम्झाइबुझाइ गरी जुवा जस्तो लतबाट छुटाएर पुस्तक पसल थापेबाट सामाजिक नियमलाई अनुसरण गरेको पाउन सकिन्छ भने सामाजिक नियम अनुसार नै एक छोरीलाई जन्मदिई आमा बनेकी छन् । त्यसै गरी सामाजिक नियम विपरित कार्यमा रही सदैव जुवामा निर्लिप्त रहेको शैलराज, यहि सामाजिक नियम विपरित कार्यले गर्दा नै घरपरिवार छुट्टिएर बस्नु परेको र श्रीमतीले समेत छोडेर एक्लो जीवन व्यथित गर्नुपरेको छ र सामन्ती पाराले बिरेको परिवारलाई घरवार उठाइदिएको छ । यसरी राणाशासनको अन्त्य भइसकेपछि पनि जुवा खेल्नु, सामान्तीपाराले अरुमाथि थिचोमिचो गर्नु नेपाली समाजले अङ्कुश लगाएका कार्यहरू हुन् जुन कार्य शैलराजले सामाजिक नियम विपरित गरेका छन् ।

तत्कालीन सरकारले जुवाप्रथालाई बन्द गराए पनि जनतामा चेतना आएको थिएन त्यो पूर्वसंस्कार नहटेको जुवा खेल्ने प्रथा कायमै थियो भन्ने कुरा उपन्यासकारले व्यक्त गरेका छन् । जसको एक उद्‌घृतांश यस्तो रहेको छ । "सात सालपछिको प्रजातान्त्रिक सरकारले जूवाप्रथालाई बन्द गरिदियो । किन्तु जनतामा चेतना आएको थिएन, उनीहरूको हृदयबाट त्यो पूर्वसंस्कार हटिसकेको थिएन । फलतः आम सडकको जुवाले कोठा, बैठकभित्र

ओत लिन पुग्यो । लुकीछली जुवा जारी नै रहयो । सरकारले पनि विवशताका साथ आँखा चिम्लनै पऱ्यो पर्दाभित्र जे होस् । कतिका घरमा छापा मार्नु (पृ. ९७-९८) ?" भनेबाट पनि तत्कालीन समयमा जनताले सामाजिक नियम विपरित जुवा खेल्ने परिपाटी कायमै रहेको थियो भन्न सकिन्छ ।

गरिब बाहुनकी छोरी भएता पनि रानीसाहेबको आडभरोसामा अरुलाई धाक धम्की देखाई उच्चस्तरीय जीवनशैली अपनाउने लोग्नेलाई अपमान गर्ने, आफ्नो छँदा खाँदाको घरबाट लोग्नेलाई छुट्याएर ल्याउने, लोग्नेको धेरै अवगुण नभए पनि पटक पटक मानसिक याताना दिने हठ र जिद्दी स्वभावकी मैयाँनानीले लोग्नेलाई दास बनाउन खोजेकी थिइन भन्ने कुराको एक उद्यृतांश यस्तो रहेको छ । "मैयाँनानीले लोग्नेलाई अत्याउन खोजेकी थिइन्, आफ्नो दास जस्तो पार्न चाहेकी थिइन् । यसै सिलसिलामा उनले भान्छे बाहुनी, त्यस्ती बूढी, शील, स्वभाव र मायादयामा आमाजस्तीलाई बिदा दिएर पठाइदिइन् (पृ. ९३) ।" यसबाट के प्रष्ट हुन्छ की मैयाँनानीले आफ्नो लोग्नेलाई अत्याउन अनि दास बनाउन खोजेको पाइन्छ जुन सामाजिक नियम विपरित रहेको छ । नेपाली समाजबाट दास प्रथाको अन्त्य धेरै पहिले नै भैसकेको हो । उपन्यासमा प्रयुक्त अर्का पात्र भान्जाराजा सामाजिक नियम विपरित कौडीमा अनि परस्त्रीसँग ज्यादै लिप्त थिए जसको एक उद्यृतांश यस्तो रहेको छ । "भान्जाराजाको आगमनको कुनै निश्चय थिएन किनकी उनी कौडीमा जत्तिकै छौंडीमा पनि लम्पट थिए । अन्यत्र कतै फुलेको सुन्दर फूल देखे भने माहुरी जस्तै भुनभुनाएर बसि पनि दिन्थे (पृ. १६)।" जुवाडे मित्रका रूपमा आएका हाफिज अलि सामाजिक नियम विपरित सदैव जुवा मात्र खेलेको देखिन्छ ।

रानीसाहेब पनि उच्च राणाकालीन संस्कार सम्पन्न भएकी र सदैव मैयाँनानीलाई च्यापेर राखेकी, शोषकी खालकी सामाजिक नियमलाई पालना नगरेकी भन्ने अनुमान गर्न सकिन्छ । त्यस्तै गुरु धर्मनाथ सामाजिक नियम अनुसार नै शिक्षक पेशा अगालेका छन् । "मेरा छात्रहरूको परिक्षा छ । बेहना चार बजेदेखि नै विद्यार्थीहरू पढ्न आउँछन् (पृ. १३) ।" भनेबाट थाहा हुन्छ । बहालवाला अदालतीका रूपमा जागिरे हाकिम सानुमान सामाजिक नियम अनुसार नै कसैलाई केही अप्ठ्यारो परेमा सल्लाह दिने र कानुनी रूपमा समेत मुद्दा मामिला परेकालाई फैसला दिने काम गर्दथे भन्ने कुराको पुष्टि " सानुमान बहालवाल अदालती डिट्ठा भएका हुनाले उनको सल्लाह नै फैसलाको अनुरूप हुन्थ्यो (पृ. ३८) ।"

भनेबाट थाहा हुन्छ । शैलराजले जुवामा आफ्नो निजी सम्पत्ति मात्र नभई स्वास्नीको पेवा अनि घरको सगोलमा पनि बराबर हात फेर्न थालेको थाहा पाएर यस्ता सामाजिक नियम विरुद्धका कामहरू प्रति शैलराज शर्माका भाइहरू कोषराज दीपराजको विश्वासबाट टाढिनै गएको घटनाबाट पनि शैलराजका भाइहरू सामाजिक नियममा नै रही दैनिक रूपमा आफ्ना घरगृहस्थी गरिरहेकै छन् भन्ने अनुमान गर्न सकिन्छ भने शैलराजकी आमा सामाजिक नियम अनुसार नै तीन छोराहरूको आमा बन्न पुगेकी  छन् ।

आइतेको सहरिया मित बुधे पनि आफ्नो एउटा ज्यान पाल्नको निमित सामाजिक नियम अनुसारको ठन्डा बरफ, तिलौडी लट्टेपा पुष्टकारी, सखरसाला जस्ता विक्रि गरेर हिड्ने पेशा गरेको पछि सामाजिक नियम विपरित, "ठन्डा बरफ, तिलौरी-लट्टेपाको विक्रिलाई छोडेर ऊ स्वतन्त्र घुम्थ्यो भीडभीडमा, जात्रामा, मन्दिरमा, होटेलमा, सिनेमा घरमा । कसैको फौत्टेन थुत्नु, कसैको बगली मार्नु, कसैको थैली काट्नु, यस्तै पाप पेसाबाट ऊ आफ्नो दैनिक निर्वाह गर्थ्यो । हाराँचाको सङ्गतमा परेर प्रत्येक दिन उसको नैतिकताको अधः पतन भएर गइरहेको थियो (पृ.२४७) ।" जस्ता कार्यहरू गरेबाट बुधेले सामाजिक नियमको पालना नगरेको थाहा हुन्छ । चनख सामाजिक नियम अनुसार नै भान्जाराजाकी वैठक्नी बनी आएकी छ । आइतेको गाउँले साथीहरू गोरे र सांहिलो पनि सामाजिक नियम अनुसार नै आइतेका साथीहरू बनी आएका छन् त आइते दूध बेच्न जाँदा सामाजिक नियम विपरीत गोरे र सांहिलोले पनि चुरोट पिउनको लागि दुधमा पानी मिसाउने काममा आइतेलाई सहयोग गरेका छन् । सेतीको गाउँले सासूले सामाजिक नियम अनुसार नै सासूको संज्ञा पाएकी छ ।

महन्तकाजीको घरमा भान्छेको रूपमा रहेको पुन्टे बाहुन सामाजिक नियम अनुरूप जीवन निर्वाह गर्नको लागि भान्छेको रूपमा काम गरेको छ । वीरबहादुरको कान्छी श्रीमती सानी पनि सामाीजक नियम अनुसार आइतेकी आमा बन्न पुगेकी छ । त्यस्तै शैलराजको मुद्दा हेर्ने वकील, न्यायधीस पनि सामाजिक नियम अनुसार नै वकील, न्यायधीस भएका छन् । सुरक्षा दिनै र गैरकानुनी कामलाई रोक्ने प्रहरीहरू पनि समाजले अवलम्बन गरेको नियमानुसार नै प्रहरमि भर्ति भएका छन् । बहिदार, विजुली केमरा आदि जस्ता नोकरचाकरहरू पनि आ आफ्नो जीवन निर्वाह गर्नका लागि सामाजिक नियम अनुसार दरबारमा काम गरेका छन् । सेतीलाई आपत् परेर गुहार माग्दा आउने भाइहरू पनि समाजिक नियम अनुसार नै सेतीलाई सहयोग गरेका छन् । त्यस्तै धारामा भेट हुने आईमाई

हरू पनि सामाजिक नियम अनुसार नै धारामा गई पानी ल्याई आआफ्नो दैनिक गुजारा निर्वाह गरिरहेकै छन् भन्न सकिन्छ ।

यसरी यस उपन्यासमा प्रयुक्त भएका पात्रहरूको विश्लेषण गर्दा कतिले समाजिक नियमको पालना गरी समाजलाई सही मार्ग निर्देशन देखाएका छन् त कतिले समाजिक नियम विपरित गलत मार्ग निर्देशन देखाएका छन् ।

### ४.१.७ स्थितिका आधारमा इन्साफ उपन्यास

यस उपन्यासमा नेपाली ग्रामीण किसान, मध्यम वर्गीय समाजको छनक अनि उच्चस्तरिय खानदानको समेत गरी त्रिकोण मिश्रण हैसियत तथा स्थिति पाउन सकिन्छ ।

नेपाली ग्रामीण किसानको प्रतिनिधित्व गर्ने वीरबहादुरको हैसियत भनेको किसान हो । उसले "ठूली ! देखिहालिस्, यो सालको सुक्खाले मारिहाल्यो । उसै त उत्रो खेती, उसमाथि झन् ....। के खा र बाँच्ने ? पन्ध्र दिन त यही कोइरालोको फूलले पाल्ला (पृ. ६) ।" भनेबाट थाहा हुन्छ । एउटै समाजमा एउटा व्यक्तिले धेरै किसिमका स्थिति तथा हैसियतहरू पनि प्राप्त गर्ने हुनाले र वीरबहादुर पनि भूतपूर्व सैनिक भएकाले सैनिक को हैसियतमा रहेको बिरेमा आँट र हिम्मत पनि उत्तिकै रहेको छ भन्ने कुरा उपन्यासकारले यसरी व्यक्त गरेका छन् । "पहिले उमेरमा पुरानो गोरख पल्टनमा तेह्र बाली खाएर, धेरै पालो परेठ गरेर, देशविदेश खटिएर खारिइसकेको थियो । अब उसले आँट गऱ्यो, हिम्मत कस्यो, तीन सय रुपियाँ त हो, तीन वर्षभित्रैमा तिरिसकुँला । हो त नि, मानिसमा हिम्मत र मालमा किम्मत हुनुपर्छ (पृ. ३१) ।" उपयुक्त आधारबाट वीरबहादुरको हैसियत किसान र सैनिक रहेको थाहा हुन्छ । त्यस्तै बिरेलाई सुखदुःखमा साथ दिने सेतीको हैसियत पनि ग्रामीण किसानको नै रहेको छ । वीरबहादुरकी श्रीमतीको हैसियतमा समेत रहेकी सेतीले किसानी काममा नै आवद्ध छ भन्ने कुरा उपन्यासकारले यसरी व्यक्त गरेका छन् । "बिरे घरको पुछारको फोगटोमा बकुलासिमी रोप्न लागिरहेको थियो । सेती कोइरालोका रुखमुनिको पाटोमा रायोको बीउ छर्न आँटेकी (पृ. १४२) ।" यसरी किसानको हैसियतमा रहेकी सेती, सौता मरेपनि सौताको छोरो आइतेलाई उचित माया, ममता, स्नेह दिएर कुशल आमाको स्थितिमा रहेको पाउन सकिन्छ । त्यस्तै आइते जन्मसिद्ध नै किसानको हैसियतमा जन्मिएको छ ।

समय गतिशील तथा पविर्तनशील भएको हुनाले व्यक्ति सधैं एउटै स्थितिमा रहन नसक्ने भएकाले महन्तकाजी पनि सुरुमा जमिन्दारको हैसियतमा थिए भन्ने पुष्टि उपन्यासकारले यसरी दिएका छन् । "जवानीको जोस, आफूलाई नियन्त्रण गरिदिने कोही नभएको राणाकालीन पटकपटकको जूवामा लगन टोलको त्यत्रो ठूलो घर बगैचा र मधेसको जग्गाजमिनसमेत होमेर अन्त्यमा उनी हरिलम्पट भएका थिए (पृ. १०) ।" यसरी राणाकालीन पटक पटकको जुवामा महन्तकाजीले आफ्नो घर, बगैचा, जग्गा जमिन भए भरका पैतृक सम्पत्ति इतिश्री पारेपछि धेरै दुःख, कष्ट अनि हन्डर खाएर बुद्धि फर्केर आएको र श्रीमतीले दिएको अर्ति उपदेशलाई ग्रहण गरी पुस्तक पसल खोली व्यापारीको हैसियतमा रहेका छन् भन्ने कुराको पुष्टि उपन्यासकारले यसरी दिएका छन्,

"भोटाहिटीको नयाँ घरमुनि सडककै छेउमा तीनकवले पसल, महन्ताकाजी मालिक भएर बेचमा बसेका, आएका ग्राहकहरूसित सम्बन्ध राख्ने जागिरदार दुइटा टाढा केटाहरू थिए । नेपाली भाषाका, संस्कृत र अङ्ग्रेजीको, अरु भाषाका पनि पाठ्यक्रममा रहेका र नरहेका पनि पठनीय पुस्तकहरू सुपथ मोलमा बेचिन्थे । खालमा जस्तो एकै रातमा लामो रकम हात पार्ने नीति त्यहाँ थिएन । उनको सबभन्दा महान उद्देश्य सारा ग्राहकलाई आफ्नो पसलमा आकर्षित गर्नु नै थियो । कुनै कुनै किताब एक पैसासम्म पनि मुनाफा नलिएर वरलमै बेचेर पठाइदिन्थे - बजार कब्जा गर्न, ग्राहकहरूलाई प्रभावित पार्न (पृ.१५३) ।"

उपर्युक्त आधारहरूबाट महन्तकाजी सुरुमा जमिनदारको हैसियतमा रहेका र जुवाडेको हैसियतमा प्रवेश गरी सारा पैतृक सम्पत्ति रित्याएपछि त्यसलाई त्यागी आर्जित गरेको हैसियत भनेको व्यापारीको हो । महन्तकाजीकी, श्रीमतीको हैसियतमा रहेकी २७ वर्षीय नर्मदा, नैतिक आदर्शले भरिएकी सुशील, विचारवान, दयालु, पतिव्रता, लोग्नेको परिस्थिति बुझी बेलाबखत कान्ता वचन बोली कचाउन सक्ने आदर्श स्वभावकी भएकीले असल गृहिणीको हैसियतमा रहेकी छन् भन्न सकिन्छ भने छोरीलाई जन्मदिई त्यस छोरीको आमाको हैसियतमा समेत रहेकी छन् ।

कठोर स्वभावका जुवाको दुर्व्यसनीले गर्दा सम्पत्ति गुमाउँदै गएका घरबाट अनि पत्नीबाट समेत अलगीएर एक्लो जीवन बिताइरहेका शैलराज सामन्ती पाराका देखिन्छन् उसले बिरेको घरबार उठाएबाट स्पष्ट हुन जान्छ । जीवनको सुरुमा जुवा खेलेरै भएपनि सुख मोजमस्ती गरेका शैलराज जीवनको मध्यतिर जुवाकै कारण कारुणिक जीवनतिर

धकेलिनु परेको देखिन्छ भने जीवनको अन्त्यतिर घरबार बिहिन भई दयनिय अवस्थामा पुगी जोगी बनेको पाउन सकिन्छ । अन्तिममा जोगी बनी जोगीको हैसियतमा रहेका छन् भन्ने कुराको पुष्टि उपन्यासकारले यसरी दिएका छन् । "शैलराज चाहिँ बिहान सबेरै त्यहाँबाट उठेर दुर्बल देहहीन शक्ति बिस्तारबिस्तार हिँडेर शङ्कराचार्यको उही मठमा तिनै गेरुवावस्त्रको शीतल छायामा बस्न पुगिसकेका थिए । उक्त मठ सर्वसाधारणको दृष्टिबाट बाहिर, मन्दिर देखि केही टाढा पर्दथ्यो (पृ. २६१) ।" यसरी जुवाको दुर्व्यसनीले आफ्नो इज्जत, प्रतिष्ठा गुमाएका शैलराज जुवाडे हैसियत रहेका अनि राणाकालीन सामन्ती पाराले अरुमाथि थिचोमिचो गरेकाले सामन्ती हैसियतमा रही अन्त्यमा जोगीको हैसियत रहेको थाहा हुन्छ । गरिब बाहुनकी छोरी भएता पनि राजदरबारको हैकमी शासनमा हुर्केकी अनि रानीसाहेबको आडभरोसामा बसेकी मैयाँनानी दरबारिया हैसियतमा छन् भन्न सकिन्छ । "म मुमा रानीसाहेबबाट कन्यादन भएकी छोरी ।" अनि घर कसरी मिल्नु ? बज्रमाथिकै सिमेन्ट भएपनि चर्कन्छ फुट्छ (पृ. ४१) ।" भनेबाट थाहा हुन्छ भने छोरो सुशीललाई उचित स्याहारसुसार माया, ममता दिएकोले आमाकी हैसियतमा पनि छ भन्न सकिन्छ । सुशील जन्मदै दरबारिया हैसियतमा जन्मिएको छ जुन उसको जन्मसिद्ध वा प्रदत्त स्थिति हो ।

गुरु धर्मनाथले आर्जित गरेको हैसियत भनेको शिक्षकको हैसियत हो । उनले "मेरा छात्रहरूको परीक्षा । बेहान चार बजेदेखि नै विद्यार्थीहरू पढ्न आउँछन् (पृ. १३) ।" भनेबाट शिक्षकको हैसियतमा छन् भन्न सकिन्छ । शैलराजको जुवाडे मित्रका रूपमा आएका भान्जाराजा जुवाडे हैसियतका छन् भन्न सकिन्छ । पं. करुणाकर पण्डितको हैसियतमा रहेका छन् भन्ने कुराको पुष्टि उपन्यासकारले यसरी गरेका छन् । "पण्डितजीले गुरु धर्मनाथ र हाफिज अलिका बीच संयोग ल्याउने किसिमले दुई धर्मको समन्वय बडो सुन्दर भाषामा गरिदिए (पृ. ३६) ।" हाफिज अलि जातीगत रूपमा मुसलमानको हैसियतमा रहेका छन् । हाकिम सानुमान अदालती डिट्ठाको हैसियतमा रहेका छन् भन्ने कुराको पुष्टि सानुमान बहालवाल अदालती डिट्ठा भएका हुनाले उनको सल्लाह नै फैसलाको अनुरूप हुन्थ्यो (पृ. ३८) ।" भनेबाट थाहा हुन्छ ।

रानीसाहेब र जर्साहेब पनि दरबारिया सम्पत्तिका आधारमा नोकरचाकरहरू माथि शासन चलाउन सक्ने हैसियतका छन् । शैलराजको आमा उच्चकुलीन ब्राह्मण जातको हैसियतमा हुनुको साथै तीन छोराहरूको ममतामयी माताको हैसियतमा रहेकी छन् भने

शैलराजका कान्छा भाई दीपराज कलेजमा पढ्दै गरेकोले विद्यार्थीको हैसियतमा रहेका छन् । महन्तकाजीको घरमा भान्छे को रूपमा रहेका पुन्टे बाहुनको हैसियत भनेको भान्छेको हो । जहाँ उसले खाना पकाउनको लागि भान्छेको हैसियत आर्जित गरेको छ । त्यस्तै दरबारिया नोकरचाकरहरू बहिदार विजुली, केमरा आदि नोकरका हैसियतका रहेका छन् । वीरवहादुरकी कान्छी श्रीमतीको हैसियतमा रहेकी सानी आइतेकी आमाको हैसियतमा समेत रहेकी छ । चनख, भान्जाराजाकी श्रीमतीको हैसियतमा रहेकी छ ।

आइतेको सहरिया मित बुधे सुरुमा बरफ, तिलौडी लट्टेपा जस्ता वस्तुहरू विक्रि गर्ने भएकाले व्यापारिको हैसियतमा रहेको र पछि फौन्टेन थुत्नु, कसैको वगली मार्नु, थैली काट्नु जस्तो कार्य गरेकोले चोर को हैसियतमा रहेको छ । त्यस्तै शैलराजको मुद्दा हेर्ने वकील, न्यायधीस, सुरक्षा दिने र गैरकानुनी कामलाई रोक्ने प्रहरी, ड्राइभर आदि आ आफ्नो पेशा अनुसारको हैसियतमा रहेका छन् । महन्तकाजीले वीरबहादुरको घर सोध्दा उपस्थित साग बेच्ने आइमाई व्यापारीको हैसियतमा रहेकी छन् । सेतीलाई आपत् परेर गुहार माग्दा आएका भाइहरूले सेतीलाई सहयोग गरेकाले सहयोगी हैसियतका छन् भन्न सकिन्छ । सेतीको गाउँले सासू पनि सासूको हैसियतमा रहेकी छन् । बिरेको भैंसी मर्दा भैंसी लिन आउने कसाईहरू शुद्र जातको हैसियतमा छन् । सेती, मैयाँनानी र नर्मदाका माइतीहरू पनि आ-आफ्नाका माइतीका हैसियतमा छन् । धारामा भेट भई पानी ल्याउने आइमाईहरू पनि पानी ल्याउने आइमाईकै हैसियतमा छन् ।

यसरी यस उपन्यासका पात्रहरू जन्मजात र स्व आर्जित हैसियत पद पाएर समाजमा आफ्नो ज्ञान, तर्क र क्षमताले प्रभाव पार्ने र अरुका श्रम गरेर पेट पाल्ने तथा अर्काको आदेश मान्ने तहका छन् ।

## ४.२ निष्कर्ष

भीमनिधि तिवारीको *इन्साफ* सामाजिक उपन्यास हो । समाजका सत्य, तथ्य घटनाहरूको जीवन्त चित्रात्मक प्रस्तुति यस उपन्यासमा भएको छ । उनले मुलतः नेपाली समाजमा घटेका घटनालाई जस्ताको तस्तै टिपेर, कल्पना, सोच, विचार गरेर र कलम चलाएर पाठक सामू पस्किएका छन् ।

काठमाडौं सहर र त्यस नजिकैको कुनै गाउँलाई परिवेश बनाइ लेखिएको यस उपन्यासमा जातीयताका आधारमा ब्राह्मण, क्षेत्री, वैश्म, शुद्र, वर्गका आधारमा उच्च, मध्यम, निम्न, लिङ्गका आधारमा, पुरुष र महिला, संस्कृतिका आधारमा, परम्परित रुढिवादी हिन्दु, पण्डित, मुसलमान, सामाजिक नियमका आधारमा नियमलाई परिपालन गर्ने र नगर्ने, स्थितिका आधारमा कुनै पनि व्यक्तिले समाजमा बनाएको हैसियत अनि भाषाका आधारमा क्षेत्रीय भाषिकाका रूपमा पूर्वेली भाषिक र उपभाषिकाका रूपमा पूर्वेली भाषिकाको केन्द्रस्थल मानिने काठमाडौं उपत्यकाका र त्यसका आसपासमा बोलिने मानक नेपाली भाषा आदिका आधारमा निर्धारण गरी उपन्यासमा सामाजिकता खोजिएको छ ।

भाषाशैली पात्रानुसार सरल र सहज रहेको छ । तद्सम, तद्भव, आगन्तुक नेपाली लगायतका भाषा तथ्य नेपाली उखान, सुक्ति, अलङ्कार, अनुकरणात्मक समास द्वित्व जस्ता भाषिक प्रयोग कलात्मक रहेको छ । कथानक परिवेश यथार्थ र स्वभाविक रहेको छ भने उपन्यास पनि सामाजिक रहेको छ । यसरी नेपाली समाजको यथार्थता कलात्मक रूपमा प्रस्तुत गरी उपन्यासकारले समग्र नेपाली समाजलाई सच्चा मानवताको सन्देश प्रदान गरेका छन् ।

# पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

भीमनिधि तिवारी (वि.सं. १९६८-२०३०) आधुनिक नेपाली साहित्यको विभिन्न विधामा कलम चलाउने बहुमुखी प्रतिभाशाली साहित्यकार हुन् । सात वर्षको उमेरमा मातृवियोगको पीडा सहेका तिवारीको रेखदेख सौतेनी आमाबाट भएकोले उनको बाल्यकाल निकै दुःख एवम् कष्टपूर्ण रहेको थियो । पाँच वर्षको उमेरमा अक्षरारम्भ गरेका तिवारीले आफ्नै पिताजीबाट घरमा नै संस्कृत शिक्षा र व्रतबन्ध पछि गुणनिधि पौडेलसँग रुद्राष्टाध्यायी पढेका थिए । दरबार हाइस्कुलबाट स्कुले जीवन यापन गरेका तिवारीले वि.सं. १९९२ सालमा बनारसबाट प्रवेशिका उत्तीर्ण गरी औपचारिक रूपमा आई.ए. सम्मको अध्यनय गरेका थिए । आफ्नो इच्छा विपरित चित्रकलासँग भएको पहिलो विवाह बाट पारिवारिक जीवनमा असन्तुष्टि आएपछि दोस्रो विवाह भुवनेश्वरीसँग गरी दाम्पत्य जीवन सुखमय रहयो । मध्यमवर्गीय अवस्थामा रहेका तिवारीको बुबाको मृत्युपश्चात पारिवारिक आर्थिक भार भीमनिधि कै काँधमा परकोले आर्थिक विपन्नताले धेरै सताएको थियो । कमजोर आर्थिक अवस्था सुधार्ने उद्देश्यले उनले सुरुमा सैतसि रुपियाँ पचास पैसा तलब खाने गरेर घरेलु उद्योगमा काम गरेका थिए । कामकै सिलसिलामा तत्कालीन श्री ५ को सरकारको उपसचिव पद सम्हालेका तिवारीले बुबाको मृत्यु पश्चातको सङ्कट सहदै आर्थिक अवस्थालाई सुदृढीकरण गर्दै लगेका थिए । सरकारी कर्मचारीको रूपमा जीवनको अधिकांश समय व्यतित गरेका तिवारीले नेपाली साहित्यलाई अविस्मरणीय योगदान पुऱ्याएकाले त्यसको सम्मान स्वरूप उनी विभिन्न मानसम्मान र पुरस्कार बाट पुरस्कृत भएका छन् ।

बहुमुखी प्रतिभाका धनी भीमनिधि तिवारीको साहित्यिक क्षेत्रमा आगमन भने वि.सं. १९९१ सालमा *कविता हराए* भन्ने समस्यापूर्ति कविता विधाबाट भएको हो । भीमनिधिका कविताहरूमा प्रायः सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्नुका साथै क्रान्तिकारी विद्रोही स्वर सुसेली समाजमा रहेका विभिन्न घटनाहरूलाई आफ्ना कविताहरूमा यथार्थ रूपमा चित्रण गरी पाठकसामु पुऱ्याएका छन् । *सहनशीला सुशीला* जस्तो सामाजिक नाटक लेखेर नाट्य जगतमा देखा परेका तिवारीलाई चर्चित बनाउने

महत्वपूर्ण विधा पनि नाटक नै हो । उनका नाटक मञ्चनीय तथा सरल एवम् स्वभाविक छन् । सामाजिक यथार्थवादलाई वरण गरी कथा यात्रा प्रारम्भ गरेका तिवारीले अन्त्यसम्म पनि यही प्रवृत्तिलाई आत्मसाथ गरी कथा लेखेका छन् । उनका कथाहरू समाजका ऐनाका रूपमा प्रस्तुत भएका छन् । नेपाली निबन्ध साहित्यको जग बसाल्ने प्रतिभाहरू मध्येका एक भीमनिधिका निबन्धमा वस्तुपरक र छिटपुट रूपमा व्याङ्ग्यात्मक भाव रहेको छ । तिवारीको एक मात्र उपन्यास *इन्साफ*मा निम्नमध्यम तथा उच्चवर्गीय सामन्ती समाजको इतिवृत्त प्रस्तुत गरिएको यो उपन्यास पूर्ण रूपमा सामाजिक उपन्यास हो र उनी सामाजिक उपन्यासकारका रूपमा चिनिएका छन् ।

भीमनिधि तिवारीको *इन्साफ* उपन्यासलाई सामाजिकताको अध्ययन र विश्लेषण गर्न योग्य भएकाले सामाजिकताका सूचकहरू, जाति, वर्ग, भाषा, लिङ्ग, संस्कृति, सामाजिक, नियम, स्थिति तथा हैसियत जस्ता सैद्धान्तिक आधार बनाएर कृतिको विश्लेषण गरिएको छ ।

उपन्यासभित्र सामाजिकता खोज्ने क्रममा समाजमा कुन कुन जातले प्रतिनिधित्व गरेको हुन्छ भनेर जातीयता खोजिएको छ । यसरी जातीयता खोज्ने क्रममा ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र जातिहरू नै समाजलाई स्तरीकृत गराएका छन् । जातिय व्यवस्था खासगरी हिन्दु समाजमा रहेकाले हिन्दु धर्ममा आधारित भएर समाजलाई स्तरीकृत गराउन मानवले अपनाएको व्यवस्था अनुरूपनै उपन्यासमा ब्राह्मण क्षेत्री, वैश्य र शुद्र जातिहरू आएका छन् । हिन्दु समाजमा वैदिक कालदेखि नै जातिय व्यवस्था प्रचलनमा रही तहगत व्यवस्था भएकाले यसमा उचनिचको भावना कायमै रहेको छ तापनि उपन्यासमा चार कसाईहरू भनि उपन्यासकारले शुद्र जातको प्रसङ्ग ल्याएता पनि उचनिच वा छोइछिटोको भावनालाई अङ्गिकार भने गरेका छैनन् । यसरी भीमनिधिका उपन्यासमा स्थानिय र राष्ट्रिय परिवेशमा आएका ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र जातिहरूको समाजलाई स्तरीकृत गराउन महत्वपूर्ण स्थान ओगटेका छन् ।

वर्गको आधारमा हेर्दा उपन्यासमा निम्न, मध्यम र उच्चवर्गीय सामन्ती समाजको इतिवृत्त प्रस्तुत गरिएको छ । किसान घरपरिवारको सुख, दुःखको कथा, मध्यमवर्गको पारिवारिक अवस्थाको चित्र, राणा दरबारको रहन सहनको चित्र यस उपन्यासले समेटेको छ । प्रजातन्त्र प्राप्त भए पनि शोषकी र सामन्ती अवशेष ध्वस्त नभएको समाज, प्रजातन्त्रमा

पनि निम्नवर्गीय ग्रामीण जनताले जीवन निर्वाह गर्न कठिन भएको युगको अङ्कन यस उपन्यासमा छ । कहिले विहान बेलुका दुई छाक त कहिले एक छाक मात्र खाएर आफ्नो जीवन गुजरा गरिरहेका निम्न वर्गीय ग्रामीण किसान समाज, पण्डित, शिक्षक, आदलती, व्यापारी पेशा अगालेका अनि मुसलमान धर्मका अनुयायीका रूपमा रहेका मध्यमवर्गीय र समाजको उपल्लो वर्गमा बढी पुँजी स्रोत साधनले सम्पन्न र राष्ट्रिय राजनीति सँग धेरथोर सम्बन्ध भएका हैकमी दरबारिया रहन सहनमा रहेकाहरू उच्चवर्गीय गरी तीन किसिमको वर्गीय समिश्रणमा उपन्यास रहेको छ । पेट पाल्नको निमित्त शारीरिक श्रमलाई आधार बनाएर अरुको घर दरबारमा आश्रित भएका अनि आर्थिक हैसियत नभएका निम्नवर्गका रहेका छन् । त्यस्तै मैयाँनानी निम्नवर्गकी भएता पनि अरुको आडभरोसामा उच्चस्तरीय जीवनशैली अपनाएकी छ त शैलराज मध्यम वर्गको भएर पनि अरुलाई थिचोमिचो गर्ने उच्चस्तरीय सामन्ती वर्गको जीवनशैली अपनाएको छ । धन र रवाफको घमण्ड, तासजुवा खेल्ने परिपाटी, उद्योग व्यवसाय सञ्चालन गरी जीविकोपार्जन गर्ने समाज तथा घरायसी कामकाज खेतीपाती वस्तुभाउ पालेर जीवन धान्ने निम्नवर्गीय किसानको सजीव अवस्थाको चित्राङ्कन प्रस्तुत उपन्यासले गरेको छ । उपन्यासकारले वर्गको माध्यमबाट यथार्थमा समाजको तस्विर उतारेका छन् ।

उपान्यासको भाषा कथ्यस्तरको ग्रामीण परिवेश युक्त छ । उपन्यास बुझ्नको लागि कुनै उच्च शिक्षित पाठकको आवश्यकता पर्दैन । सरल, सहज, सम्प्रेषणीय अनि बोलचालको भाषा भएकोले उपन्यासको सार खिच्नको लागि बौद्धिक कसरत गरिरहनु पर्दैन । कतैकतै उखान, सुक्ति र आलङ्कारिक पदक्रमले भाषा जटिल बनाएको जस्तो अनुभूति भएता पनि ती उखान, सुक्ति र अलङ्कारिक पदविन्यास पनि नेपाली समाजको मुखमा झुण्डिएको थेगो जस्तै भएकाले सम्प्रेषणीय र बोधगम्य बनेको छ । तत्सम, तद्भव र आगन्तुक शब्दको उचित संयोजन एवम् वर्णनात्मक सहज, सरल र आकर्षक भाषाशैलीले उपन्यासमा रोचकता थपेको छ । परिवेश पनि ग्रामीण तथा सहरी अनि राणाकालको पतनावस्था र प्रजातन्त्रको स्थापना भएकाले भाषा कहीँ कतै छिटफुट रूपमा राणाकालीन उच्च आदरयुक्त भाषाको पनि प्रयोग भएको छ । नेपाली भाषाका क्षेत्रीय र सामाजिक भाषिकाको समेत समुचित प्रयोग भएको छ । क्षेत्रीय भाषिकाको रूपमा पूर्वेली भाषिका र यसको उपभाषिकाको प्रयोग क्षेत्रको केन्द्रस्थल मानिने काठमाडौं उपत्यका र त्यसका आसपासमा बोलिने मानक नेपाली भाषा अनुरूपकै क्षेत्रीय भाषिकाको प्रयोग भएको छ । यसरी हेर्दा यस

उपन्यासमा भाषा कथ्यस्तरको ग्रामीण परिवेश युक्त अनि कतै कतै राणाकालीन उच्च आदरयुक्त भाषाको प्रयोग भएको छ ।

उपन्यासमा प्रयुक्त भएका पुरुष र महिलाहरूको अध्ययनबाट समाजमा रहेका लैङ्गिक अवस्थाको पहिचान गरिएको छ । समाजले व्यक्तिको लैङ्गिक भिन्नतालाई छुट्याएको र लैङ्गिक भिन्नता अनुरूप नै कार्य (श्रम) विभाजन गरिएकाले यस उपन्यासका पुरुषहरूले आफूलाई शक्तिशाली र उपल्लो दर्जाको ठानेर महिलाहरू माथि त्यसै अनुरूप व्यवहार गरेका छन् । वीरबहादुरले श्रीमतीसँग सल्लाह नगरी आफ्नै आँट र हिम्मतले काम गरी हजारौं वर्ष देखि पुरुष वर्गले नारी जातिलाई हेय दृष्टिले हेरि आएको भावना जाग्रत गराएको छ त सेतीले पनि वीरबहादुरलाई बहादुरी र पौरखी भनिकन पुरुषको संज्ञा दिएकी छ । महन्तकाजीले पनि नारीलाई गाँस, बास कपासको व्यवस्था मिलाउनु पर्ने, आजीवन नारीको रक्षा गर्नुपर्ने दृष्टिकोण व्यक्त गरेबाट आफू उपल्लो दर्जाको पुरुष भएको चिनाएका छन् । तत्कालीन समय राणाकालको पतनावस्था भएपनि उपन्यासमा प्रयुक्त भएका कतिपय पुरुषहरूमा त्यो पूर्वसंस्कार हावी नै रहेकाले परस्त्री खासगरी आइमाईहरूप्रति गिद्धे नजर लगाएर आफूहरू पुरुष भएको देखाउने प्रवृत्ति कायमै छ । कोही महिला माथि माया, दया, केही नभएर निर्दयी बनेर पुरुष भएको चिनाएका छन् त कोही महिलालाई आपत् पर्दा सहयोग गरी बहादुरी बनेर । त्यस्तै कोही शिक्षक, अदालती हाकीम, वकील, न्यायाधीश, प्रहरी जस्ता पेशा अवलम्बन गरेर आफूहरू पुरुष भएको पहिचान गराएका छन् त कोही जन्मसिद्ध नै पुरुष भएर जन्मिएका छन् । त्यसैगरी महिलाहरू बच्चाको स्याहार सुसार गर्ने, खाना पाकाउने, भाँडा माझ्ने, घरभित्रको चुलो चौकामा मात्र सीमित रहनुपर्ने जस्ता कार्यहरू गरेकाले यस उपन्यासमा आफूहरू महिला भएका चिनाएका छन् । कोही महिलामा हुनुपर्ने गुणहरू सुशील, विचारवान, दयालु, पतिव्रता, आदर्श नारी बनी कान्त वचनले लोग्नेलाई अर्ति उपदेश दिई कुलतबाट छुटाएर महिला भएको देखाएका छन् त कोही दरवारिया चर्तिकला देखाएर । त्यस्तै कोही छोराछोरीलाई जन्म दिई आमा बनेर महिला भएको गर्व गरेका छन् त कोही ममतामही माता बनेर अनि कोही जन्मसिद्ध नै महिला भएर जन्मिएका छन् । यसरी यस उपन्यासमा समाजमा हावी भएको पितृसत्तात्मक सोचलाई पुरुषहरूले आत्मसाथ गरेका छन् त महिलाहरू आफूलाई कमजोरी ठानी बसेका छन् ।

उपन्यासमा हिन्दु धर्म संस्कृतिको प्रभाव परेको छ । वीरबहादुरले जय गुह्यकाली, जय भद्रकाली, जय वनकाली, जय रक्तकाली जस्ता शब्दहरू अनि नर्मदाले महादेवको पूजा गरेको, विभिन्न देवी देवताको पूजा दर्शन गरी लड्डु, दुबो चढाइ मङ्गलाको व्रत गरेकीले हिन्दु धर्म संस्कृतिको प्रभाव व्यापक परेको छ । सेती र आइतेले पीपलको रुख वपरिपरि भूतप्रेत, बोक्सी, पिसाच आदि हुन्छन् भनेकाले परम्परित रुढिवादी अन्धविश्वास संस्कृतिको पनि प्रभाव परेको छ । महन्तकाजीका पुस्ता मठाधीश भएका र महन्तकाजीले खाना पकाउनको लागि पुन्टे बाहुन राखेकाले जातिय संस्कृतिले आश्रय पाएको छ । शैलराजकी आमाका तीन छोराहरू कोषराज, दीपराज र शैलराज उच्च ब्राह्मण कुलमा जन्मिएका र त्यसै अनुरूप ब्राह्मण जातिय संस्कृतिलाई अंगालेपनि शैलराजमा भने सामन्ती संस्कार हाबी भएको छ । मैयाँनानीले रानीसाहेबको आँड भरोसामा उच्चस्तरीय जीवनशैली अपनाई राणाकालीन सम्भ्रान्त संस्कृतिलाई आत्मसाथ गरेकी छ त जर्साहिब र रानीसाहेबले पनि । पं. करुणाकरले दुई धर्मको बीचमा समन्वय ल्याएकाले समतामूलक समन्वय संस्कृतिको प्रभाव परेको छ तर हाफिज अलि धार्मिक नियमानुसार नमाज पढ्न मञ्जिदमा जानुपर्ने भएकाले मुसलमान संस्कृतिको प्रभाव परेको छ । त्यस्तै हाकिम सानुमान, अदालती संस्कृति, भान्जाराजाले उच्चस्तरीय संस्कृति त गुरु धर्मनाथले जातीय संस्कृति जस्ता संस्कृतिले पनि आश्रय पाएको छ । आइतेको सहरिया मित बुधे सहरमानै बसेर व्यापार अनि चोरी गर्ने भएकाले सहरिया संस्कृतिको प्रभाव पनि परेको छ । यसरी यस उपन्यासमा विविध संस्कार संस्कृतिको प्रभाव परेको छ ।

उपन्यासमा विभिन्न समाजको चित्रण भएको छ । समाजको आफ्नै सामाजिक नियम पनि छ । समाजद्वारा निर्मित यस सामाजिक नियमलाई तिवारीका उपन्यासमा कतिपयले पालना गरेका छन् तर कतिपयले पालना गरेका छैनन । वीरबहादुरले समाजले दिएको छुटको प्रयोग गरी पहिलो श्रीमतीबाट बच्चा नभएपछि दोस्रो श्रीमती विवाह गर्छ भने बाध्यताले सामाजिक नियमलाई उल्लङ्घन गरी चार माना दुधमा दुई माना पानी थपी बेचेको छ । सेतीले परम्परित रुढिवादी सामाजिक नियमलाई अनुसरण गरेकी छ त सौताकी छोरो आइतेलाई सामाजिक नियममा नै रही उचित माया ममता र स्नेह गरेकी छ । आइतेले पनि समाजले निर्माण गरेको सम्बन्ध सूचकको आधारमा रही बाबु, आमा (सौतेनी) लाई सम्मान गरेकै छ । महन्तकाजीले भने सुरुमा सामीजक नियम विपरित जुवा खेल्ने, खेलाउने गरेतापनि पछि श्रीमतीले दिएको अर्ती उपदेशलाई ग्रहण गरी सामाजिक नियममा

रही पुस्तक पसल खोलेको छ । राणाशासनको अन्त्य भइसकेपछि पनि जुवा खेल्नु, सामान्ती पाराले अरुमाथि थिचोमिचो गर्नु जस्ता कार्यहरू नेपाली समाजले अङ्कुश लगाएका कार्यहरू हुन् जुन कार्य शैलराजले सामाजिक नियम विपरीत गरेको छ । मैयाँनानीले पनि लोग्नेलाई दास बनाउन खोजेर सामाजिक नियमको पालना गरेकी छैन । त्यस्तै भान्जाराजा र हाफिज अलिले आइमाइहरूप्रति शङ्कास्पद दृष्टिले नजर लगाइ सामाजिक नियमको ठाडै अस्वीकार गरेका छन् । गुरु धर्मनाथ र हाकिम सानुमान सामाजिक नियमलाई आत्मसाथ गरी शिक्षक र अदालती पेशामा रहेका छन् । आइतेको सहरिया मित बुधे सुरुमा सामाजिक नियमको पालना गरी विभिन्न चिजवस्तुहरू  विक्री वितरण गरेको छ त पछि सामाजिक नियम विपरीत चोर कार्यमा लागेको छ । त्यसैगरी वकील, न्यायधीस, प्रहरी सामाजिक नियममा रही आ आफ्नो पेशा अनुसारको काममा प्रतिबद्ध छन् । यसरी उपन्यासमा कतिले सामाजिक नियमको पालना गरी सही मार्ग निर्देशन दिएका छन् त कतिले सामाजिक नियम विपरीत गलत मार्ग निर्देशन दिएका छन् ।

उपन्यासमा नेपाली ग्रामीण किसान मध्यमवर्गीय समाजको छनक अनि उच्चस्तरीय खानदानको समेत गरी त्रिकोण मिश्रण स्थिति/हैसियत रहेको छ ।  समाजमा व्यक्तिको एक वा एक भन्दा बढी हैसियत पनि रहेको छ । जुन हैसियत जन्मसिद्ध र आर्जित हैसियत हो । घरायसी कामकाज, खेतीपाती, वस्तुभाउ पालेर जीवन धाल्ने वीरबहादुरको परिवार (वीरबहादुर, सेती र आइते) को हैसियत भनेको किसानको हैसियत हो भने वीरबहादुर भूतपूर्व सैनिक भएकाले उसले आर्जित गरेको अर्को हैसियत सैनिकको हो । महन्तकाजीको सुरुको हैसियत जमिन्दारको हो भने पुस्तक पसल खोलेपछि उसको हैसियत व्यापारीको हो । सुशील, विचारवान, पतिव्रता अनि लोग्नेको मुड हेरी नम्रताका साथ कान्ता वचन बोली कजाउन सक्ने आदर्श स्वभावकी नर्मदाको हैसियत चाँहि असल गृहिणी को हो । बिरेको परिवारलाई बास उठाएर पाटीमा पुऱ्याइदिने शैलराजको हैसियत सामन्ती हो । गरिब बाहुनकी छोरी भएर पनि मैयाँनानी रानीसाहेबको आडभरोसाले गर्दा उच्चस्तरीय खानदानी हैसियतमा रहेकी छ त रानीसाहेब र जर्साहेब पनि । हाफिज अलि जातिगत रूपमा मुसलमानका हैसियतमा छन् त, भान्जाराजा जुवा खेलेर समय व्यतित गर्ने जुवाडे हैसियतका रहेका छन् भने गुरु धर्मनाथ शिक्षकको हैसियतमा । हाकिम सानुमान अदालती डिट्ठाको हैसियतमा छन् त पं. करुणाकर पण्डितको हैसियतमा । त्यस्तै आइतेको सहरिया मित बुधे सुरुमा व्यापारीको हैसियतमा छ त पछि चोरको हैसियतमा । त्यस्तै वकील,

न्यायधीश, पुलिस आ आफ्नो पेशा अनुसारको हैसियतमा छन् । समाजमा केही सदस्यहरूको सामाजिक स्थिति उच्च अनि अधिकांश सदस्यहरूको स्थिति सामान्य तथा निम्न भएझैं उपन्यासमा पनि केही सदस्यहरूको सामाजिक स्थिति उच्च रहेको छ त अधिकांश सदस्यहरूको स्थिति सामान्य तथा निम्न रहेको छ ।

यसरी यस उपन्यासमा जातिका हिसाबले ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र जातिले समाजलाई स्तरीकृत गराएका छन् । वर्गका आधारमा निम्न, मध्यम र उच्च स्तरीय सामन्ती समाजको यथार्थ रूपमा चित्रण गरिएको छ । भाषा कथ्यस्तरको ग्रामीण परिवेश युक्त अनि कतैकतै छिटफुट रूपमा राणाकालीन उच्च आदर युक्त भाषाको प्रयोग छ । समाजमा महिला र पुरुषमा भएको श्रम विभाजनले लैङ्गिकताको पहिचान गराएको छ । हिन्दु धर्म संस्कृतिको व्यापक प्रभाव परेका छ । समाजद्वारा निर्मित सामाजिक नियमलाई समाजकै कतिपय व्यक्तिले पालना गरेका छन् तर कतिले गरेका छैनन । समाजले प्रदान गरेको सामाजिक स्थितिका आधारमा व्यक्तिको कुनै न कुनै हैसियत रहेको छ ।

## ५.२ निष्कर्ष

भीमनिधि तिवारीको *इन्साफ* उपन्यास विषयवस्तुमा आधारित सामाजिक उपन्यास हो । काठमाडौँ सेरोफेरोको सामाजिक यथार्थता र काठमाडौँ वरपरको कुनै गाउँको सामाजिक यथार्थतालाई परिवेश बनाइ लेखिएको यस उपन्यासमा वि.स.२००६ सालदेखि वि.स.२०१५ सालसम्मको नेपाली सामाजिक इतिहासको एक पक्षको यथार्थ घटनालाई विषयवस्तु बनाइएको छ । राणाकालको पतनावस्था र प्रजातन्त्रको वीजारोपण भएको तत् समयको सामाजिक, राजनैतिक, आर्थिक, न्यायिक परिवेशमा समेत केन्द्रित रहेको छ भने प्रजातन्त्रवादले स्वस्तिवादको अन्त्यष्टि गरेको विषयका रुपमा समेत *इन्साफ* उपन्यासलाई लिन सकिन्छ ।

राणकालीन जहानियाँ शासनको अन्त्यसँगै प्रजातन्त्र आएपनि जूवाप्रथा अन्त्य नभएकाले सदैव जूवामा निर्लिप्त रहने व्यक्ति उत्थानबाट पतनतिर, उँभोगतिबाट अधोगतितिर जान्छ  र कुनै आदर्शद्वारा प्रेरित जीवनको सुमार्ग अनुसरण गरेर इमान्दारीताकासाथ प्रयत्नशील रहने व्यक्ति फेरी कुमार्गबाट सुमार्गमा, पतनबाट उत्थानतिर, विनाशबाट सुधारतर्फ अगाडि बढ्न सक्छ भन्ने नैतिक सन्देश पनि यस

उपन्यासले दिएको छ । किसान-घरबारको सुख-दुःखको कथा, मध्यमवर्गको पारिवारिक अवस्थाको चित्र, राणादरबारको रहन-सहनको चित्रण, सत्य र न्यायका लागि पात्र-पात्राका तर्क वितर्कहरु यस उपन्यासका खास आकर्षणहरु हुन् । शोषक सामन्तले शोषित निम्नवर्गको घरवार विहिन भएको घटना, मध्यमवर्गले सहानुभूति राखी सहयोग गरेको घटनाहरु सवै यथार्थ छन् । समाजमा रुढिवादी, अन्धविश्वास, अन्याय, अत्याचार र शोषण आदिको चित्र उपन्यासमा सहज रुपमा आएको छ । सार्वजनिक पाटीमा बस्दा, समान चोरी हुँदा कसैबाट केही नलागेपछि भोकै आमाकहाँ पुग्दा, बुहारीले हेला गरेर खानेकुरा दिँदा र अन्तिममा कसैको सहारा नपाइ सन्यासीसँग सदाका लागि यायावरीय जीवन बिताउनु पर्दाका सारा घटनाले उपन्यास करुणामय बनेको छ । उपन्यास लेखनको समय प्रायः पुरुष प्रधान समाज थियो तर पनि उपन्यासमा नारीहक, हित सम्बन्धी प्रशस्त कुराहरु आएका छन् । देशको हराभरा प्राकृतिक सौन्दर्य, अन्नवाली, परिवेश, प्रजातान्त्रिक परिपाटीमा देशको स्थिति प्रति गम्भिर चासो आदिको चित्रण उपन्यासमा गरिएको छ । समाजमा रहेका कमी कमजोरी र राष्ट्रमा रहेका यावत् पक्षमाथि व्यङ्ग्य प्रहार पनि भएको छ । धर्म संस्कृति रीतिरिवाज, इतिहास, समाज आदिको चित्रण उपयुक्त भाषाशैलीले उपन्यास जीवन्त बनेको छ । उपन्यास पढ्न र बुझ्नका लागि कुनै बौद्धिक कसरतको आवश्यकता पर्दैन । सामान्य स्तरका पाठकले पनि उपन्यासको गहिराइलाई सहजै ठम्याउन सक्दछ । उपन्यासमा नेपाली ग्रामीण र तत्कालीन परिवेशको बोलचालको (कथ्यस्तरको) सरल भाषको प्रयोग गरिएको छ । तत्सम, तद्भव र आगन्तुक शब्द अनि विभिन्न किसिमका उखान, टुक्का, सुक्ति आदिको अलङ्कारमय भाषा र वर्णनात्मक शैलीले उपन्यासलाई काव्यात्मक बनाएको छ ।

यसरी भीमनिधि तिवारीको साहित्यिक चिनारी दिई साहित्यिक परिचयको क्रम निरन्तर अगाडी बढाई उपन्यासमा सामाजिकताका सूचकहरूलाई सैद्धान्तिक आधार बनाएर कृतिको अध्ययन विश्लेषण गरी सामाजिकता खोजिएको छ । नेपाली साहित्यको भण्डार भर्ने तिवारीले आफ्नो उपन्यासमा समाजका यथार्थ विषयवस्तुलाई समेटेर सामाजिक यथार्थवादमा रहेर कथ्यस्तरको सरल, सहज भाषा शैलीको प्रयोग गरेका छन् । किसान परिवारको सुख दुःख को कथा, मेलापात, घाँस, दाउरा, घरायसी कामकाज, नोकरी गरेर जीवनयापन गर्नुपर्ने, वस्तुभाउ पालेर जीवन धान्ने समाज, उद्योग व्यवसाय सञ्चालन गरी जीविकोपार्जन गर्ने समाज, प्रजातन्त्र प्राप्त भएपनि शोषक र सामन्ती अवशेष ध्वस्त

नभएको समाज अनि राणाकालीन सामाजिक परिवशेलाई ऐना बनाएर इतिवृत्त प्रस्तुत गरेकाले यो उपन्यास पूर्णतः सामाीजक उपन्यास हो ।

## सम्भावित शोधशीर्षकहरू

(क) भीमनिधि तिवारीको उपन्यासमा पात्रविधान

(ख) भीमनिधि तिवारीको उपन्यासमा व्यङ्ग्यात्मकता

# सन्दर्भ सामग्रीसूची


अधिकारी, गोपालप्रसाद शर्मा (२०५६), *भीमनिधि तिवारी र उनको कवित्वको विवेचना,* प्रथम संस्क., ललितपुरः साझा प्रकाशन ।

अधिकारी, रेशराज र बालकृष्ण खत्री (२०६०), *समाजशास्त्र र मानवशास्त्रको सामान्य परिचय,* तेस्रो संस्क, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, रेशराज (२०६७), *समाजशास्त्रर मानवशास्त्रको परिचय,* बाह्रौ संस्क. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, सम्झना (२०७१), *इन्साफ उपन्यासमा विधातात्विक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

आचार्य, बलराम (२०५७), *विकास र सामाजिक-सांस्कृतिक परिवर्तन प्रतिको अवधारणा,* दोस्रो संस्क. काठमाडौँ : न्यूहिरा इन्टरप्राइजेज ।

........... (२०६०), *सामाजिक संस्था र प्रक्रियाको समाजशास्त्रीय विश्लेषण,* तेस्रो संस्क, काठमाडौंः नेशनल बुक सेन्टर ।

ढकाल, शान्तिप्रसाद (२०६४), *प्रायोगिक भाषाविज्ञान,* पाँचौ संस्क, काठमाडौंः शुभकामना बुक्स एन्ड स्टेसनरी ।

तिवारी, भीमनिधि (२०६८), *इन्साफ* पाँचौं संस्क, ललितपुर : साझा प्रकाशन ।

थपलिया, रती (२०७१), *लीलाध्वज थापाको मन उपन्यासमा सामाजिकता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

पौडेल, नेत्र प्रसाद (२०६४), *नेपाली भाषाशिक्षण,* प्रथम संस्क, काठमाडौंः पैरवी प्रकाशन ।

........ (२०६५), *सामान्य र प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : पैरवी प्रकाशन ।

पौड्याल, रबिन (२०७१), *केशवराज पिँडालीका उपन्यासमा सामाजिकता,* अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

पौड्याल, विष्णुप्रसाद (२०६८), *भीमनिधि तिवारीको उपन्यासकारिता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

प्रधान, कृष्णचन्द्र सिंह (२०६१), *नेपाली उपन्यास र उपन्यासकार,* तेस्रो संस्क, ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६३), *उपन्यासको सौन्दर्यशास्त्र,* दोस्रो संस्क, ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एट्म (२०६६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* तेस्रो संस्क, ललितपुर : साझा प्रकाशन ।

भट्टराई, घटराज (२०५०), *भीमनिधि : व्यक्ति र कृति,* दोस्रो संस्क, ललितपुर : साझा प्रकाशन ।

भण्डारी, कृष्णप्रसाद (२०५८), *समाजशास्त्र र मानवशास्त्रको परिचय,* पहिलो संस्क. काठमाडौँ : एक.के. पब्लिशर्स एण्ड डिस्ट्रीब्युटर्स ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९), *नेपाली उपन्यासको इतिहास,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, पवित्रादेवी (२०६६), *भीमनिधि तिवारीको अध्ययन परम्परा,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६७), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* तेस्रो संस्क, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०६४), *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,* दोस्रो, संस्क. ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०३२), *नेपाली कविताको सिंहावलोकन,* दोस्रो संस्करण, काठमाडौं : साझा प्रकाशन ।

……………… (२०६५), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २,* पाँचौ संस्क, ललितपुर : साझा प्रकाशन ।